# परिच्छेद एक

## १. परिचय

### १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'अनौपचारिक शिक्षा पाठ्यपुस्तक **'गाउँबेसी भाग २ :** एक अध्ययन ।

### १.२ शोधप्रयोजन

यो शोधपत्र त्रि. वि. शिक्षाशास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको मलबिषय नेपालीको पाठ्याशं ५९८ को आँशिक आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ शोध समस्या

हरेक साहित्यिक गैर साहित्यिक तथा भाषिक प्राविधिक ज्ञान र सीप शिक्षणको माध्यम भाषा हो । भाषाका माध्यमबाट मानिसका विचारहरुको आदान प्रदान र भाव अभिव्यक्ति हुन्छ । यी सबै कुराको सिकाइ औपचारिक र अनौपचारिक हुन्छ । औपचारिक शिक्षाको सुविधा लिन नसक्नेहरुका लागि अनौपचारिक शिक्षा व्यवस्थाबाट पनि ज्ञान र सीपका आबश्यकताहरुको पूर्ति गर्न सकिन्छ । पूर्तिका क्रममा निर्धारित पाठय्क्रम र निर्मित पाठ्यपुस्तकहरुको विशिष्टता र उपयोगिता पनि अध्ययन र विशलेषणका विषय बन्न सक्दछन् । अन्यत्र जस्तै नेपालमा पनि विगत केही वर्षबाट । अनौपचारिक शिक्षाबाट पनि समाजको निरक्षरतालाई हटाउनका लागि पाठ्यकमको तर्जुमा गरी पाठ्पुस्तकका रुपमा गाउँबेसी भाग २ समेतको प्रयोग गरिएको छ । यस भागमा रहेका विषय वस्तुहरूको भाषिक शैक्षणिक अध्ययन कममा निम्नलिखित समस्याहरू रहेका देखिन्छन् ।

क) अनौपचारिक शिक्षा पाठ्यकम र प्रस्तुत पाठ्यपुस्तक बीच रहेको सम्बन्धको उपयुक्तता के कस्तो छ ?

ख) अनौपचारिक शिक्षा केन्द्रद्वारा वितरित महिला साक्षरता, दोस्रो तहको पाठ्यकम तथा पाठ्यसामग्रीको स्तरीयता कस्तो छ ?

ग) पाठ्यपुस्तकको निर्माण पाठ्यकम अनुरुप छ वा छैन ?

घ) भाषिक सिकाइ तथा अन्य पाठहरूको निर्माण पक्ष कस्ता छन् ?

ङ) प्रौढहरूको उमेरगत आवश्यकताका आधारमा पाठ्यसामग्री उपयुक्त छन वा छैनन् ?

च) उमेर, रुचि र मानसिक स्तर अनुसार पाठ्य सामग्री प्रभावकारी छन् वा छैनन् ?

## १.४ शोधको उद्देश्य

औपचारिकमा जस्तै अनौपचारिक शिक्षणको पनि लक्षित समूह र उद्देश्य निश्चित हुन्छन् । उद्देश्य अनुसार पाठ्यक्रम र पाठ्यपुस्तक एक अर्काबीचको अन्तरसम्बन्ध राख्ने विषयवस्तु भएकाले यसका अन्तरनिहित पक्षरूमा के कति मात्रामा समन्वयन राख्न सकिएको छ ? यसबाट लक्षित समूहमा अपेक्षा गरिएको उपलब्धि के कति मात्रामा हासिल हुन सकेको छ वा छैन ? भने यसका कारणहरु के हुन ? यी सवै थाहा पाउन शैक्षणिक अनुसन्धानको सामान्य उद्देश्य नै हो । प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

१) अनौपचारिक पाठ्यसामग्रीको शिक्षा कार्यक्रम अन्तर्गतको माध्यमिक तहमा पढाइने गाउँवेसी भाग २ अनुरुपताका दृष्टिले मूल्याङ्कन गर्नु ।

२) अनौपचारिक शिक्षा अर्न्तगत मध्यम तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक बीचको अन्तरसम्बन्ध पत्ता लगाउनु ।

यिनै समस्याहरुलाई मध्यनजर गरी निर्धारित पाठ्पुस्तकको शैक्षणिक उपयोगिताको अध्ययन विश्लेषण गर्नु प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य रहेको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपालमा अनौपचारिक शिक्षा कार्यक्रमले दशकौं पार गसिकेको भएता पनि यस सम्बन्धमा पर्याप्त शोध अध्ययन भएको पाइँदैन । यस सम्बन्धमा विशेषत अनौपचारिक शिक्षाको पाठ्यक्रम र नेपाली पाठ्यपुस्तक सम्बन्धमा विधावारिधि गरेको र स्नातकोत्तर शोधपत्र प्रस्तुत गरेको पाईदैन । अनौपचारिक शिक्षा केन्द्रको सामान्य अध्ययन, परिचय, पाठ्यक्रम, राखिएता पनि त्यसको गहन अध्ययन र विश्लेषण गरिएको पाईदैन । अनौपचारिक शिक्षाको पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक तयार भए पनि तिनीहरूको स्तर वा मेलको अवस्था कस्तो छ भन्ने कुराको गहन अध्ययन गरी हेरिएको पाइँदैन । वैदेशिक संघ संस्थाको सहयोगमा नेपालमा जे जति मात्रामा सामग्रीहरू उपलब्ध भएका छन् ती सबै प्राय गरी अनौपचारिक शिक्षा केन्द्रबाट मात्र प्रकाशित भएको देखिन्छ ।

अनौपचारिक शिक्षा सम्बन्धी चासो राखी आधिकारिक रूपमा सर्वप्रथम बनेको नेपालको शिक्षा आयोग वि. सं. २०१०–२०११ आयोग हो । यसले पनि सटीक रूपमा अनौपचारिक पाठ्यक्रम र पाठ्यपुस्तकको खाका कोर्न सकेन । यसपछि सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन (२०१८) प्रकाशित भयो । यस प्रतिवेदनमा अनौपचारिक तहको पाठ्यक्रम र पाठ्यपुस्तकका विषयवस्तु समावेश हुन सकेनन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले अनौपचारिक शिक्षा सम्बन्धी केही नयाँ विचार सहित आफ्नो अवधारणा प्रस्तुत गर्‍यो । आफ्नो कार्य पूरा गर्न नपाउँदै यसको पनि अन्त्य भयो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले अनौपचारिक शिक्षा सम्बन्धी केही नयाँ नीति र कार्यक्रमहरू आफ्नो प्रतिवेदनमा समावेश गर्‍यो तर त्यसमा कस्ता विषयवस्तु वा पाठ्यक्रमको समावेश भएको छ ? भनी विश्लेषण गरेन । उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ को सिफारिसले अनौपचारिक शिक्षा सम्बन्धी केही फराकिलो दायरा लियो । अनौपचारिक शिक्षाका विषयलाई सुझावहरू प्रस्तुत गर्‍यो । यसले गर्दा अनौपचारिक शिक्षाका विषयवस्तु र पाठ्यक्रमहरू विकसित हुँदै जाने मौका पायो । यसरी विभिन्न किसिमका आयोगमा अनौपचारिक शिक्षा सम्बन्धी विषयवस्तुहरू (अवधारणाहरू) प्रस्तुत गरिए पनि पाठ्यक्रम र पाठ्यपुस्तक बीचको तुलनात्मक अध्ययन भने हुन सकेकको स्थिति देखिदैन ।

अनौपचारिक शिक्षा एक चिनारी (२०६३) मा नेपालको अनौपचारिक शिक्षा यसका उद्देश्यहरू र कार्यक्रमको बारेमा सामान्य परिचय सहित यसका केही पक्षहरूलाई अगाडि ल्याउने काम भएको छ । अर्न्तराष्ट्रिय साक्षरता दिवसको सुअवसरमा साक्षरता विशेषाङ्क ( २०६३) अनौपचारिक शिक्षा केन्द्रबाट प्रकाशित गरी अनौपचारिक शिक्षाको परिचय अवधारणा, कार्यक्रम, सामग्री, नीति र कार्यक्रमहरू, महिला साक्षरताका समस्या र समाधानको आवश्यकता आदि विषयहरू समावेश गरी प्रकाशित गरियो जसले गर्दा अनौपचारिक शिक्षा अर्न्तगत महिला साक्षरता जागरणका अभियानहरू कार्यक्रमका साथमा अघि बढ्यो । यसले अनौपचारिक शिक्षाका कार्यक्रमहरूलाई अझ सुदृढ र सही ढंगले कार्यान्वन गर्न सक्षम बनायो ।

अनौपचारिक शिक्षा केन्द्रकै सहयोगमा अन्य बैदेशिक संघ संस्थाअरूको संलग्नता रही अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनमा ल्याउन थप सहयोग पुगेको छ । साक्षरता अनुगमन प्रतिवेदन (२०६३) र सबैका लागि शिक्षा कार्यक्रम (२०६३) आयो । सबैका लागि

शिक्षा कार्यक्रम र सामुदायिक अध्ययन केन्द्र सञ्चालन निर्देशिका (२०६३) मा अनौपचारिक शिक्षा सम्बन्धी केही अध्ययन तथा विश्लेषणहरू भएका छन् ।

यसका अतिरिक्त अन्य पत्रपत्रिकाहरूमा पनि अनौपचारिक शिक्षाको चर्चा परिचर्चा गरिएको छ । अन्तराष्ट्रिय शैक्षिक मञ्चका अङ्कहरूमा पनि शिक्षा विदहरूबाट केही मात्रामा अनौपचारिक शिक्षाका विषयहरूमा विश्लेषण गरिएको पाइन्छ । कक्षा ९, १०, ११ र १२ मा अनौपचारिक शिक्षा सम्बन्धी पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश गरिएको छ । नेपालको परिप्रेक्ष्यमा अनौपचारिक शिक्षाको आवश्यकतालाई त्यति सिमित घेरामा राखेर अध्ययन अनुसन्धान गरिए पनि बृहत् रूपमा त्यसलाई केलाएको देखिंदैन । यस शोधमा अनौपचारिक शिक्षाको पाठ्क्रम अनुरुप गाउँबेसी भाग २ को पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तु स्तर अनुकूल छन् वा छैनन् ? उद्देश्य कस्ता छन् ? पाठ्यक्रम तथा पाठ्यपुस्तक बीचको सम्बन्ध कस्तो छ ? यी विषयको अध्ययन विश्लेषण गरी निष्कर्ष निकाल्नु आवश्यक देखिएको छ ।

विगतका तुलनामा हालका दिनहरुमा अनौपचारिक शिक्षाको अध्ययन विश्लेषणले केही प्राप्ति गर्न लागेको भएता पनि पाठ्यक्रमको आधारमा पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तुसँगको अन्तरसम्बन्ध र विषयवस्तुको अध्ययन अनुसन्धान अझै स्पष्ट भएको छैन । त्यसैकारणले सीमित रुपमै भएपनि यस शोध पत्रमा अनौपचारिक पाठ्यक्रममा गाउँबेसी भाग २ को विश्लेषणात्मक अध्ययनले अनौपचारिक शिक्षाको अध्ययन अध्यापनमा थप सहयोग पुर्‍याउने विश्वास गरेको छ ।

## १.६ अध्ययनको औचित्य तथा महत्व

अनौपचारिक शिक्षाको आवश्यकता बोध, योजना र कार्यान्वयनको इतिहास झण्डै साठी वर्षको भैसकेको छ । यस बीच साक्षरता प्रतिशत र गुणात्मकता जस्ता अपेक्षित उपलब्धिहरुभने पर्याप्त मात्रामा उपलब्ध देखिंएको छैन । यसका योजना, कार्यक्रम, साधन, सामग्री र उपयोगका क्षेत्रमा आबश्यक शोध अनुशन्धान पनि हुन सकेको पाइँदैन । पाठ्यक्रम र पाठ्यपुस्तकको स्तर र उपयोगिता सम्बन्धमा पनि पर्याप्त ध्यान दिन सकेको पाइँदैन । अनौपचारिक शिक्षाको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुरू पाठ्यपुस्तकमा समाविष्ट सामग्रीहरू समयसापेक्ष हुनु आवश्यक छ । प्रौढ शिक्षा र साक्षरता स्वयंममा एक समय सापेक्ष्य र मुलुकको अवस्था सापेक्ष कुरा हो । यस्तो कार्यक्रमले मुलुकका लागि अत्यावश्यक

जनशक्ति निर्माणमा सघाउ पुऱ्याएको हुनुपर्छ । शिक्षा औपचारिक होस् या अनौपचारिक त्यसको  उद्देश्य समय सचेत र दक्ष जनशक्तिको निर्माण गर्नु नै हो । शिक्षामा कस्ता प्रकारका पाठ्यसामग्रीको आवश्यकता पर्दछ भन्ने कुरालाई पाठ्यक्रम निर्माताले गहिरिएर अध्ययन गर्नु पर्ने हुन्छ । पाठ्यक्रम, र पाठ्यपुस्तक कुनै पनि मुलकुको तात्कालिक वातावरण परिस्थिति, सामाजिक, साँस्कृतिक, आर्थिक आवश्यकता र रुचिसँग मेल खाने हुनु पर्दछ । यसका लागि समयसमयमा शोध खोज र अनुसन्धानको आवश्यकता पर्छ आज सम्म त्यस्तो अनुसन्धान हुन नसकेको परिप्रेक्ष्यमा प्रस्तुत सोधको औचित्य स्वतः सिद्ध छ ।

प्रस्तुत अध्ययनबाट अनौपचारिक शिक्षामा निर्धारित पाठ्यक्रम अनुसार निर्धारित महिला गाँउबेसी भाग २ को स्तर अनुकूलता र शैक्षणिक उपयोगिता पहिचान गरिने छ । निर्धारित तहको पाठ्यक्रमको  सामान्य परिचय एवम् पाठ्यपुस्तकको परिचयकासाथ ती दुई बीचको सम्बन्ध केलाउन सकिने हुँदा अनुसन्धानमा यसको औचित्य रहने छ । प्रौढहरूको रुचि, क्षमता, स्तर, पूर्वज्ञान आदिका आधारमा पाठ्यपुस्तकहरू तयार भएका छन् वा छैनन् ? भन्ने कुराको आँकलन गर्न सकिने हुँदा यस्ता अध्ययनको महत्व रहनेछ । पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरूमा रहेका सवल तथा दुर्बल पक्षहरूको पहिचान गरी सुझाब प्रस्तुत गर्न पनि यस्ता अध्ययनबाट मार्गदर्शन मिल्न सक्छ ।

आजको विकसित चिन्तन परिप्रेक्ष्यमा साक्षरताको पनि आफ्नै परिभाषा छ, किसिम छ । प्रस्तुत  अनौपचारिक शिक्षा कार्यक्रम र निर्धारित पाठ्यसामग्रीबाट कस्तो साक्षर बनाउने र जनशक्तिका दृष्टिले ती साक्षरहरु कहाँ फिट हुन सक्छन् ? यी यस्ता प्रश्नहरुको पनि उत्तर खोज्नु पर्ने अवस्था छ । सामान्यतः   अनौपचारिक शिक्षाबाट साक्षर बनाउन सोही अनुसारको पाठ्यपुस्तकमा   समावेश गरिएका विषयवस्तु स्तर अनुसारको अटाउन खोज्नु राम्रो मानिन्छ । पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तुहरू पढ्दा पढूँ पढूँ लाग्ने सिकूँ सिकूँ लाग्ने साथै महिलाहरूको ध्यान एकीकृत गर्ने किसिमका विषयवस्तुहरूको प्रयोग हुनु वाञ्छनीय हुन्छ । यस अध्ययनले अनौपचारिक पाठ्यक्रममा निर्धारित पाठ्यपुस्तक प्रयुक्त भएका विषयवस्तहरूले कतिको रुचि जगाउन सक्षम भएको छ ? महिलाहरूको सीप विकासमा मद्दत पुऱ्याउने खालको छ कि छैन ? स्तरानुकूल छ कि छैन ? भन्ने कुराको अध्ययन गरी गाउँबेसी भाग २ पाठ्यपुस्तकले पस्कन खोजेको बौद्धिकता, स्तरीयताका सम्बन्धमा यस शोध प्रस्तावले प्रष्ट्याउने छ ।

## १.७ अध्ययनको विधि र प्रक्रिया

यस प्रस्तुत अध्ययन पुस्तकालयीय विधिका आधारमा अघि बढाइने छ। अध्ययनमा अनौपचारिक शिक्षा पाठ्यक्रम र गाउँबेसी भाग २ महिला साक्षरता पाठ्यपुस्तकलाई मूल सामग्रीको रूपमा लिइएको छ। पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको स्थिति कस्तो छ ? अभ्यास कति व्यवहारिक र उपयोगी छन् ? स्तरण र छोनोटका आधारमा प्रयुक्त विषयवस्तु कस्ता छन् ? यिनै प्रश्नहरुका आधारहरूमा यो अध्ययन गरिएको छ । यस अध्ययनमा निम्नलिखित सामग्रीहरूको छनोट गरी व्याख्या विश्लेषण अगाडि बढाइएको छ।

क) अनौपचारिक शिक्षाको पाठ्यक्रममा आधारित महिला साक्षरता कार्यक्रम अर्न्तगतको गाउँबेसी भाग २ पाठ्यपुस्तक अन्तरगतका विषयवस्तुहरूलाई मुख्य सामग्री बनाइएको छ।

ख) पाठयक्रममा निर्धारित पाठ्यपुस्तकको अध्ययन गर्नुकासाथै विषयवस्तु अथवा पाठहरुको व्याख्या विश्लेषण गरिएको छ।

## १.८ अध्ययनको सीमा

क) प्रस्तुत शोध नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्रकाशित अनौपचारिक शिक्षा पाठ्यक्रम अन्तर्गतको पाठ्यपुस्तक गाँउबेसी भाग २ को भाषिक तथा शैक्षिक पक्षमा मा मात्र सीमित रहने छ।

ख) यस अध्ययनले पाठ्यक्रम अनुसार पाठ्यपुस्तकमा गरिएका विषयवस्तुलाई मात्र समेट्ने छ।

## १.९ शोध पत्रको रुपरेखा :

यस अनुशन्धानलाई छ, भागमा विभाजन गरिने छ। ती परिच्छेदहरुलाई विभिन्न शीर्षक उपशीर्षक सहायक शीर्षकमा विभाजन गरिएका छन्। शोध पत्रको रुपरेखा निम्नानुसार रहेको छ।

**परिच्छेद एक :**

यस परिच्छेदमा शोधपत्रको परिचय, शोधशीर्षक, शोध प्रयोजन, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य तथा महत्व, अध्ययनको विधि र प्रक्रिया,अध्ययनको सीमा, आदिलाई समावेश गरिएको छ ।

**परिच्छेद दुई :**

यस परिच्छेदमा ऐतिहासिक परिप्रेक्ष्यमा अनौपचारिक शिक्षा, परिचय र इतिहास अनौपचारिक शिक्षाको विकासक्रम, अनौपचारिक र औपचारिक शिक्षामा भिन्नता, अनौपचारिक शिक्षाको केन्द्रको परिचय, अनौपचारिक शिक्षा केन्द्रको उद्देश्य, अनौपचारिक शिक्षा विकास केन्द्रको साँगठनिक स्वरुप, अनौपचारिक शिक्षाका प्रमूख कार्यक्रमहरु,(२.६१-२.६.८) अनौपचारिक शिक्षाको उदेश्य, नेपालमा अनौपचारिक शिक्षाको महत्व, विभिन्न आयोगको प्रतिवेदनमा अनौपचारिक शिक्षा र शिक्षा नियमावली २०५९ मा अनौपचारिक शिक्षा जस्ता शीर्षक उपशीर्षकहरु समावेश छन् ।

**परिच्छेद तीन :**

यस परिच्छेदमा नेपालमा अनौपचारिक शिक्षा अन्तर्गत स्थिति र र विकास, अनौपचारिक शिक्षा पाठ्यक्रमको ढाँचामा, आधारभुत पाठ्यक्रम, मध्ययम तहको पाठ्यक्रम स्वाध्ययन तहको पाठ्यक्रम, जस्ता उपशीर्षक सहित, अनौपचारिक शिक्षा पाठ्यक्रमको विश्लेषणत्मक अध्ययन (३.३.१ - ३.३.३), अनौपचारिक पाठ्यक्रमको मध्यम तहमा भाषिक सीप, अनौपचारिक शिक्षा अन्तर्गत महिला शिक्षा शीर्षकहरुलाई समावेश गरिएको छ ।

**परिच्छेद चार :**

यस परिच्छेदमा साक्षरता कार्यक्रम दोस्रो तहको पाठ्यपुस्तक, गाउँवेसी भाग दुईको विश्लेष्णात्मक अध्ययन पृष्ठभूमि, गाउँवेसी पाठ्पुस्तकमा राखिएका विषयवस्तुको अध्ययन, र गाउँवेसी भाग दुईमा प्रस्तुत प्रत्येक पाठहरुको (४.२.१-४.२.१७.२) भाषिक शैक्षणिक उपयोगिताको आधारमा विभिन्न उपशीर्षकहरु राखेर अध्ययन विश्लेशण गरिएको छ । साथै छनोट र स्तरणका आधारमा गाउँवेसी भाग दुई मुख्य शीर्षक अन्तर्गत, गाउँवेसी

पाठ्यपुस्तकमा राखिएका विषयवस्तुको छनोट, गाउँवेसी पाठ्यपुस्तकको विषयवस्तु स्तरण जस्ता उपशीर्षकहरु समावेश छन् ।

**परिच्छेद पाँच :**

यस परिच्छेदमा अनौपचारिक कक्षा शिक्षा सञ्चालन पृष्ठभूमि, विद्यालय कक्षा सञ्चालन अध्ययन, विद्यालयमा अध्ययनरत छात्राहरुको अध्ययन प्रक्रिया सम्वन्धी अध्ययन शीर्षकहरु समावेश छन् ।

**परिच्छेद छ :**

यस परिच्छेदमा निष्कर्ष तथा सुझाव, अन्तर्गत गाउँवेसी पाठ्यपुस्तकको आन्तरिक तथा वाह्य पक्षको अध्ययन गरी समग्र शोधको निष्कर्ष प्रस्तुत गर्दै आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ । र अन्त्यमा सन्दर्भ सामग्री र शोधपत्रमा आवश्यक परिशिष्ट पनि समावेश गरिएका छन् ।

# परिच्छेद दुई

## २ ऐतिहासिक परिप्रेक्ष्यमा अनौपचारिक शिक्षा

### २.१ परिचय र इतिहास

शिक्षाको सामान्य अर्थ सिक्नु हो । प्रचलित मान्यता अनुसार शिक्षा भन्नाले कुनै पनि ज्ञान वा वस्तु वारेको शिक्षण सिकाइ भन्ने बुझिन्छ । शिक्षा औपचारिक तथा अनौपचारिक दुबै हुन सक्छन । सामान्यतया शिक्षा भन्नाले औपचारिक शिक्षालाई जनाउँछ । व्यापक रूपमा औपचारिक तथा अनौपचारिक एवम् अनियमित सिकाई अनुभवलाई शिक्षा भनिन्छ । अनौपचारिक शिक्षा पनि व्यवस्थित शिक्षा अर्न्तगत नै पर्दछ । शिक्षा पद्धतिलाई हेर्दा व्यवस्थित र अव्यवस्थित पद्धति पर्दछन् । व्यवस्थित शिक्षा अर्न्तगत औपचारिक र अनौपचारिक शिक्षा पर्दछन् भने अव्यवस्थित अर्न्तगत यी वाहेकका शिक्षाहरु पर्दछन् । सामान्य रूपले विद्यालय व्यवस्था बाहिर निर्दिष्ट उद्देश्यहरू प्राप्त गर्नका निमित्त निर्माण गरिएको पाठ्यक्रमका आधारमा व्यवस्थित ढङ्गबाट सञ्चालन गरिएको शिक्षालाई नै अनौपचारिक शिक्षा भनिन्छ ।[1]

निरक्षरता उन्मूलन सम्बन्धी विश्वसम्मेलन सन् १९६५ ले साक्षारता अर्न्तगत पढ्ने लेख्ने कुराको प्रारम्भिक साधारण ज्ञानमात्र होइन कामका लागि तालिम, उत्पादकत्व बढाउने, ज्ञान र सीप आर्जन गर्ने, नागरिक जीवनमा उल्लेख्य सहभागिता एवम् समकालीन विश्वको जानकारीका साथै आधारभूत मानव संस्कृतिको उजागर गर्ने कुराको आवश्यक जानकारी पाउने अवसर प्रदान गर्नु पर्छ भन्ने मान्यता राखेको छ । यसले एउटा साक्षर व्यक्तिले सामान्य लेखपढ गर्ने मात्र नभई काममा दक्षता ल्याई उत्पादकत्व बढाउन सक्नु पर्ने कुरालाई लिएको छ । अनौपचारिक शिक्षा पद्धति निरक्षर व्यक्तिहरूमा दक्षता अभिबृद्धि गर्नका लागि अपनाइने शिक्षाको एउटा माध्यम हो । निरक्षरतालाई साक्षरताको शिक्षा दिन अवलम्बन गरिदैं आएको शैक्षिक पद्धतिलाई अनौपचारिक शिक्षा भन्ने गरिन्छ ।[2]

अनौपचारिक शिक्षा सन् १९१९ मा ए. एल. स्मीथद्वारा प्रौढ शिक्षाको अवधारणाबाट आएको हो । वैकल्पिक अवधारणा अनुसार अनौपचारिक शिक्षाको आरम्भ भयो । संयुक्त राष्ट्र संघले युनेस्को मार्फत सन् १९४६ देखि निरक्षताको विरुद्ध साक्षरता अभियानको

---

[1] डा. मन प्रसाद वाग्ले, शिक्षाको प्रारम्भिक परिचय २०५६ पृष्ठ २१८

[2] सल्लाकार बुनु श्रेष्ठ, साक्षारता विशेषाङ्क, २०६३, पृष्ठ ८०

कदम चलायो । युनेस्कोको सहायताले विश्वमा साक्षरताको विस्तार दुई किसिमले हुन थाल्यो । पहिलो प्राथमिक स्कुलबाट बालबालिकालाई साक्षर बनाएर दोस्रो प्रौढ शिक्षाबाट प्रौढलाई साक्षर बनाएर अगाडि बढ्यो । अनौपचारिक शिक्षा मानिसको जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । यो शिक्षा व्यवस्थामा खुला प्रवेश र समय सापेक्ष हुन्छ । थोरै समयमा उपलब्धिमूलक सीप सिकाइने उपयोगी किसिमले यसको निर्माण गरिन्छ । अनौपचारिक शिक्षा आर्थिक सामाजिक अन्य कारणले विद्यालय शिक्षा प्राप्त गर्न नसकेका विभिन्न उमेर, वर्ग, जात, धर्मका मानिसलाई समानताको आधारमा जीवन उपयोगी शिक्षा प्रदान गर्ने एक व्यवस्था हो । अनौपचारिक शिक्षाको परिभाषा विभिन्न विद्वानहरूले आ-आफ्नै प्रक्रियाले दिएका छन् । जसमा शिक्षाविद् पी. एच. कुम्बस र मन्सुर अहमद्ले 'अनौपचरिक रूपले संगठित शिक्षा प्रणाली भन्दा बाहिर सञ्चालन गरिएको कुनै पनि सुव्यवस्थित कार्यक्रमलाई अनौपचारिक शिक्षा पद्धति भनिन्छ' । जसले खास किसिमका सिकारु वर्गका सिकाइ आवश्यकता पूर्ति गर्ने ध्येय राख्दछ ।[3] यसरी परिभाषा दिने क्रममा सन् १९४९ मा डेनमार्कले प्रौढ शिक्षालाई विशेष महत्व दिएको छ भने १९६१ मा राष्ट्र संघको महाधिवेशनमा साक्षरता बारे एक मूल्याङ्कन प्रतिवेदन पेश भई साक्षरताका साथै व्यवहारिक र्कामूलक प्रौढ शिक्षको कमी विषयमा छलफल गरियो । सन् १९६२ कम इटालीमा उल्ला कन्फरेन्स र पेरिसको एक अर्न्तराष्ट्रिय साक्षरता विशेषज्ञहरूको अधिवेशनले दिएको परिभाषा होस् या सन् १९६४ मा पेरिसमा राखेको प्रस्ताव होस् सबैले विश्वका निरक्षर प्रौढहरूलाई साक्षर गराउने काममा प्रत्येक देशको विकास योजनाको एक अभिन्न अङ्ग हुनु पर्ने र त्यो अनौपचारिक शिक्षा व्यवहारिक र उपयोगी हुनु पर्ने कुरालाई अगाडि ल्यायो । अनौपचारिक शिक्षाको परिभाषा कै क्रममा वरिष्ट शिक्षाविद् पाउलो फेरेका अनुसार शिक्षा पद्धतिमा शिक्षक, विद्यार्थी, गुरु चेला भन्ने सम्बन्ध रहदैन, सिक्ने र सिकाउने बीचमा एक अर्काले जानेका कुरा आदनप्रदान गरी सिकाउनु पर्छ, भन्ने अवधारणा सहित, सिकारुहरूको सुषुप्त प्रतिभाको कदर गरी उनीहरूकै ईच्छा र आवश्यकता अनुरुप एक आपसमा सिक्ने सिकाउने प्रक्रिया नै अनौपचारिक शिक्षा हो भनेका छन् ।[4]त्यसैले अनौपचारिक शिक्षालाइ संरचनाको हिसाबले तहगत र श्रेणीवद्ध रूपमा देख्न पाइदैन । त्यसैले यस शिक्षालाई समसामयिक शिक्षा पनि भनिन्छ । साथै यो शिक्षा औपचारिक शिक्षाको विकल्प मात्र नभएर सहयोगी शिक्षा पनि हो, किन कि यो शिक्षा औपचारिक शिक्षा

[3] डा. मनप्रसाद वाग्ले, शिक्षाको पांरम्भिक परिचय, २०५६,पृष्ठ २१९

[4] देवकुमार बराल र अन्य, वि.नि. प्रतियोगिता दिग्दर्शन काठमा(डौं, मकालु बुक्स स्टेशनरी (२०६०) पृष्ठ २०९

जस्तै उद्देश्यपूर्ण, सक्रिय रूपमा संगठित र व्यवस्थित हुने गर्दछ । यसले सिक्ने व्यक्तिको पूर्वज्ञान र अनुभवको प्रयोग गरी उसको तात्कालीन आवश्यकताहरू परपूर्ति गर्ने गर्दछ । अनौपचारिक शिक्षा साधनका रूपमा साक्षरता सिकाइको र सञ्चारको सशक्त माध्यम हो, देश विकासको सहायक हो व्यक्तिका लागि सशक्तीकरणको महत्वपूर्ण उपाय हो । व्यक्तिकै लागि जीवन व्यापी शिक्षाको निम्ति प्रारम्भिक खुड्किलो पनि हो ।

## २.२ अनौपचारिक शिक्षाको विकासक्रम

बीसौं शताब्दीको प्रारम्भमा रुस विश्वको सर्वाधिक निरक्षरहरू रहेको विशाल मुलुक थियो । निरक्षरताको प्रतिशत लगभग ९० थियो । सन् १९१७ पछिको कम्युनिष्ट सरकारले रुसमा शिक्षाको क्रान्तिकारी अभियान चलायो, यो अभियान गाउँ गाउँ बस्ती बस्ती र व्यारेक व्यारेकसम्म पनि पुग्ने अभियान थियो । शिक्षामा अनिवार्यता र निशुल्कताको व्यवस्था गरेर माध्यमिक स्तर सम्मको शिक्षा विकासलाई तीब्र गति दिइयो । शिक्षा बञ्चित तथा प्रौढहरूका लागि कार्यक्रमहरू बनाएर सोभियत सरकारले ठाउँ र आवश्यकता अनुरुप सन्ध्याकालीन, अल्पकालीन, अंशकालीन र विभिन्न किसिमका कक्षाहरू सञ्चालन गर्‍यो र कृषि तथा औद्योगिक, व्यापारिक र व्यावसायिक संस्थाहरूले आफ्नो आफ्नो क्षेत्रमा प्रौढ शिक्षा व्यवस्थाको उत्तरदायित्व बहन गरे । कति संस्थाले आफ्नो व्यवसायिक दक्षताका कारण सामान्य शिक्षाको पनि व्यवस्था गरे । यस्ता शिक्षा कार्यक्रम अन्तर्गत कति कक्षाहरू प्रतिहप्ता ४-५ घण्टा मात्र चल्ने पनि थिए । ठूला-ठूला सहरमा शिक्षा विभाग र स्थानीय सन्ध्याकालीन विश्वविद्यालयहरूले ५ वर्षीय शिक्षा कार्यक्रम सञ्चालन गरे । कति स्थानीय परिषद्हरूले प्रौढ शिक्षा सम्बन्धी योजनाहरू बनाएर कार्यान्वन गरे । सामान्य विश्वविद्यालय व्यवस्थाले पनि प्रौढहरूका लागि व्याख्यानहरू तयार गरेर प्रसारण गरे ।

आइतबारे विश्वविद्यालयको व्यवस्थापन गरेर पनि प्रौढ शिक्षा कार्यक्रमहरू सञ्चालन गरियो ।[5] यतिबेला विविध साँस्कृतिक शिक्षा केन्द्र नाट्यशालाहरू, क्लब र संगठित गोष्ठीहरू प्रौढहरू तथा शिक्षा वञ्चित किशोर किशोरीहरूलाई ज्ञान र मनोरञ्जन प्रदान गर्न लागि परे । थुप्रै सार्वजनिक क्लब सार्वजनिक पुस्तकालय, नाट्यशाला, राजनीतिक, शैक्षिक र आर्थिक सूचनाहरू वारे सम्बन्धित आयोजनाहरू सञ्चालन गरेर ज्ञान आर्जनमा प्रौढहरूलाई मद्दत गरियो । विभिन्न संग्रहलायहरूको व्यवस्था गरेर कृषि, उद्योग व्यापार र विज्ञानका

[5] डा. चौबे तुलनात्मक शिक्षा, विनोद पुस्तक भण्डार आगर ।

उपलब्धिहरूको पर्दशनी आयोजना गरेर भएका प्रगतिवारे जानकारी दिने प्रयास पनि गरियो । विभिन्न रेडियो प्रसारण केन्द्रहरूले व्यावसायिक, राजनीतिक, औद्योगिक तथा शैक्षिक कार्यक्रमहरू बनाएर साक्षरता कार्यक्रमलाई साकार बनाउने प्रयास गरे । सरकारले नियमित रूपमा ह्विँडुवा प्रदर्शनालय, पुस्तकालय, वाचनालय र चलचित्र प्रदर्शनी आयोजना गरेर पनि निरक्षरहरूलाई साक्षरता र शिक्षा प्रक्रियामा सहयोग पुर्‍यायो । शिक्षा क्षेत्रमा जर्मनी, फ्रान्स, बेलायत, अमेरिका अग्र स्थानमा रहेको पाईन्छ । यी प्रत्येक मुलुकको शिक्षाको इतिहास आ-आफ्नै छन् । बेलायतमा अनौपचारिक विद्यालय तथा महाविद्यालय शिक्षाका अतिरिक्त प्रौढ शिक्षाको व्यवस्था पनि धेरै पहिलेदेखि नै रहदै आएको पाइन्छ । बेलायतमा अग्रिम शिक्षाका नामबाट प्रौढ शिक्षा व्यवस्था गरेर जनसाधरणको कल्याण सेवाहरूलाई महत्वपूर्ण स्थान दिइएको पाइन्छ । इङ्गल्याण्ड तथा बेल्समा यस्तो शिक्षा व्यवस्थाको दायित्व वहन गर्ने संस्थाहरुमा

१. स्थानीय शिक्षा निकायहरू

२. जनउत्तरदायी संघसंस्थाहरू

३. सेना

४. स्वेच्छिक स्वयम्सेवी संगठनहरूले लिदैं आएको पाइन्छ । बेलायतका धेरै जसो विश्वविद्यालयहरूमा प्रौढ शिक्षा स्थापित र परिचालित छन् । विश्वविद्यालय कर्मचारी शैक्षिक सञ्चारले प्रौढशिक्षाका क्षेत्रमा उत्तरदायी संस्थाका रूपमा काम गर्दै आएको इतिहास छ ।

पाक्षिक पाठ्यकम, एक वर्षे पाठ्यकम ३ वर्षे सशुल्क पाठय्कम लगायत विभिन्न पाठ्कम व्यवस्थित गरेर शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिएका छन् । कति पाठ्यकम त विश्वविद्यालयका औपचारिक पाठ्यकमका समान छन् । १९०७ बाट चलाइएका यस्ता कार्यक्रमहरूको व्यापकताको कारण बेलायतमा अशिक्षाको स्थिति छैन ।

अमेरिकामा अठारौं शताब्दीबाटै सामाजिक साँस्कृतिक, धार्मिक, राजनीतिक संस्थाहरूको माध्यमबाट वयस्कहरूका लागि शिक्षा दिने व्यवस्था सुरु भएको हो । त्यहाँ मनोरञ्जनात्मक कार्यक्रमका माध्यमबाट पनि शिक्षा दिईन्थ्यो । दोस्रो विश्वयुद्धपछि प्रौढ शिक्षाका क्षेत्रमा विशेष विकास भयो । अनेकौ. पुस्तकालय, वाचनालय, विद्यालय तथा संग्रहालयहरू स्थापित भए कमशः अमेरिका राज्यहरू उत्तरदायित्वका साथ सर्वशुलभ प्रौढ शिक्षाको व्यवस्थालाई देश व्यापी रूप दिन निश्चित पाठ्यकम तथा पाठ्यवस्तुको तर्जुमा गरेर वाँणिज्य स्तरको साँस्कृतिक तथा रचनात्मक शिक्षाका साथै विभिन्न व्यवसायिक शिक्षा दिन अग्रसर छ । यस्तो

शिक्षाबाट त्यहाँ प्रतिवर्ष तीन करोड भन्दा बढी मानिस लाभान्वित भएको इतिहास हामी पढ्छौँ । यसमा सरकारले ठूलो धनराशी खर्च गरेको र यसबाट कृषि क्षेत्र तथा अन्य व्यवसायका क्षेत्रहरू विशेषरूपले लाभान्वित भएको अभिलेखहरू पाइन्छ । जसको नियमित शिक्षा छुटेका १६-२५ उमेर समूहका युवाहरूका लागि छुट्टै कार्यक्रमहरू सञ्चलन गर्दै आएको पाइन्छ ।

उल्लेखित राष्ट्रका साथै जर्मनी फ्रान्स लगायत सबै विकसित राष्ट्रहरूले प्रौढ शिक्षा तथा युवाशिक्षालाई विभिन्न किसिमबाट परिचालन गर्दै आएको पाउँछौँ । छिमेकी मुलुक भारत र चीनमा पनि दोस्रो विश्वयुद्धपछिका परिवर्तित राजनीतिक व्यवसथाका दिनहरूमा प्रोढ शिक्षा तथा अनौपचारिक शिक्षामा व्यापक रुपमा महत्वपूर्ण कामहरू भएका छन् ।

प्राचीन समयमा शिक्षा प्राप्त गर्ने माध्यम अनियमित र अनौपचारिक शिक्षा मात्र थियो । शिक्षामा विशेष ज्ञान प्राप्त गर्नु पर्ने हुँदा त्यो संगठित शिक्षा नै अनौपचारिक शिक्षा थियो । पछि समाज विकसित हुँदै गयो र औपचारिक शिक्षाको निर्माण गऱ्यो । यसो गरेपनि अनौपचारिक शिक्षा हराएर जान सकेन बरु झन ठूलो आवश्यकता बन्दै गयो । अनौपचारिक शिक्षालाई विधिवत् रूपमा थालनी गर्ने कार्य विद्वान ए. एल. स्मिथको सन् १९१९ को प्रौढ शिक्षाको सूत्रपातलाई लिनु पर्दछ ।[6] दोस्रो विश्वयुद्धको समाप्ति पछि अनौपचारिक शिक्षालाई शिक्षाको वैकल्पिक चिन्तन भित्र समावेश गरियो । संयुक्त राष्ट्र संघले सन् १९४६ बाट युनेस्को मार्फत निरक्षरताको विरुद्ध साक्षरता कार्यक्रम अघि सा‍ऱ्यो । यसले बालबालिकाहरूलाई साक्षर बनाउने, निरक्षर प्रौढलाई साक्षर बनाउने कार्यक्रम राख्यो । अनौपचारिक शिक्षाको विकास क्रमसँगै सन् १९४९ मा डेनमार्कको एल्सीनोर भन्ने स्थानमा प्रौढशिक्षाका विषयमा एक सम्मेलनको आयोजना भयो । सन् १९६० मा क्यानाडाको माण्ड्रियल भन्ने ठाउँमा एकाउन्न राष्ट्रको सहभागितामा प्रौढ शिक्षाकै सम्मेलन गरियो । सन् १९६२ मा इटालीयन उल्लाकन्फरेन्स र पेरिसमा सम्मेलनले भएको लेखाइ र साधारण गणित गर्न सक्ने भनी एक सीमाभित्र बाँध्ने काम गऱ्यो । सन् १९६५ मा इरानमा त्यहाँको सम्राट शहनाशाले अन्तर्राष्ट्रिय साक्षरता अभियान सञ्चालन गर्ने कुराको प्रस्ताव गरे । जुन प्रस्तावको पक्षमा रहेर सतासी राष्ट्रका सहभागीहरूले इरानको युनेस्को महाधिवेशनले पनि त्यसलाई स्वीकार गऱ्यो । यसै समयबाट प्रौढ शिक्षालाई व्यवहारिक र व्यवसायिक अनि उपयोगी बनाउनु पर्ने कुरालाई आत्मसात गऱ्यो । सन् १९६६ मा यस प्रस्तावलाई स्वीकार

[6] शर्मा एण्ड शर्मा, शिक्षाको दर्शन शास्त्रीय र समाज शास्त्रीय आधार, शम.के. पव्लिशर्स (२०६३) पृष्ठ ३३०

गरेर कार्यमूलक प्रौढ शिक्षाको आरम्भ भयो । सन् १९७२ मा जापानको टोकियोमा प्रौढ शिक्षा सम्मेलन भयो । उक्त सम्मेलनले अनौपचारिक शिक्षालाई विस्तार गर्ने कार्य गऱ्यो । यसमा प्रौढ शिक्षा कार्यक्रमलाई कार्यमूलक प्रौढ शिक्षा, अनौपचारिक शिक्षा, मौलिक शिक्षा, विद्यालय बाहिरको शिक्षा, आजीवन शिक्षा जस्ता विविध नामबाट अनौपचारिक शिक्षाको विकास भयो । अनौपचारिक शिक्षालाई विश्वका कुनै पनि मुलुकले प्रभावकारी र उद्देश्यपूर्ण तरिकाले लागू गर्न सक्ने देखिन्छ । यसले औपचारिक शिक्षालाई सफल बनाउन सहयोग पुऱ्याउँदा विभिन्न देशहरूले आ-आफ्ना आवश्यकता अनुसार साक्षरता अभियानबाट सीप विकास, पत्राचार शिक्षा, क्लब जस्ता संस्थाका उद्देश्य पूरा गर्ने माध्यमका रूपमा परिचित गराइयो । प्रौढ शिक्षा, महिला, किसान, मज्दुर, उद्योगी, व्यापारी, शिक्षक, प्रशासक, विद्यार्थी जस्ता सम्पूर्णको आवश्यक ज्ञान सीपको विकासमा यसलाई प्रयोग गर्न सकिने देखिन्छ । अनौपचारिक शिक्षा उमेर, जात, जाति, वर्ण, धर्म र पेशा सबैले पाउने हुँदा जीवन पर्यन्त देखिन्छ । औपचारिक शिक्षाको विकल्पको रूपमा यो शिक्षालाई अंगाल्न सकिन्छ ।

नेपालमा अनौपचारिक शिक्षााको थालनी वि. सं. २००४ सालको आधार शिक्षाको थालनीबाट भएको देखिन्छ । त्यसबेला प्रत्येक शिक्षार्थीहरूले १२ जना प्रौढहरूलाई साक्षर बनाएपछि मात्र उच्च आधार शिक्षाको प्रमाणपत्र दिईन्थ्यो । साथै आधार स्कुलहरूले यस अभियानलाई साथ दिदैं स्कुलका शिक्षकहरूले ५ वटा सम्म प्रौढ साक्षरता केन्द्र खोलेर ३ महिनाको पूर्व साक्षरता र तीन महिनाको उत्तर साक्षरता कक्षा सञ्चालन गरेको देखिन्छ । सन् १९७२ जुलाई २५ देखि अगष्ट ७ सम्म टोकीयोमा अर्न्तराष्ट्रिय प्रौढ सम्मेलन भयो ।[7] यसरी अर्न्तराष्ट्रिय जगत देखि विकास हुँदै आएको प्रौढ शिक्षा कार्यक्रमलाई नेपालमा पनि वि. सं. २००७ सालको परिवर्तन पछि अमूर्तपूर्व रूपमा शिक्षामा नयाँ नयाँ प्रयत्नहरू थालिए । ठाउँ ठाउँमा विद्यालयहरू बने । जनताहरू ठूलो उत्साह र उमंगका साथ निरक्षतालाई उन्मूलन गर्दै लैजाने  उद्देश्यले वि. सं. २००८ साल देखि प्रौढ शिक्षाको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालनमा लागि पर्दै आएको देखिन्छ । यसै क्रममा वि. सं. २०१३ साल पौषदेखि मित्र राष्ट्र अमेरिकाको अनुदानमा कलेज अफ एजुकेशनको आयोजनामा प्रौढ शिक्षा व्यूराको स्थापना गरी ३ महिने, ६ महिने र ९ महिने प्रौढ शिक्षा कक्षा सञ्चालन गरेर क्रमशः यस कार्यक्रमलाई अगाडि ल्याएको देखिन्छ । विं सं. २०२८ साल, २०४९ सालका शिक्षा कार्यक्रमहरूले समेत अनौपचारिक शिक्षालाई जोड दिएको देखिन्छ । हाल अनौपचारिक

[7] डा. वाग्ले मनप्रसाद र माधव प्रसाद ढकाल, शिक्षाको प्रारम्भिक परिचय, काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार (२०५६) पृष्ठ २२० ।

शिक्षाको विकासमा विभिन्न समयमा देखा परेका प्रतिवेदनहरूले पनि त्यस विषयमा लिएका अनौपचारिक शिक्षाका कार्यक्रम तय गरेका छन् । राष्ट्रिय शिक्षा आयोजना आयोग २०१० ले पनि सबै निरक्षर प्रौढहरूलाई शिक्षा प्राप्त हुने छ भनी उल्लेख गरेको छ । [8]

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८–३२) ले प्रौढ शिक्षालाई प्राथमिकताको क्षेत्रमा पारी यसलाई बढी कार्यमूलक बनाउने प्रयास गरी बहुसन्देशात्मक पाठ्यपुस्तक निमार्ण गर्नुका साथै अनौपचारिक शिक्षालाई साक्षरता फैलाउने र कार्यमूलक प्रौढशिक्षा प्रदान गर्ने गरी तय भयो । प्रथम पञ्चवर्षीय योजना अवधिमा १००० व्यक्ति साक्षर बनाउने लक्ष्य राख्यो । तेस्रो योजना अवधिमा ६६००० व्यक्तिलाई साक्षर बनाउने योजना बनायो । पाँचौं पञ्चवर्षीय योजना अवधिमा २५०० कक्षा सञ्चालन गरी करिब तीन लाख निरक्षरलाई साक्षर बनाईने लक्ष्य थियो । छैठौं पञ्चवर्षीय योजना अवधिमा करिब नौ लाख मानिसहरूलाई साक्षर बनाउने, सेती परियोजना (२०४२–४५) मा एकीकृत रूपमा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन भए । महिलाहरूका लागि चेलिबेटी शिक्षा र विद्यालय उमेरका बालबालिकाहरूका लागि शिक्षा सदन कार्यक्रमहरू सञ्चालन भए । आठौं पञ्चवर्षीय योजनामा साक्षरता विकासको निम्ति राष्ट्रिय अभियानको रूपमा अनौपचारिक शिक्षाको विस्तार गरिने कुरा उल्लेख छ । अनौपचारिक वा शिक्षा कार्यक्रम विस्तार गर्ने क्रममा मझौला तथा ठूला उद्योग परियोजनाहरूले आफ्नै खर्चमा निरक्षर कामदारहरूलाई अनौपचारिक प्रौढशिक्षा सञ्चालन गर्नु र गराउनु पर्ने नीति ल्यायो । यस योजना अवधिमा १४ लाख निरक्षरहरूलाई साक्षर बनाउने कार्यक्रम बन्यो । ८-१४ वर्ष उमेरका लागि शिक्षा सदन चेलिबेटी कक्षाबाट अनौपचारिक शिक्षा प्रदान गरी औपचारिक शिक्षामा प्रवेश गराउन प्रोत्साहन गरियो । नवौं पञ्च वर्षीय योजनामा राष्ट्रिय अभियानका रूपमा ६ वर्ष भन्दा माथिका लागि ७० प्रतिशत साक्षर बनाउने लक्ष्य राख्यो । महिला र पुरुषबीचको साक्षरता भिन्नता ३० प्रतिशतबाट २० प्रतिशतमा झार्ने, PEP, BPEB- 1, BPEP -2 परियोजना लागू भएका जिल्ला र अनौपचारिक शिक्षा केन्द्र मार्फत अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनमा आए ।[9]

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले खुला विद्यालय र विश्वविद्यालयको माध्यमबाट पनि अनौपचारिक शिक्षाको विस्तार गर्ने समाजबाट निरक्षरता उन्मूलन गर्ने, साक्षरता

[8] सम्पादक लक्ष्मण खनाल र अन्य, साक्षँरता विशेषाकं भक्तपुर, अनौपचारिक शिक्षा केन्द्र (२०६३) ।

[9] सम्पादक लक्ष्मण खनाल र अन्य, साक्षरता विशेषाकं भक्तपुर, अनौपचारिक शिक्षा केन्द्र (२०६३) ।

अभियान सञ्चालन गर्ने, सन् १९९० को सबैका लागि शिक्षा जीवन्त सम्मेलन र सन् १९९० को बालबालिका सम्बन्धी विश्वसम्मेलनको प्रतिवद्धता अनुसार २०५७ सम्ममा निरक्षरता ५० प्रतिशतले कम गर्ने, सामुदायिक अध्ययन केन्द्रको रूपमा स्थापना गर्ने, पुरक पाठ्यसामग्रीको व्यवस्था गर्ने जस्ता विषयहरूलाई समावेश गरिएको देखिन्छ ।

११. डा. वाग्ले मनप्रसाद र माधव प्रसाद ढकाल, शिक्षाको प्रारम्भिक परिचय, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार (२०५६) पृष्ठ २२०

सबैका लागि शिक्षा ओम्तेन घोषणा, मार्च १९९० जसले सन् २००० सम्ममा निरक्षरता ५० प्रतिशतले घटाउने लक्ष्य राखेपनि यसले पूर्णता भने पाउन सकेन । निरक्षरता उन्मूलन डाकार घोषणापत्र सन् २००० अनुसार अहिले २०००-२००९ सम्मको सबैको लागि शिक्षा (EPA) अर्न्तगत अनौपचारिक शिक्षाको विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

दशौं योजनामा साक्षरता, साक्षरोत्तर, आयमूलक र जीविकोपार्जन गर्न सक्षम जीवन उपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चलन गरी, विशेषतः पिछडिएका समुदाय तथा निर्धारण गरेको साक्षरता प्रतिशतको लक्ष्य हासिल गर्न १८ लाख ६६ हजार निरक्षर प्रौढहरूलाई साक्षर बनाउनको लागि नौ लाख ३३ हजार नव साक्षरहरूलाई साक्षरोत्तर तहको शिक्षा प्रदान गर्ने र ती मध्ये ९३ हजार ३०० जनालाई सीपमूलक तालिम प्रदान गर्ने र विस्तार शिक्षाको परीक्षणका निमित्त २०५ वटा सामुदायिक अध्ययन केन्द्रहरू स्थानीय निकायहरूको जिम्मेवारीमा स्थापना गर्ने कार्यक्रम रहयो । यस कार्यक्रमले १८ लाख २ हजार निरक्षर प्रौढहरूलाई साक्षर बनाउने लक्ष्य लिएकोमा (२०६२-०६३) सम्ममा करिब १० निरक्षर साक्षर बनेको देखिन्छ । यसलाई २०५५ को प्रतिवेदन र २०५८ को कार्यन्वयन योजनाले पनि अनौपचारिक शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम अगाडि सारेको देखिन्छ । नेपालको सन्दर्भमा वि. सं. २००७ साल देखि हाल सम्म क्रमिक रूपमा अनौपचारिक शिक्षाको कार्यक्रमहरू विकास हुँदै आएको देखिन्छ । वि. सं. २००७ सालमा नेपालमा जम्मा २ प्रतिशत मात्र जनताहरू साक्षर रहेकोमा २०५८ सालको जनगणना तथ्याङ्कले ६ वर्ष र सो भन्दा माथिका ५४ प्रतिशत जनाता पूर्ण साक्षर रहेको देखाएको छ । यस तथ्याङ्कले ६५ प्रतिशत पुरुष तथा ४३ प्रतिशत महिला साक्षर रहेको साथै ५४ प्रतिशत साक्षरताको अतिरिक्त ६ प्रतिशत जनताहरू पढ्न मात्र जान्दछन् भन्ने तथ्याङ्क पनि प्रस्तुत गरेको छ । यसबाट पुरुष साक्षरताको दाँजोमा महिला साक्षरता कम रहेको पनि देखाएको छ ।

यसरी भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतिक आदि विभिन्न कारणबाट नेपाल जस्तो अधिक निरक्षरहरू रहेको देशमा औपचारिक शिक्षाको माध्यमबाट मात्र साक्षर बनाउन असम्भव त छदैछ । यसको विकल्पमा अनौपचारिक शिक्षाले विभिन्न कारणवश विद्यालय जानबाट बञ्चित प्रौढहरू तथा बालबालिकाहरूका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । त्यस्तै गरी निश्चित अवधिमा खास क्षेत्रको लक्ष्यित जनसंख्याबाट निरक्षरता उन्मुलन गर्ने रणनीति अनुसार साक्षरता अभियान सञ्चालन गरी सो अभियानमा समयवद्ध रुपमा छानिएका स्थान तथा क्षेत्रमै परिणाममुखी बनाईने योजना पनि रहेको छ । भौगोलिक स्थितिका कारण सुरुमा सानो क्षेत्र पछि विस्तार गर्दै लाने अनौपचारिक शिक्षाप्रति व्यक्ति विशेषहरूको रुचिलाई संस्थागत गर्ने जस्ता योजनाहरू कार्यन्वयन भएका छन् । परिषद्को तर्फबाट अनौपचारिक शिक्षा सञ्चालन गर्ने गैरसरकारी संघ संस्था, संगठन, क्लबहरूलाई संगठित गरी साक्षरता अभियान सञ्चालन गर्न सक्रिय गराउने र साक्षरता अभियानको व्यापक प्रचार प्रसार गर्ने कार्यहरु भएको देखिन्छ ।

## २.३ अनौपचारिक र औपचारिक शिक्षामा भिन्नता

औपचारिक शिक्षा भन्नाले विद्यालय, महाविद्यालयबाट प्राप्त हुने शिक्षा हो । मानव सभ्यताको विकास सँगै समाजमा ज्ञानको भण्डार बृहत हुन पुग्यो । जसले गर्दा शिक्षाको स्वरुप औपचारिक हुन गई विद्यालयको स्थापना हुन गयो । व्यवस्थित समाज निर्माण गनै बौद्धिक श्रम विभाजन गर्ने कार्य विद्यालय तथा महाविद्यालयहरूले गर्न थाले । यस किसिमकौ शिक्षाको स्वरुपको सबै पक्षहरु पूर्व निर्धारित हुन्छ । ज्ञान र सीपकौ आधारमा प्रमाणपत्र प्रदान गर्दा जीवन पर्याप्त सम्म स्थायी रुपमा मान्यता प्राप्त भएको हुन्छ । सामान्यतयाः कुनै देशको शिक्षा प्रणाली भन्नासाथ मुख्य रुपमा शिक्षाको स्वरुप औपचारिक भन्ने बुझिन्छ । तर आजकाल विद्यालय महाविद्यालयको पर्खाल बाहिर पनि अनौपचारिक शिक्षाको अवसर प्राप्त खुला शिक्षा संसारका धेरै जसो मुलुकमा महत्वपूर्ण स्थान अंगालेको पाइन्छ ।

अनौपचारिक शिक्षा भन्नाले विद्यालय व्यवस्था निर्धारित उद्देश्य प्राप्त गर्नका लागि निर्माण गरिएको पाठ्यक्रमको आधारमा व्यवस्थित ढङ्गले प्रदान गरिने शिक्षाको स्वरुप हो । यस प्रकारको शिक्षाको स्वरुप विद्यालय प्रवेश गर्न नसक्ने वा विद्यालय प्रवेश गरेर बीचैमा छाडेका अथवा निम्न तह मात्र पार गरेका समय सापेक्ष आवश्यक सीप सिक्न ईच्छुक समूहका लागि उपयोग गरिन्छ । मुख्य रुपमा व्यक्तिको आवश्यकता अनुरुप नै यो शिक्षा प्रदान गरिन्छ । यस

प्रकारको शिक्षा समानताको सिद्धान्तमा आधारित छ । जुन प्रत्यक्ष जीवनसँग सरोकार राख्ने किसिमको हुन्छ । अनौपचारिक शिक्षा सीपमा आधारित भएर पनि व्यवस्थित किसिमको हुन्छ तर पनि शिक्षा व्यवस्था लचिलो र कम खर्चिलो हुन्छ र व्यक्तिलाई सुखीरुपमा जीवन निर्वाह गर्ने मार्ग निर्देशन गर्न अपेक्षा यस शिक्षाले राखेको हुन्छ ।

## २.४ अनौपचारिक शिक्षा केन्द्रको परिचय

हाम्रो जस्तो मुलुकमा अनौपचारिक शिक्षाको ठूलो महत्व रहेको देखिन्छ । हाम्रो मुलुकमा अझै पनि आधा जसो जनाता निरक्षर छन् । अझ निरक्षर पुरुषको तुलनामा निरक्षर महिला अत्यधिक रहेको तथ्याङ्क २०५८ सालको जनगणनाले पुष्टि गरिसकेको छ । विभिन्न सामाजिक तथा आर्थिक कारणहरूले गर्दा शिक्षाको अवसरबाट वञ्चित हुन पुगेका प्रौढहरू (महिला, पुरुष) र बालबालिकाहरूका लागि उनीहरूको अनुकूल समय र वातावरण मिलाई गुणात्मक स्तरमा साक्षर हुने मौका मिलाउन राष्ट्रिय स्तरमा अनौपचारिक शिक्षा केन्द्रले विभिन्न शैक्षिक कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरेको छ । साक्षरतालाई अझ माथि ल्याउन निश्चित शैक्षिक उद्देश्य प्राप्तिका लागि सम्बन्धित गैरसरकारी निकायहरूको समेत सम्लग्नता रहेको देखिन्छ । निरक्षरहरूलाई साक्षर बनाउनुका साथै साक्षरोत्तर शिक्षा दिने र महिलाहरूका लागि सीपमूलक शिक्षा दिने, निर्धारित लक्ष्य अनुसार विभिन्न शैक्षिक गतिविधिहरूको प्रभावकारी कार्यान्वयनमा अनौपचारिक शिक्षा केन्द्रको मुख्य भूमिका रहेको छ ।[10] नेपालको विगत ५४ वर्ष अगाडिको ५३.७३ प्रतिशत साक्षरताले के देखाउँछ भने यस्तो विकासोन्मुख देशमा निरक्षरलाई साक्षर बनाउने, साक्षरलाई साक्षेरोत्तर शिक्षा प्रदान गर्ने ध्येयले ८-१४ वर्ष उमेर समूहका बालबालिकाहरूलाई विभिन्न कार्यक्रम सञ्चालन गर्ने, १५-४५ वर्ष उमेरका प्रौढहरूलाई साक्षर बनाइ साक्षरोत्तर शिक्षा प्रदान गर्ने कामका लागि सरकारी निकाय र विधालयका साथै विभिन्न संघ संस्थाहरूलाई (C.B.O.S.,N.G.O., INGO) समेतले सही ढङ्गको आधुनिक शिक्षा प्रदान गर्न प्रोत्साहित गर्ने कार्य नितिको आवश्यकता छ । अनौपचारिक शिक्षा केन्द्रको नीति पनि यहि रहेको छ ।

## २.५ अनौपचारिक शिक्षा केन्द्रको उद्देश्य :-

[10] विष्णु प्रसाद अधिकारी प्रथमिक तह ाअध्यापन अनुमति पत्र (२०६१) पृष्ठ ४१ ।

अनौपचारिक शिक्षा केन्द्रको निम्नानुसारको उद्देश्य रहेको पाईन्छ । [11]

➢ राष्ट्रिय साक्षरता सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन नीतिहरू कार्यन्वयन गर्नेसाक्षरता तह पार गरेकालाई पुनर्ताजगी गराउन निरन्तर साक्षरोत्तर शिक्षा प्रदान गर्ने । सिकेका कुराहरू व्यवहारमा ल्याउन प्रयोगात्मक कार्यविधिहरू अपनाउने ।

➢ यस्ता शैक्षिक कार्यक्रमहरू सफल, सुदृढ पार्न, निर्धारित लक्ष्यहरू हासिल गर्न आवश्यक निशुल्क पाठ्यपुस्तक उपलब्ध गराई सहयोग र प्रोत्साहन गर्ने ।

➢ पाठ्य सामग्रीहरूको निर्माण तथा वितरण, उत्पादन जस्ता कार्यक्रमहरूमा सवलीकरण गरी सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

➢ अनौपचारिक शिक्षाको विकास तथा विस्तारका लागि अन्य आवश्यक कार्यक्रमको तर्जुमा गर्ने ।

➢ अनौपचारिक शिक्षामा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था समन्वयन र कार्यक्रममा दोहोरोपन हटाउन आवश्यक व्यवस्था मिलाउने ।

## २.६ अनौपचारिक शिक्षा विकासको केन्द्रको साँगठनिक स्वरूप :

वि. सं. २०५६ सालदेखि अनौपचारिक शिक्षा विकास केन्द्रको स्थापना भयो । यसको मूल उद्देश्य अनौपचारिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै देशबाट निरक्षरता उन्मूलन गर्नका लागि स्थायी रूपमा अनौपचारिक शिक्षा सम्बन्धी कार्य हेर्ने केन्द्रीय स्तरको संस्थाको व्यवस्था भयो । विभिन्न कारणले गर्दा विद्यालय शिक्षाको अवसरबाट बञ्चित रहेका ८ -१४ वर्ष सम्मका बालबालिकाहरूलाई अनौपचारिक शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने र १५ देखि ४५ वर्षका प्रौढहरूलाई साक्षर बनाइ सीपमूलक शिक्षा प्रदान गर्नु यसको उद्देश्य रहयो । सबैका लागि शिक्षा भन्ने विश्वव्यापी अभियानलाई सफल बनाउन र विविध उद्देश्यलाई पुरा गर्नका लागि विभाग सरह केन्द्रीयस्तरमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएको हो । शिक्षा मन्त्रालय अन्तर्गत अनौपचारिक शिक्षा केन्द्र रहेको हुन्छ । जसमा जिल्ला अनौपचारिक शिक्षा, गाउँ नगर साक्षरता समिति, वडा साक्षरता समिति, योजना तथा व्यवस्थापन शाखा, पाठ्यक्रम पाठ्यपुस्तक तथा तालिम शाखा अन्तर्गतका उपशाखाहरू पनि रहेका हुन्छन् । मन्त्रालय, क्षे. शि. नि., नि. शि. का.मा पनि अनौपचारिक शिक्षाको

[11] विष्णुप्रसाद अधिकारी, प्राथमिक तह अध्यापन अनुमति पत्र, (२०६१), पष्ठ ४१

संगठनात्मक स्वरूप रहेको हुन्छ । जसका सहायताले यो कार्यक्रम सञ्चालन हुन्छ ।

**अनौपचारिक शिक्षा केन्द्रको सागठानिक स्वरूप तालिकाबाट देखाउन सकिन्छ ।** [12]

नेपाल सरकार

शिक्षा मन्त्रालय

- अनौपचारिक शिक्षा केन्द्र
  - १ जिल्ला अनौपचारिक समिति
  - २ गाउँ नगर साक्षरता समिति
  - ३ वडा साक्षरता समिति
- राष्ट्रिय अनौपचारिक शिक्षा
  - १ योजना व्यवस्थापन शाखा
  - २ योजना तथा प्रशासन
  - ३ अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन
  - ४ समन्वय/सामग्री वितरक
  - ५ लेखा
  - ६ तथ्यङ्क
  - १ पाठ्यक्रम पाठ्यपुस्तकत तालिम शाखा
  - २ आधारभूत साक्षरता शिक्षा (बाल, प्रौढ, महिला,)
  - ३ साक्षरोत्तर शिक्षा (बाल, महिला, प्रौढ)
  - ४ निरन्तर शिक्षा
  - ५ पाठ्यक्रम पाठ्यपुस्तक तथा अन्य सामग्री प्रकाशन र वितरण

## २.७ अनौपचारिक शिक्षाका प्रमुख कार्यक्रमहरू

राष्ट्रिय शिक्षा नीति अनुरुप साक्षरता, साक्षरोत्तर शिक्षा तथा सीपमूलक शिक्षा अभिबृद्धि र विस्तारका लागि अनौपचारिक शिक्षाका समग्र पक्षहरू समेटी वार्षिक कार्ययोजना तथा कार्यक्रमहरू निर्माण गरी सुव्यवस्थित रूपमा अधिराज्यभर लागू गर्नु अनौपचारिक शिक्षाको मूल उद्देश्य हो । [13] राष्ट्रिय साक्षरता सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन

[12] डा. मनप्रसाद वाग्ले र अन्य शिक्षा (कक्षा १० २०५७), पृष्ठ ८७

[13] विष्णुप्रसाद अधिकारी विद्यालय निरीक्षक स्रोत सामग्री, २०६०, पृष्ठ १६४

नीतिहरू कार्यन्वयन गर्नुका साथै साक्षरता कार्यक्रमबाट साक्षर भइसकेका प्रौढ तथा बालबालिकाहरूलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्दछ । सरकारी तथा गैरसरकारी संघ संस्थाहरूद्वारा सञ्चालित अनौपचारिक शिक्षाको कार्यक्रमहरूका निर्धारित लक्ष्यहरू पुरा गर्न निशुल्कः पाठ्यपुस्तक वितरण, सहयोग तथा प्रोत्साहन गर्ने कार्य गर्दछ । अनौपचारिक शिक्षाको विकास तथा विस्तारका लागि पनि केही प्रमुख कार्यकंमहरू अनौपचारिक शिक्षा केन्द्रले सञ्चालन गरेको छ ।

### २.७.१ प्रौढ साक्षरता कार्यक्रम

विभिन्न कारणवश विद्यालय जान नसकी पढ्न लेख्न नसकेका १५-४५ सम्मका प्रौढ पुरुष तथा महिलाहरूका लागि प्रौढ साक्षरता कार्यक्रम सञ्चालन गरिन्छ । [14] यो कार्यक्रम न्युनताम दैनिक दुई घण्टाका दरले हप्तामा ६ दिनमा न्युनतम १५० दिन जम्मा ३०० घण्टा सञ्चालन गरी ६ महिनामा सम्पन्न गरिन्छ ।

### २.७.२ महिला शिक्षा प्रथम तह

विभिन्न कारणले गर्दा विद्यालय जानबाट बञ्चित १५ देखि ४५ उमेर समूहका महिलाहरूका लागि महिला शिक्षा प्रथम तहको कार्यक्रम सञ्चालन हुने गर्दछ । यो कार्यक्रम दैनिक दुई घण्टाका दरले हप्तामा ६ दिन न्यूनतम १५० दिन जम्मा तीन सय घण्टा सञ्चालन गरी ६ महिनामा यो कार्यक्रम सम्पन्न हुने गर्दछ । यसले महिलाहरूको शैक्षिक स्तरमा साक्षरता प्रदान गर्ने गर्दछ । यस कार्यक्रमबाट निरक्षर महिलाहरू साक्षर बन्ने सुअवसर प्राप्त गर्न सक्दछन् ।

### २.७.३ महिला शिक्षा दोस्रो तह

महिला शिक्षा दोस्रो कार्यक्रम अनौपचारिक शिक्षा केन्द्रले महिला शिक्षा प्रथम तह पुरा गरिसकेका महिलाहरूका लागि सञ्चालन गर्ने गर्दछ । यस तहको कार्यक्रम महिला शिक्षा प्रथम तहको ज्ञान हासिल गरेका शिक्षार्थीहरूमा मात्र लागू हुने गर्दछ । जुन शिक्षाबाट महिलाहरू आफ्नो आधारभूत आवश्यकता सम्बन्धी विशेष चासो राखी तिनीहरूको किनबेच जस्ता साधारण हरहिसाब लेखाजोखा राख्न समेत सक्षम हुनेछ भन्ने उद्देश्य यस तहको

[14] विष्णु प्रसाद अधिकारी र अन्य विद्यालय निरीक्षक स्रोत सामग्री २०६०, पृष्ठ १६५

पाठ्यक्रम तथा पाठ्यपुस्तकको छ । यो कार्यक्रम मूलतः दैनिक दुई घण्टाका दरले हप्तामा ६ दिन न्यूनतम १५० दिन जम्मा ३०० घण्टा सञ्चालन गरी ६ महिनामा सम्पन्न गरिन्छ ।[15] ६ महिनाको कार्यक्रम माध्यमबाट महिलाहरूलाई साक्षरोत्तर उन्मुख बनाउनु यस तहको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### २.७.४ साक्षरोत्तर शिक्षा कार्यक्रम

प्रौढ शिक्षा कार्यक्रम मार्फत महिलो तहमा साक्षर भइसकेका वा अन्य कुनै कार्यक्रमबाट आधारभूत साक्षरता तह पुरा गरिसकेका १५ -४५ वर्ष उमेर समूहका प्रौढ पुरुष वा महिलाहरूलाई प्रौढ शिक्षा कार्यक्रमको दोस्रो तहमा साक्षरोत्तर शिक्षा प्रदान गरिन्छ । यो कार्यक्रम दैनिक दुई घण्टाका दरले हप्तामा ६ दिन अर्थात न्यूनतम ७५ दिनमा जम्मा १५० घण्टा सञ्चालन गरी तीन महिनामा सम्पन्न गरिन्छ । यो कार्यक्रम नतिजाको आधारमा भुक्तानी गर्ने नीतिको आधारमा सञ्चालन गरिन्छ ।

### २.७.५ वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम

वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम साधारणतः ६ देखि १४ वर्ष सम्मका बालबालिकाहरूलाई दिईन्छ । कक्षा सञ्चालनको अवधि नौ महिनाको हुन्छ । वैकल्पिक प्रधानका शिक्षा हासिल गरेका बालबालिकाहरूलाई अनौपचारिक शिक्षा सम्बन्धी अन्य कार्यक्रममा सम्मिलित हुन पाउने व्यवस्था भएको देखिन्छ । वैकल्पिक विद्यालय शिक्षा विस्तार कार्यक्रम र अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम गरी दुई किसिमले यी कक्षाहरू सञ्चालनमा आएको देखिन्छ ।

#### २.७.५.१ प्राथमिक शिक्षा विस्तार कार्यक्रम

घर रहेको ठाउँ भन्दा आधा घण्टा भन्दा बढी समयमा पैदल हिडेर विद्यालय पुग्नु पर्ने परिस्थिति रहेका स्थानमा यो कार्यक्रम सञ्चालन हुन्छ । यस कार्यक्रममा लामो दूरीको जङ्गल भीर पाखा, नदी तरेर विद्यालय जानु पर्ने जस्ता विविध कारणले विद्यालय जान नसकेका र विद्यालय बाहिर रहेका ६-८ वर्ष उमेर समूहका बालबालिकाहरूलाई कक्षा १-३ सम्मको आधारभूत शिक्षा दिन ३ वर्ष सम्म अनौपचारिक शिक्षाको पाठ्यक्रम अनुसारका

[15] दिनानाथ गौतम नेपालको शैक्षिक दिग्दर्शन, २०५७, पृष्ठ १२५

पाठ्यपुस्तक प्रयोग गरी शिक्षा प्रदान गरिन्छ । यसमा दैनिक चार घण्टा पढाउने व्यवस्था हुन्छ ।

### २.७.५.२ अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम

विविधि कारणले विद्यालय जान नसकेका ८-१४ वर्ष सम्मका बालबालिकाहरूलाई यो कार्यक्रम सञ्चालन गरिन्छ । यस कार्यक्रममा ५ वर्षको प्राथमिक शिक्षाको पाठ्यक्रमलाई समायोजन गरी तीन वर्ष भित्र सम्पन्न गरिन्छ । सहभागीहरूको अनुकूल समयमा दैनिक ४ घण्टाका दरले पठनपाठन गर्ने व्यवस्था रहेको छ । [16]

### २.७.६ बीचैमा विद्यालय छाड्ने बालबालिकाको लागि बाल शिक्षा कार्यक्रम

यो कार्यक्रम विभिन्न कारणले औपचारिक शिक्षाको प्राथमिक तह खाश गरी कक्षा १-३ सम्म प्रदान भई बीचमा विद्यालय छाडेका बालबालिकाहरूलाई प्रदान गरिन्छ । पूनः विद्यालय प्रवेश गराउने उद्देश्य यसले राखेको छ । विद्यालय नछाड्ने प्रवृत्तिको विकास गराई विद्यालय छाड्ने दर घटाउन यो कार्यक्रम सञ्चालन गरिएको छ ।

### २.७.७ आयमूलक कार्यक्रम

समूहमा काम गर्न इच्छुक न्यून आय भएकालाई साक्षरता कार्यक्रम मार्फत साक्षरोत्तर तह पूरा गरेका १५-४५ वर्ष उमेर समूहकालाई यो कार्यक्रम सञ्चालन गरिन्छ । विशेष गरी पिछडिएका जनजाति, दलित, महिलाहरूका लागि रोजगारमूलक स्थानीय व्यवसायमा सम्लग्न गराउन आयमूलक समूह गठन गर्ने र आवश्यकताको आधारमा निश्चित अवधिको तालिमद्वारा व्यवसायिक सीप प्रदान गरिन्छ । सरल जीवनयापन गर्न, आत्मनिर्भर बनाउन र साक्षरतालाई दीगो राखी निरन्तर शिक्षामा जोड दिनको लागि सामुदायिक अध्ययन केन्द्रहरूमा यो कार्यक्रम सञ्चालन  गरिएको छ ।

### २.७.८ सामुदायिक अध्ययन केन्द्र

यसको संस्था समुदायले स्थापना गरी सञ्चालन गर्ने संस्था हो । स्वायत्त संस्थाका रूपमा रहेको यो सस्था विधानद्वारा निर्देशित हुन्छ । आफ्नो सेवा क्षेत्र भित्रको समुदायको

---

[16] अनौपचारिक शिक्षा केन्द्र, अनौपचारिक शिक्षाा केन्द्र परिचय, २०६४

विस्तृत सर्वेक्षण गरी समुदायको आवश्यकता पहिचान गरेर कार्यन्वयन गर्दछ । यस संस्थाले मुख्य कार्य निरक्षर वर्गहरूलाई साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, पुस्तकालय सञ्चालन, सीपमूलक व्यवसायिक तालिम कार्यक्रम सञ्चालन गर्दछ । यसले समुदायका व्यक्तिहरूको आर्थिक उन्नति तर्फ टेवा पुऱ्याउँछ । यसले शैक्षिक संस्थाको भूमिका पनि निर्वाह गर्दछ ।

नेपालमा वि. सं. २००२ देखि पाँचवटा सामुदायिक अध्ययन केन्द्र खोलेर शुरु गरिएको थियो । यो कार्यक्रम सञ्चालन गर्न युनेस्को काठमाडौं आर्थिक प्राविधिक सहयोगमा सञ्चालन गरियो । दशौं पञ्चवर्षीय योजनामा प्रत्येक निर्वाचन क्षेत्रमा एउटा सामुदायिक अध्ययन केन्द्र खोली जम्मा २०५ वटा क्षेत्रमा २९५ वटा सामुदायिक केन्द्र नेपाल सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना गर्ने लक्ष्य राखिएको छ । अहिले सम्म १६६ वटा अध्ययन केन्द्रहरू सञ्चालनमा देखिएका छन् भने बाँकि अध्ययन केन्द्र दशौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा स्थापित भइसक्ने छन् । **'समुदाय आफैको सहयोगमा समुदायद्वारा समुदायको लागि'** भन्ने नारा यस अध्ययन केन्द्रको प्रमुख नारा हो ।

## २.८ अनौपचारिक शिक्षाको उद्देश्य

हरेक कार्यक्रमहरूको आ-आफ्नो उद्देश्य र लक्ष्य रहेको हुन्छ । यस अर्थमा अनौपचारिक शिक्षाको आफ्नै उद्देश्य रहेको छ । खास गरेर यो शिक्षा जो असक्षम, असमर्थ, पारिवारिक वातावरण अनुकुलताको अभावका कारण विद्यालय गई औपचारिक शिक्षा हासिल गर्नबाट बञ्चित प्रौढ तथा बालबालिकाहरूका लागि वैकल्पिक मात्र नभएर सहयोगी शिक्षाको रूपमा बुझिन्छ । यसले सबै क्षेत्रका शिक्षार्थीलाई समेट्ने भएको हुँदा यसको उद्देश्य निम्नानुसार रहेको छ । [17]

- विभिन्न कारणबस औपचारिक शिक्षा आर्जन गर्न नसकेका विभिन्न उमेर समूहका व्यक्तिहरूलाई राष्ट्रिय शिक्षा प्राप्तिका लागि अनौपचारिक तरिकाबाट ज्ञान, सीप र तालिम तथा सूचना प्रदान गर्ने ।
- प्रौढ साक्षरता कार्यक्रमको माध्यमबाट दैनिक जीवनयापनका निम्ति आवश्यक पर्ने कार्यमूलक ज्ञान, सीप प्रदान गर्ने

[17] देवकुमार बराल तथा अन्य वि. नि. प्रतियोगिता पदग्दर्शन, २०६०, पृष्ठ ७१

- बालशिक्षा कार्यक्रमका माध्यमबाट प्राथमिक स्तरको शिक्षा हासिल गर्न नसकेका अर्थात विद्यालय जानबाट बञ्चित र बीचैमा पढाइ छाडेका बाबालिकाहरू (८-१४) वर्षकालाई साक्षर बनाइ, औपचारिक शिक्षा प्रवेशका लागि प्रोत्साहित गर्नु
- साक्षरोत्तर तथा निरन्तर शिक्षाको व्यवस्था गरी जीवनव्यापी (उपयोगी) सिकाइ प्रकियालाई समुचित गर्नु ,
- समाजबाट निरक्षरतालाई उन्मूलन गर्न साक्षरता अभियान कार्यक्रम सञ्चादन गर्ने,
- अनौपचारिक शिक्षा बीचैमा छाडेका वा विद्यालय जाने अवसर नै नपाएका प्रौढ तथा बालबालिकाहरूलाई उपयुक्त शैक्षिक अवसर प्रदान गरी औपचारिक शिक्षाको विभिन्न तहहरूमा प्रवेश गराउने,
- अशिक्षित व्यक्तिहरूमा साक्षरता बढाई उनीहरूमा रहेको गरिबी, अज्ञानता र अन्धविश्वासबाट उन्मुक्ति दिलाउनु ,
- नागरिक चेतनामा अभिबृद्धि गराई उनीहरूलाई समाज र समुदायको जिम्मेवार तथा कर्तव्यनिष्ठ साथै उत्पादनशील नागरिकको रूपमा उभ्याउने,
- विभिन्न चेतनामूलक शिक्षा प्रदान गरी व्यक्तिको स्वास्थ्य स्थितिमा सुधार ल्याउनु, पोषण तथा वातावरण संरक्षण प्रति जागुरुक गराउन र
- मानिसहरूलाई विभिन्न माध्यमबाट जीवनपर्यन्त शिक्षा प्रदान गर्ने ।

## २.९ नेपालमा अनौपचारिक शिक्षाको महत्व

अनौपचारिक शिक्षा आफैमा एक सम्पूर्ण शिक्षा कार्यक्रम हो । यसले प्रत्येक व्यक्तिको जीवनस्तरमा परिवर्तन ल्याउने कुरालाई नकार्न सकिन्न । नेपाल जस्तो विकासोन्मुख देशमा यसलाई अत्यन्तै उपयोगी शिक्षाको रूपमा लिन सकिन्छ । हाम्रो देशमा विविध कारणले गर्दा विद्यालय गई औपचारिक शिक्षा लिन असमर्थ नेपाली जनसंख्यामा अत्यधिक रहेको छ ।[18] यसर्थ नेपालमा अनौपचारिक शिक्षाको महत्व धेरै छ । यसका महत्वहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- निम्न आयस्तर भएका जनताहरूको आयस्तरमा बृद्धि गराउनु
- शहरी क्षेत्रमा रोजगारीको सम्भावना बृद्धि गराउनु

[18] अधिकारी विष्णुप्रसाद, अध्ययन अनुमतिपत्र, स्रोत २०६१,पृष्ठ ३

- ग्रामीण क्षेत्रको उत्पादकत्वमा बृद्धि गराउनु
- तीब्र जन्मदरमा कटौती गर्नु,
- जनताको स्वास्थ्य र पोषणको क्षेत्रमा सुधार ल्याउनु,
- शिक्षाप्रतिको रुढिवादी अवधारणामा परिवर्तन ल्याउनु,
- साक्षरता सिकाइ र सञ्चारको माध्यमका निम्ति विशेष भूमिका निर्वाह गर्नु,
- देश विकासको काममा सहायक बन्नु,

व्यक्तिको लागि शिक्षाको सदुपयोग गराउँदै व्यक्तिको बानी र प्रवृत्तिमा आवश्यक विकास गरी सचेतनाकोअभिबृद्धि गराउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धका आवश्यक जानकारीप्रति सचेत गराउने, वैज्ञानिक पद्धतिमा व्यक्तिलाई ढाल्ने, व्यवसायमा दक्षता बढाउने, आफै पूर्ण हुने खालका महत्वपूर्ण भूमिका यो शिक्षाको रहेको छ ।

### २.१० विभिन्न आयोगको प्रतिवेदनमा अनौपचारिक शिक्षा

अनौपचारिक शिक्षा सम्बन्धी विभिन्न सालको आयोगले प्रतिवेदनहरू पेश गरेको पाईन्छ । २०११ सालको शिक्षा आयोगले पनि अनौपचारिक शिक्षा सम्बन्धी विभिन्न खालका अवधारणाहरू प्रस्तुत गरेको थियो । २०११ सालको अवधारणामा अनौपचारिक शिक्षा (प्रौढ शिक्षा) देश व्यापी र निशुल्कः हुने, निरक्षरता उन्मूलन गर्न १० वर्षे योजानको कार्यान्वयन गर्ने, महिला शिक्षामा जोड दिने, आधार शिक्षा सञ्चालन गर्न त्यसमा सुधार ल्याउनु पर्ने, प्रौढ साक्षरता प्रेरणादायक र व्यवस्थित हुनु पर्ने, कक्षा सञ्चालन गर्न उपयुक्त शिक्षणविधिको उपयोग गरिनु पर्ने, कक्षा सञ्चालन समय अनुकूल र पुस्तकालयको सञ्चालन हुनु पर्ने, कृषि, घरायसी काम, शिल्पकला, हस्तकला र उपयोगी कक्षाहरू सञ्चालनमा आउनु पर्ने, रेडियो शिक्षा, सिनेमा, व्यङ्गचित्र, कथा र अरु आधुनिक प्रविधिहरूको प्रयोग हुनु पर्ने, पाठ्यपुस्तकहरूमा लचिलोपन र सबैले बुझ्ने किसिमको हुनु पर्ने, पाक्षीक पत्रिका, पर्चाहरू सञ्चालनमा आउनु पर्ने, जस्ता कुराहरू यस योजना आयोगले प्रस्तुत गरेको छ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले पनि अनौपचारिक शिक्षालाई सुधारको धारमा ल्याउनु पर्छ भन्ने मान्यताका साथ समाजका प्रत्येक अङ्गलाई साक्षर बनाउने जीवन उपयोगी तालिम दिन लगाउने, समाज शिक्षाको व्यवस्था गरिनु पर्ने, अनौपचारिक शिक्षा निशुल्कः प्रदान गरिनु पर्ने र अनिवार्य पनि हुनु पर्ने कुरामा जोड दिएको देखिन्छ ।

अनौपचारिक शिक्षाको आवश्यक परिवर्तन र परिमार्जन हुनु पर्छ भन्ने अवधारणामा २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाले पनि अनौपचारिक शिक्षालाई २ तहमा विभाजन गरेको देखिन्छ । जसमा -

क) साक्षरतामूलक शिक्षा

ख) कार्यमूलक साक्षरता शिक्षा

नेपाल सरकारले कार्यमूलक प्रौढ शिक्षामा जोड दिंदै साक्षरता कार्यक्रम वर्गीय संगठन र स्थानीय विकासको संयुक्त जवाफदेहितामा सञ्चालन गरिने छ भनी उल्लेख गरेको देखिन्छ । त्यस्तै गरी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले अनौपचारिक शिक्षालाई विभिन्न कार्यक्षेत्रहरूमा विभाजन गरी फरक ढङ्गले आफ्नो अवधारणा अन्तर्गत प्रौढ शिक्षा, महिला शिक्षा, राष्ट्रिय साक्षरता अभियान जस्ता कार्य क्षेत्रहरू समावेश गरेको रहेका छ । यस आयोगले दिएको सुझावमा संस्कृत शिक्षामा पनि अनौपचारिक शिक्षा र दूरशिक्षाको व्यवस्था क्रमिक रूपमा गर्दै लानु पर्ने, निरक्षरतालाई साक्षरलाई उन्मूलन गर्न साक्षरोत्तर अभियान सञ्चालन गर्नुपर्ने, साक्षरतापछि साक्षरोत्तर कार्यक्रम र जीवन उपयोगी सीपमूलक शिक्षालाई सर्वसुलभ गर्न कदम चाल्नु पर्ने, राष्ट्रिय भाषा अथवा भाषिकाहरूलाई माध्यम भाषाको रुपमा समेत यसै प्रतिवेदनले उल्लेख गरे अनुसार अनौपचारिक शिक्षाका तहहरूलाई छुट्याउन गाह्रो भएतापनि यसले तीन तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू उपलब्ध हुने कुरामा जोड दिएको छ । आधारभूत तह (साक्षरता तह), मध्यम स्तरीय तह (साक्षरोत्तर तह), उच्चस्तरीय तह (स्वाअध्ययन तह) भनेर वर्गीकरण गरेको पाइन्छ । राष्ट्रिय स्तरमा निर्धारण गरिएका साक्षरताको स्तर आधारभूत साक्षरता रहने, एउटा नेपाली साक्षरले लेखपढ र गणितको कुन स्तरको ज्ञान प्राप्त गर्नु पर्छ ? भन्ने कुराको निर्णय गरी आधारभूत साक्षरताको शिक्षा प्रदान गर्नु पर्ने, साक्षरता तह प्राप्त प्रौढहरूले प्राथमिक तहको कुनै पनि तहमा भर्ना हुन पाउने र कारणवश विद्यालय छाड्न बाध्य औपचारिक विद्यार्थीहरूलाई पनि स्वअध्ययन तहको अनौपचारिक शिक्षामा सामोल गराउनु पर्ने जस्ता मुख्य अवधारणाहरू यो प्रतिवेदनमा उल्लेख गरिएको देखिन्छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले पनि अनौपचारिक शिक्षा सन्दर्भमा विभिन्न महत्वपूर्ण सोच र अवधारणाको निर्माण गरेको छ । शिक्षा मन्त्रालय अन्तर्गत अनौपचारिक शिक्षाको लागि काम गरेको परिषद् अनौपचारिक शिक्षा (एकाइलाई

पुनर्गठन गरी) राष्ट्रिय दायित्वले अनौपचारिक शिक्षा विकास केन्द्रको स्थापना गर्नु पर्ने, अनौपचारिक शिक्षा दृष्टिकोणलाई साक्षरता र साक्षरोत्तर शिक्षामा मात्र सीमित नराखी यसको क्षेत्र फराकिलो पार्दै अनौपचारिक प्राथमिक र अनौपचारिक माध्यमिक शिक्षा कार्यक्रमहरू प्रयोगात्मक रूपमा सञ्चालन गरिनु पर्ने, साक्षरता देखि उच्च शिक्षा सम्मका लागि अनौपचारिक माध्यमबाट शिक्षा प्रदान गर्न खुल्ला विश्वविद्यालयको स्थापना गर्नु पर्ने, शिक्षाका राष्ट्रिय उद्देश्यहरू तथा नीतिमा उल्लेख भए अनुसार अनौपचारिक रूपले शिक्षा आर्जन गर्ने प्रक्रियाको विकास गर्नु पर्ने यो बुँदालार्य पूर्णता दिन साक्षरताको राष्ट्रिय परिभाषा निर्धारण गर्ने, अनौपचारिक रूपमा शिक्षा आर्जन गर्नेलाई औपचारिक शिक्षा आर्जन गर्ने अवसर दिने, खुला विद्यालय र विश्वविद्यालयबाट अनौपचारिक शिक्षाको विस्तार गर्ने, पत्राचार, रेडियो, टेलिभिजनबाट विभिन्न विधिहरूको प्रयोग गरी अनौपचारिक शिक्षाको विस्तार गर्ने, जस्ता विषय वस्तुहरू समावेश गरी आयोगले अनौपचारिक शिक्षा सम्बन्धी आफ्नो प्रतिवेदनमा प्रष्ट पारेको पनि देखिन्छ ।

### २.११ शिक्षा नियमावली २०५९ मा अनौपचारिक शिक्षा

शिक्षा नियमावली २०५९ मा अनौपचारिक शिक्षा सम्बनन्धी विस्तृत व्यवस्था गरिएको छ । जुन नियम अनुसार अनौपचारिक शिक्षा दिन सक्ने दफा ४८ (१) मा विद्यालय भर्ना भई शिक्षा हासिल गर्न नसक्ने व्यक्तिहरूलाई :-

क) आधारभूत शिक्षा (प्रौढसाक्षरता शिक्षा)

ख) साक्षरोत्तर शिक्षा

ग) निरन्तर शिक्षा

घ) वैकल्पिक प्राथमिक शिक्षा

उपनियम १ बमोजिम दिइने अनौपचारिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास परिषद्‌बाट स्वीकृत भए बमोजिम हुने छ ।

क) आधारभूत प्रौढ साक्षरता शिक्षा दफा ४९ (१) साधारणतया १५ -४५ वर्ष सम्मका निरक्षर व्यक्तिहरूलाई आधारभूत प्रौढ साक्षरता शिक्षा प्रदान गरिने छ । (२) आधारभूत प्रौढ साक्षरता शिक्षाको सञ्चालन अवधि साधारणतया ६ महिनाको हुनेछ ।

ख)  साक्षरोत्तर शिक्षा दफा ५० (१) आधारभूत प्रौढ साक्षरता शिक्षा पूरा गरिसकेका व्यक्तिहरूलाई साक्षरोत्तर शिक्षा दिइने छ । (२) साक्षरोत्तर शिक्षाको कक्षा सञ्चालन अवधि ३-६ महिना सम्मको हुनेछ ।

ग)  निरन्तर शिक्षा दफा ५१ (१) साक्षरोत्तर शिक्षा हासिल गरिसकेका शिक्षार्थीलाई यो शिक्षा प्रदान गरिने छ । साथै (२) यसको कक्षा सञ्चालन समयावधि मन्त्रालयले तोके बमोजिम हुनेछ ।

घ)  बैकल्पिक प्राथमिक शिक्षा दफा ५२ (१) साधारणतया ६-१४ वर्ष उमेर समूहका बालबालिकाहरूलाई वैकल्पिक शिक्षा (प्राथमिक शिक्षा) दिन सकिन्छ । (२) वैकल्पिक प्राथमिक शिक्षाको कक्षा सञ्चालन समय अवधि सामान्यतः ९ महिनाको हुनेछ । (३) वैकल्पिक प्राथमिक शिक्षा हासिल गरेका बालबालिकाहरूलाई अनौपचारिक शिक्षा सम्बन्धी अन्य कार्यक्रमहरूलाई सामेल हुन पाउने व्यवस्था पनि गर्न सकिने छ । (४) वैकल्पिक प्राथमिक शिक्षा पूरा गरेका बालबालिकाहरूलाई विद्यालयले स्तर हेरी उपयुक्त कक्षामा भर्ना लिने व्यवस्था पनि यहाँ उल्लेख गरिएको छ । यसले उचित विषयवस्तुको समावेश गरी पाठ्यसामग्रीहरूको निर्माण गरिनु पर्ने कुरामा जोड दिइएको पाईन्छ । शिक्षाको संरचनामा औपचारिक अनौपचारिक व्यवसायमूलक तवरबाट शिक्षा र सीप प्रदान गर्न सकिन्छ भन्ने अवधारणा स्पष्ट रूपमा अगाडि सारेको छ । अनौपचारिक शिक्षालाई साक्षरता शिक्षा, कार्यमूलक प्रौढ शिक्षा चेलिबेटी कार्यक्रम जस्ता कार्यक्रमहरूबाट अगाडि सार्नु पर्ने, राष्ट्रिय शिक्षाको प्रस्तावित संरचनामा औपचारिक, अनौपचारिक प्राविधिक तथा व्यवसायिक शिक्षालाई यथासक्य व्यवस्थित र सम्बन्धित बनाउनु पर्ने कुराहरू पनि अगाडि सारेको देखिन्छ । यस योजनाले अनौपचारिक शिक्षाको आधारभूत साक्षरता र गणितको ज्ञानलाई आधारभूत तालिमको मान्यता दिनु पर्ने कुनै कारणले औपचारिक शिक्षा हासिल गर्न नसक्नेहरू अनौपचारिक रूपमा विभिन्न कार्यक्रमहरूमा सम्मिलित भई शिक्षा प्राप्त गर्ने (कक्षा १-३) प्राथमिक शिक्षाको लागि नयाँ आधार विद्यालयहरू स्थापना गर्ने, आवश्यक परेको समयमा बहुकक्षाहरू सञ्चालन गर्ने, गैरसरकारी संघ, संस्था, व्यक्ति र समुदायलाई अनौपचारिक शिक्षामा लगानी गर्न प्रोत्साहित गर्ने कुराहरूलाई पनि यसले अघि सारेको देखिन्छ ।

# परिच्छेद तीन

## ३. नेपालमा अनौपचारिक शिक्षा

### ३.१ स्थिति र विकास

विविधकारणले पढाइ लेखाइबाट बच्चित भएका प्रौढ तथा बालबालिकाहरूलाई उनीहरूकै पायक पर्ने ठाउँ र समय उपलब्ध गराई व्यवहारिक र कार्यमूलक शिक्षालाई नै अनौपचारिक शिक्षा भनिन्छ । [19] यसबाट छोटो समयमा सामान्य व्यवहारिक लेखपढ र हिसाब गर्न सक्षम तुल्याउनुका साथै चेतनाबृद्धि पनि गरिन्छ । सामाजिक आर्थिक कारणले गर्दा शिक्षको अवसरबाट बञ्चित हुन पुगेका प्रौढ महिला र बालबालिकाको लागि उनीहरूको निम्ति अनुकूल समय तथा वातावरण मिलाई गुणात्मक स्तरमा साक्षर हुने मौका दिलाउन शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिएको छ । निरक्षरहरूलाई साक्षर बनाउनुका साथै साक्षरोत्तर शिक्षा दिने र महिलाहरूका लागि सीपमूलक शिक्षा समेत प्रदान गर्ने उद्देश्यले अनौपचारिक शिक्षालाई अगाडि ल्याईएको देखिन्छ ।

अनौपचारिक शिक्षा विशेषज्ञहरू र पाठ्यक्रम विशेषज्ञहरूको प्रयासको फलस्वरुप युनेस्को बैंकको सहायतामा प्रौढ अनौपचारिक शिक्षा पाठ्यक्रम बन्यो । यसलाई तात्कालीन सरकारमा स्वीकृतिको लागि पेश गरियो । वि. सं. २०५३ सालमा गठन गरेको अनौपचारिक शिक्षा कार्यटोलीको सिफारिस अनुसार नै यथाशीघ्र स्वीकृतिका लागि सरकारमा सिफारिस भयो । वि. सं. २०५३।४।२२ मा बसेको अनौपचारिक शिक्षा परिषद्को बैङकले अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रमलाई स्वीकृति प्रदान गऱ्यो । यही समयबाट नेपालमा अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम तयार भएको देखिन्छ । [20]

सबै पाठ्यक्रमहरू एकपटक निर्माण भए पश्चात् संघर्षका लागि उपयुक्त हुदैनन् । अनौपचारिक शिक्षा क्षेत्रमा अनुसन्धान र अनुशीलन गर्न पाठ्यक्रमले मद्दत पुऱ्याउने हुँदा यस पाठ्यक्रममा पनि निरन्तर सुधार गरी प्रगतिको बाटोमा लाग्न मद्दत पुग्दछ । पाठ्यक्रम अनुसार पाठ्यसामग्रीहरू र निर्देशिकाहरू तयार गरिन्छ । अनौपचारिक शिक्षाको पाठ्यक्रम निरक्षरहरूलाई साक्षर बनाउने उद्देश्यले तय गरिएको हुन्छ । त्यही पाठ्यक्रमका आधारमा विभिन्न तहका लागि पाठ्यपुस्तक तयार गरिन्छ ।

---

[19] अनौपचारिक शिक्षा केन्द्र, अनौपचारिक शिक्षा एक परिचय २०६४

[20] अनौपचारिक शिक्षा केन्द, अनौपचारिक शिक्षा पाठ्यक्रम २०५३

अनौपचारिक शिक्षाको अवधारणा नेपालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन वि. सं. २०११ बाट प्रौढ शिक्षा, सबैलाई प्राप्त हुने अवधारणाबाट सुरु भयो । प्रतिवेदनमा प्रौढ शिक्षा सन्दर्भमा वि.सं. २००८।०९ मा संयुक्त राष्ट्र संघ कार्यमण्डलसंगको सहयोगमा शिक्षा मन्त्रालयको विश्व साक्षरता संस्थापनाका डा. श्री फ्याँक लोन्याकलाई तीन शिक्षाविद् र दुई कलाकारसँग नेपालमा बोलाएर ६ महिनाका लागि काम गऱ्यो । यसले ५ वर्षभित्र एक लाख प्रौढ साक्षरता बनाउने लक्ष्य राख्यो । [21] लेख्न पढ्न र साधारण गल्तिमा जोड दिनु यसको उद्देश्य रहेको थियो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले प्रौढ शिक्षा कार्यक्रम ७५ जिल्लामा एक वटा ग्राम पुस्तकालय खोली त्यसका नव साक्षर र साक्षरताहरूका लागि सुहाउदो पुस्तिका राख्ने कुराहरू समावेश भए । [22] राष्ट्रिय शिक्षापद्धतिको योजना (२०२८-२०३२) ले अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ शिक्षा दुई प्रकारको हुने कुरा उल्लेख गरेको देखिन्छ । [23] साक्षरता फैलाउने र कार्यमक प्रौढ शिक्षामा जोड दिइएको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले अनौपचारिक शिक्षा सम्बन्धी नीति प्रस्तुत गऱ्यो । साक्षरताको राष्ट्रिय परिभाषाका साथै शिक्षा प्रदान गर्ने अनौपचारिक र व्यवसायमूलक मार्ग अपनाएको देखिन्छ । [24] अनौपचारिक शिक्षाका आधारभूत, मध्यमस्तरीय र उच्चस्तरीय तहको उल्लेख भएको देखिन्छ । यस आयोगले अनौपचारिक रुपमा शिक्षा आर्जन गरेकाले अनौपचारिक शिक्षामा प्रवेश गर्ने अवसर प्रदान गरेको छ । २०५५ को प्रतिवेदनमा पनि अनौपचारिक शिक्षा सम्बन्धी उल्लेख गरेको छ । यसरी अनौपचारीक शिक्षाको पाठ्यक्रम बिभिन्न प्रतिवेदनहरुबाट विकसित हुदै आएको छ । हाल अनौपचारीक शिक्षा पाठ्यक्रम तीन तहमा बिभाजन भएर आएको देखिन्छ । आधारभूत, माध्यम, र स्वाजन तह प्रत्येक त्यसको परिभाषा, लक्ष्यित समूह, उदेश्यहरुको साक्षरता सीप सुनाइ, बोलाई, पढाई, लेखाइ अङ्क गणना र कार्यमूलक सीपलाई समावेश गरिएको छ ।

औपचारिक शिक्षा प्रणालीबाट बाहिर वा अलग रुपबाट खास उद्देश्य प्राप्तिका लागि निर्माण गरिएको शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । प्राचीन युगमा शिक्षा पाप्त गर्ने माध्यम अनौपचारिक शिक्षा मात्र थियो । बिज्ञानले समाजमा नयाँ अनुसन्धान र सफलताद्वारा विश्वलाई आधुनिकीकरण तर्फ डोऱ्यायो । यसको विकासले मानव समाजमा नयाँ आविस्कार

---

21 प्रतिवेदन (२०११)
22 प्रतिवेदन (२०१८)
23 प्रतिवेदन (२०३२)
24 प्रतिवेदन (२०४९)

शिक्षा, शिक्षालय र प्रविधि आदिको बिकास गऱ्यो । साथ साथै हरेक राष्ट्रमा लाखौं लाखका सङ्ख्यामा विद्यालय जान नसक्ने, विद्यालयबाट बाहिरिने, ज्ञान तथा सीप बिहीन भएर अलपत्र पर्ने मानिसको संख्यामा पनि बृद्धि भयो । यसरी प्राचीन समयदेखि आधुनिक समय सम्म आफ्नो महत्वलाई झन झन माथि उकास्न सफल रहेका शिक्षाको वैकल्पिक प्रभावकारी माध्यमका रुपमा विश्वले मान्ने गरेको शिक्षालाई परिभाषा दिनेक्रममा फिलिप एच कुम्बस र मन्सुर अहमदले जुन क्रमबद्ध शैक्षिक क्रियाकलापले पूर्ण विकसित अनौपचारिक पद्धति भन्दा बाहिर छुट्टै रुपमा व्यापक दृष्टिकोणले गरेको हुन्छ र सिकाउँदा निश्चित उद्देश्यहरू पूरा गर्ने लक्ष्य राखेको हुन्छ । [25]

पाउलो फेरेका अनुसार कुनै पूर्वनिर्धारित वा पहिले नै निश्चित गरिएको पाठ्यक्रम केही पनि नजान्ने ठानिएका विद्यार्थीलाई अरुकौ बासी पूराण घोकाउने प्रक्रिया औपचारिक शिक्ष हो भने त्यसको ठीक  विपरीत सिकारुहरूको सुषुप्त प्रतिभाको कदर गरी उनीहरूको इच्छा र आवश्यकता अनुरुप आपसमा सिक्ने सिकाउने प्रक्रिया नै अनौपचारिक शिक्षा हो ।

यसरी यी परिभाषाका आधारमा अनौपचारिक शिक्षा भन्नाले विशेष गरी लक्षित समूहका लागि विद्यालय भन्दा बाहिर संगठित गरिएको शैक्षिक कार्यक्रमलाई अनौपचारिक शिक्षा भनिन्छ ।

### ३.२ अनौपचारिक शिक्षा पाठ्यक्रमको ढाँचा

पाठ्यक्रमले ऐतिहासिक आवश्यकता पूरा गर्न र यसले साक्षरता, साक्षरोत्तर शिक्षा र निरन्तर शिक्षा कार्यक्रम चलाउने सबै सरकारी र गैरसरकारी निकायहरूलाई मागै दर्शन गर्दछ । नेपाल सरकार शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्रले अनौपचारिक शिक्षा पाठ्यक्रम प्रकाशित गरेको छ । अनौपचारिक शिक्षा पाठ्यक्रमको ढाँचा तीन तहमा विभाजन गरेको छ ।

#### ३.२.१ आधारभूत तह

सामान्यतया १५ देखि ४५ वर्षका निरक्षर युवा प्रौढहरूलाई उनीहरूको आधारभूत समस्या समाधान गर्न आवश्यक ज्ञान सीप र प्रवृतिको विकास गरी चिठी पत्र निवेदन जस्ता कुराहरू पढ्न, बुझ्न, लेख्न र व्यवहारिक हर हिसाब गर्न सक्षम तुल्याई उनीहरूको जीवनस्तर माथि उठाउन मद्दत पुऱ्याउने शिक्षालाई अनौपचारिक शिक्षाको आधारभूत तहको

25 zd{ P)* zdf{, lzIfsf] bz{gzf:qLo, ;dfhzf:qLo cfwf/, ;g= klAnz;{ -2013_ k[i& 331

शिक्षा भनिन्छ । यस तहको लक्ष्यित समूह प्राथमिक शिक्षाको अवसर नपाएका प्रौढ र साक्षरता सीप हासिल नगरी बीचैमा विद्यालय छाडेका प्रौढहरू हुन् ।

आधारभूत शिक्षा तह पूरा गरी सके पश्चात् प्रौढ सहभागीहरूले साक्षरता भाषाको सुनाइ, बोलाइ, पढाइ, लेखाइ गणितका कार्यमूलक ज्ञान सीप र प्रवृत्ति हासिल गर्न सक्ने हुन्छन् । अरुले भनेका कुरा सुनेर बुझ्ने, आफ्नो मनमा लागेका कुरा अरुले बुझ्ने गरी व्यक्त गर्न सक्दछन् । पढाइमा नेपाली भाषाका सबै व्यञ्जन, स्वर, मात्रा र बढी चलन चल्तिका चिन्हहरू, सरल शब्दहरूले बनेका वाक्य पढ्न, सरल भाषामा लेखिएका छोटा कथाहरू, कुराकानी चिठीपत्र नाटक अनि १००० सम्मको अङ्क चिन्न र पढ्न सक्ने हुन्छन् । लेखाइमा भाषाका व्यञ्जन, स्वर, मात्रा बढी चलन चल्तिका चिन्हहरू, सरल शब्दहरूले बनेका वाक्य पढ्न, सरल भाषामा लेखिएका छोटा कथाहरू, कुराकानी चिठीपत्र निवेदनका साथै अनुच्छेद लेख्न सक्ने हुनेछन् । १ देखि १००० सम्मको अङ्क चिन्न र पढ्न सक्ने पनि हुनेछन् । यस तहमा सरसफाइको आवश्यकता र फाइदालाई व्यवहारमा प्रयोग गर्न, वनजङ्गल संरक्षण वृक्षारोपण जस्ता क्रियाकलापबाट हुने फाइदाको आवश्यकता बुझ्न सक्दछन् । परिवारको आपसी सहयोग, उन्नत खेती, पशुपालन, नागरिक हक अधिकार, परिवार समुदायमा महिलाले पुरुष सरहको भूमिका निर्वाह गर्नु पर्ने, गाउँघरमा लाग्ने (फैलने) सरुवा रोगको कारण र रोकथामका उपायहरू अपनाउन सक्ने सीप तथा दक्षता हासिल गर्न सक्ने हुन्छन् र माथि उल्लेखित भनाईको आधारमा यस तहको पाठ्यक्रमको ढाँचा निम्नानुसारको रहेको छ ।

## अनौपचारिक शिक्षामा आधारभूत तहको पाठ्यक्रम ढाँचा [26]

| मुख्य विषय क्षेत्र | १.१ | १.२ | १.३ | १.४ |
|---|---|---|---|---|
| क) वातावरण सरसफाई | घर परिवारको सरसफाई | फोहोरमैला सर्वसुलभ बीचको प्रयोग | बाढी पहिरो र वृक्षारोपण | वनजङ्गलको उपयोगीता संरक्षण |
| ख) पारिवारीक जीवन | सुखमय जीवनका लागि काम | सानो परिवार सुखि परिवार | आमा बाबुको उत्तरदायित्व | परिवारको आकार परिवार कल्याण |
| ग) अर्थोपार्जन कृषि | उन्नत खेतीपाती | आयमुलक कार्यक्रम र किनबेच | पशुपालन | घरेलु उद्योग ऋण बचत |
| घ) नागरिक चेतना | परिवार छिमेकमा आपसी सहयोग | नागरिक दायित्व र कर्तव्य | सूचना र सञ्चार | राजनीतिक व्यवस्था र चुनाव |
| ङ) महिला र विकास | ढिलो विवाह | परिवार र समुदायमा महिलाको सहभागिता | महिला शिक्षा | सामुदायिक विकासमा महिला सहभागिता |
| च) संस्कृति र परम्परा | आर्थिक स्रोत र भेषभूषा | धार्मिक चाड पर्वहरू | हाम्रा चाड पर्वहरू | हाम्रा परम्पराहरू |
| छ) स्वस्थ्य र पोषण | फोहोर वातावरण र झाडा पखाला | गर्भवती महिला र शिशु स्याहार | पोषिलो खानेकुरा | सरुवा रोगहरू |

### ३.२.२ मध्यम तहको पाठ्यक्रम

मध्यम तह अर्थात साक्षरता भनेको आधारभूत तहबाट प्राप्त साक्षरता र कार्यमूलक सन्देशलाई अझ सवल बनाई दैनिक जीवनमा आई पर्ने समस्यालाई समाधान गर्न घर व्यवहारको लागि उपयोगी हरहिस गर्न सक्ने, सरल पुस्तिका र पत्रपत्रिका पढ्न सक्ने बनाउने तह नै मध्यम तह अथवा साक्षरता तह हो । यस तहको अध्ययन तथा अध्यापनबाट वातावरण सरसफाई पारिवारिक जीवन , अर्थोपार्जन र कृषि, नागरिक चेतना, महिला विकास, संस्कृति र परम्परा तथा पोषण जस्ता विषयमा जीवनपयोगी थप ज्ञान र सीप हासिल गर्न सक्षम हुने, खालको पाठ्यक्रमलाई समाहित गरिएको छ । यस पाठ्यक्रमको लक्ष्यित समूह

26 ने. स. अ. शि. के. अनौपचारिक शिक्षा पाठ्यक्रम, २०५३, पृष्ठ ४

भनेको आधारभूत तह पार गरिसकेको सहभागीहरू र मध्यम तहमा भर्ना हुन आवश्यक ज्ञान र सीप हासिल गरेका समूह नै हुन् ।

मध्यम स्तर पार गर्ने सहभागीहरूको सरल पुस्तिका र पत्रपत्रिका पढ्न साधारण चिठी तथा निवेदन लेख्ने, दैनिक जीवनमा देखा पर्ने कृषि, स्वास्थ्य, पोषण, जासंख्या र वातावरण जस्ता समस्याहरू समाधान गरी जीवन स्तरमा सुधार र मानव अधिकार तथा राजनैतिक विषयवस्तुसँग सचेत भई आवश्यकता अनुसार व्याख्या गर्न , सरकारी तथा गैरसरकारी निकायहरूबाट उपलब्ध गराउने सेवा र सुविधाहरूको उपयोग गर्ने, किनबेच, नापतौल, लागत जस्ता समस्यामूलक साधारण हरहिसाब गर्न सक्ने, ज्ञान, सीप र दक्षता हासिल गर्ने छन् । मध्यम तहको पाठ्यक्रमको ढाँचा निम्नानुसार रहेको छ ।

**अनौपचारिक शिक्षा मध्यम तह पाठ्यक्रम ढाँचा** [27]

| **मुख्य विषय क्षेत्र** | २.१ | २.२ | २.३ |
|---|---|---|---|
| क) वातावरण संरक्षण र सरसफाई | बोट, बिरुवा, जनावर र मानिसको बीच अन्तरसम्बन्ध | वृक्षारोपण वातावरण संरक्षण | जवसंख्या बृद्धि प्रदुषण |
| ख) पारिवारीक जीवन | सुरक्षित मातृत्व र जन्मान्तर | परिवार नियोजन र सानो परिवार | जनसंख्या समस्या |
| ग) अर्थोपार्जन कृषि | उन्नत जातका बाखा पालन | व्यवसाहिक तरकारी खेती, आलु, मूला, काउली आदि | फलफूलखेती आँ सुन्तला, केरा आदि |
| घ) नागरिक चेतना | राजनैतिक व्याख्या | नागरिक अधिकार र कर्तव्य | सामाजिक मूल्य मान्यता, कुलत र क्ष |
| ङ) महिला विकास | परिवार र समाजमा महिलाको भूमिका | महिला विकासमा सहयोग पुऱ्याउने कारक तत्व | हाम्रो देश महिलाहरूको खाना |
| च) संस्कृति र परम्परा | विभिन्न धर्म र परम्परा | चाडपर्वहरू | चाडपर्वहरूको सामजिक महत्व |
| छ) स्वास्थ्य र पोषण | सरसफाई र सरुवा रोगहरू | स्थानीय उपलब्ध र पोषिला खानेकुरा | कुपोषण |

### ३.२.३ स्वाध्ययन तहको पाठ्यक्रम

१५ देखि ४५ वर्ष सम्मका मध्यम तह पार गरेको अनौपचारिक तथा औपचारिक शिक्षाबाट मध्यम तह वा मध्यम सरहको आवश्यक ज्ञान सीप प्राप्त गरी स्वाध्ययन तहमा

27 अनौपचारिक शिक्षा पाठ्यक्रम (२०५३) पृष्ठ १४

अध्ययन गर्न सक्षम कुनै पनि शिक्षाबाट मध्यम तहको क्षमता प्राप्त गरेका लक्षित समूहलाई दिइने शिक्षा पाठ्यक्रम स्वाध्ययन तहको पाठ्यक्रम हो । स्वाध्ययन तह प्राप्त गरेका सहभागीहरूले आफ्नो दैनिक व्यवहारमा प्रयोग गरी जीवन पद्धति सुधार गर्न सक्ने हुनु पर्दछ । पढाइ, लेखाइ र गणितीय सीपमा अपेक्षित विकासका साथै प्राप्त कार्यमूलक ज्ञान सीप र सूचनाबाट आफ्नो धारणामा सकारात्मक परिवर्तन भई व्यवहारमा लागू गर्न, जीवन उपयोगी आधारभूत आवश्यकता पुऱ्याउने स्रोतको पहिचान गरी आई परेका समस्या समाधान गर्न सक्षम हुने सचेत नागरिकको रूपमा आफ्नो परिवार र समुदायको विकासमा आवश्यक भूमिका खेल्नको निम्ति सक्षम हुने र आवश्यकता अनुसार सूचना एवम् जानकारी सङ्कलन गरी स्वाध्यनमा निरन्तरता कायम गर्नका लागि यस तहको पाठ्यक्रमको निर्माण गरिएको छ ।

स्वाध्ययन तह पूरा गरेका सहभागीहरू कृषि स्वास्थ्य पोषण वातावरण र जनसंख्या जस्ता विषयमा आई पर्ने साधारण समस्या हल गरी स-साना घरेलु उद्योग तथा साना व्यवसाय सञ्चालन गरी जीवन पद्धतिमा सुधार गर्ने किसिमका कार्यमूलक सीप हासिल गर्ने उद्देश्य राखेका हुन्छन् । पढाइ अन्तर्गत सरल नेपाली भाषामा लेखिएका पाठ्यपुस्तकहरू शुद्धसँग पढ्न, अर्थ बुझी व्याख्या गर्न र आफूलाई उपयोगी स्रोत सामग्रीहरू संकलन गरी अध्ययन गर्न, व्यवसायिक जीवन समावेश गरिएको छ । लेखाइ अन्तर्गत आफूले पढेका कुराहरू शुद्धसँग लेख्ने र मनको अभिव्यक्ति लिखित रूपमा व्यक्त गर्न, चिठी तथा भौचर रसिद, ऋण फाराम आदि शुद्धसँग भर्न साथै पारिवारिक बजेट र सानो तिनो व्यसायिक योजना बनाउने सीप हासिल गर्ने उद्देश्य यस तहको पाठ्यक्रममा समावेश गरिएको छ ।

**स्वाध्यन तहको पाठ्यक्रम ढाँचा [28]**

| मुख्य विषय क्षेत्र | ३.१ | ३.२ |
|---|---|---|
| क) वातावरण संरक्षण र सरसफाई | घर र घर परिवारको वातावरण स्वच्छ राख्ने उपाय | वातावरण संरक्षण गर्ने उपाय |
| ख) पारिवारीक जीवन | जनसंख्या समस्या | परिवार कल्याण |
| ग) अर्थोपाजर्न कृषि | कृषि विकासका लागि सहकारी संस्थाहरू | अर्थोपाजन गर्ने सीप र उपयुक्त स्थानीय प्रविधि |
| घ) नागरिक चेतना | सामुदायिक विकासका लागि सहकारी संस्थाह | स्थानीय तहमा उपलब्ध सेवा र सुविधाको उपयोग |
| ङ) महिला र विकास | महिला विकासका लागि उपलब्ध सेवा र सुविधा | महिलाहरूको अधिकार र कर्तव्य |
| च) संस्कृति र परम्परा | सामुदायिक पसम्परामा सम-सामयिक सुधार | हाम्रो संस्कृति र परम्परा सांस्कृतिक) |
| छ) स्वास्थ्य र पोषण | उपलब्ध खाद्य वस्तु र स्वास्थ्य सेवाहरूको सही उपयोग | दूव्यसन, दुर्घटना र प्राथमिक उपचार |

## ३.३ अनौपचारिक शिक्षा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन

जब २०५३ साल साउन २२ गते अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम स्वीकृति भयो । त्यसपछि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम तयार भयो । ऐतिहासिक आवश्यकतालाई परिपूर्ति गर्नका लागि अनौपचारिक शिक्षा पाठ्यक्रमको तहगत पाठ्यक्रममा पाठ्यक्रमको खाका विवरणलाई समावेश गरिएको छ । अनौपचारिक शिक्षा पाठ्यक्रम समावेश भएको छ । पाठ्यक्रममा समाविष्ट विषयलाई यसरी अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ आधारभूत तहको पाठ्यक्रम

28 अनौपचारिक शिक्षा पाठ्यक्रम (२०५३) पृष्ठ २९

आधारभूत तहको पाठ्यक्रमले प्राथमिक शिक्षाको अवसर नपाएका प्रौढहरूमा साक्षरता सीप हासिल गरी बीचमा विद्यालय छाडेका प्रौढलाई सुनाइ, बोलाइ, पढाइ, गणित र कार्यमूलक सन्देशको ज्ञान सीप र प्रवृत्ति हासिल गर्ने उदद्देश्यले यो तहको पाठ्यक्रम निर्माण गरिएको छ । आधारभूत तह १ को पाठ्यक्रमका मुख्य विषय क्षेत्रहरूमा वातावरण संरक्षण र सरसफाई, पारिवारिक जीवन, अर्थोपार्जन कृषि, नागरिक चेतना, महिला र विकास, संस्कृति र परम्परा, स्वास्थ्य र पोषण समावेश गरिएको छ । यी विषय क्षेत्रमा चार चार वटा उपक्षेत्रहरू पनि राखिएको छ । मुख्य विषय क्षेत्रका विषयहरूका उपविषय क्षेत्रहरू भित्र पनि कार्यमूलक सीप समावेश गरिएको छ । त्यसभित्र सामग्रीहरू कस्ता राख्ने मुख्य भाषिक सीप र गणित सम्बन्धी सीपलाई हरेक उपविषयमा समावेश गरेको देखिन्छ । भाषिक सीपमा अक्षर अन्तर्गत स्वर एक, व्यञ्जन दोस्रो, पहिलो उपविषयमा राखिएको छ । दोस्रो उपविषयमा मुख्य शब्द फोहोर मैला राखिएकामा स्वर २, व्यञ्जन १, शब्द ३० र वाक्य ८ अनि अनुच्छेद तोकिएको छ । तेस्रोमा व्यञ्जन ३, शब्द ३०, वाक्य ५, अनुच्छेद ८, वाक्य भएको र ३ अनुच्छेदसम्मको कथालाई समावेश गरिएको छ । चौथोमा अक्षरमा स्वर २०, वाक्य निर्देशनात्मक १, अनुच्छेद, समस्यामूलक १ पेजको, र कथा ३ पेजको हुने सीपलाई समावेश गरिएको छ । यसरी विषय अन्तराल क्रमिक रूपमा विकास गरिदै लगिएको छ । पाठ्यक्रममा समाविष्ट सात वटा विषय अन्तर्गत तार चारवटा उपविषय समावेश गरिएको छ ।

### ३.३.२ मध्यम तहको पाठ्यक्रम

आधारभूत तह पार गरेका १४ देखि ४५ वर्ष उमेरका मध्यम तह भर्ना हुन आवश्यक ज्ञान सीप  हासिल गरेका  समूहका लागि निर्मित पाठ्यक्रम मध्यम तहको हो । मध्यम तहको पाठ्यक्रमले सरल पुस्तिका र पत्रपत्रिका पढ्न साधारण चिठी तथा निवेदन लेख्ने दैनिक जीवनमा देखा पर्ने कृषि  स्वास्थ्य, पोषण जनसंख्या र वातावरण जस्ता समस्याहरू समाधान गरी जीवनस्तरमा सुधार गर्ने ज्ञान सीप र प्रवृत्ति हासिल गर्ने उद्देश्यहरू किटान गरिएको छ । शिक्षण गर्ने क्रमका आधारमा विषय वस्तुकौ व्यवस्था गरिएको छ । यसमा ७ वटा  विषय क्षेत्र समावेश भएका छन् भने ती अन्तर्गत ३ उपविषयहरू समावेश गरिएका छन् । वातावरण संरक्षण र सरसफाई विषय अन्तर्गत बौटबिरुवा, जनावर र मानिस बीचको अन्तरसम्बन्ध, वृक्षारोपण, वातावरण संरक्षण र जनसंख्या बृद्धि रहेका छन् । पारिवारिक जीवन अन्तर्गत सुरक्षित मातृत्व र जन्मअन्तर, परिवार नियोजन र सानो परिवार

साथै जनसंख्या समाहित छन् । अर्थोपार्जन र कृषि विषय अन्तर्गत उन्नत जातका बाख्रा पालन, व्यवसायिक तरकारी खेती आलु, मूला, काउली र फलफूल खेती आँप, सुन्तला, केरा समावेश गरेको छ । त्यस्तै नागरिक चेतना अन्तर्गत राजनैतिक व्यवस्था, नागरिक  कर्तव्य, सामजिक मूल्य र मान्यता, कुलत र क्षती रहेका  छन् । महिला विकास अन्तर्गत परिवारमा र समाजमा महिलाको भूमिका, महिला विकासमा सघाउ पुऱ्याउने कार्यक्रम रहेका छन् । त्यस्तै संस्कृति र परम्परा, स्वास्थ्य र पोषण अन्तर्गत पनि तीन तीन उपविषय समाहित भएका छन् ।[29]

प्रत्येक विषयमा कार्यमूलक सीप भाषिक सीप र गणित जोड दिइएको छ । साथै भाषा विषय अन्तर्गत यी ३ सीप विकासको कुरालाई पाठ्यक्रमले निर्धारण गरेको छ । तीनै सीप विकासको लागि प्रत्येक विषय क्षेत्रमा क्रमिकताका आधारमा यसको निर्धारण गरिएको छ । मध्यम तहको पाठ्यक्रमले कार्यमूलक भाषिक सीप र गणितीय सीप आर्जनका लागि सामग्री विधि मूल्याङ्कनका तरिका समेतलाई पाठ्यक्रममा नै समावेश गरिएको छ । पाठ्यक्रमका हिसाबले अटाउन सक्ने विषयवस्तुलाई व्यवहारिकतामा बढी जोड दिएको खण्डमा उपयुक्त हुन्छ ।

### ३.३.३ स्वाध्ययन तहको पाठ्यक्रम

स्वाध्ययन तहको पाठ्यक्रम १५ देखि ४५ वर्ष सम्मका मध्यम तह पार गरेका अनौपचारिक तथा औपचारिक शिक्षाबाट मध्यम तह वा मध्यम तह सरहको आवश्यक ज्ञान र सीप प्राप्त गर्न निर्माण गरेको पाइयो । स्वाध्यन तहमा अध्ययन गर्ने प्रौढहरूका लागि यस पाठ्यक्रमले कार्यमूलक सीप, लेखाइ र गणितका सीपहरू प्रदान गर्नु मुख्य लक्ष्य रहेको छ ।

यस तहको पाठ्यक्रमको खाका शिक्षण गर्ने क्रम अनुसार उचित  विषयवस्तुको व्यवस्था गरिएको देखिन्छ ।[30] यस तहको पाठ्यक्रममा पनि ७ वटा मुख्य क्षेत्र दिइएको छ । ती विषय क्षेत्र अन्तर्गत दुईवटा विषयहरू समावेश गरिएको छ । वातावरण संरक्षण र सरसफाई घर र घर परिवारको जीवन अन्तर्गत जनसंख्या समस्या र परिवार कल्याण राखिएको छ । अर्थोपार्जन र कृषिमा, कृषि विकासका लागि सहकारी संस्थाहरू र अर्थोपार्जन गर्ने सीप रहेका छन् । नागरिक चेतना विषयको क्षेत्र सामुदायिक विकासका लागि

29 अनौपचारिक शिक्षा पाठ्यक्रम (२०५३) पृष्ठ १४
30 अनौपचारिक शिक्षा पाठ्यक्रम (२०५३) पृष्ठ १५

जनसहभागिता र स्थानीय तहमा उपलब्ध सवा र सुविधाहरू, महिलाको हक अधिकारका साथै कर्तव्य पनि समेटिएको देखिन्छ । संस्कृति र परम्परा अन्तर्गत सामाजिक परम्परा समसायिक सुधार र हाम्रो संस्कृति अनि सांस्कृतिक संपदा परेका छन् । त्यस्तै स्वस्थ्य र पोषण अन्तर्गत उपलब्ध  खाद्यवस्तु र स्वास्थ्य सेवाहरूको सही उपयोग अनि दुर्व्यशन दुर्घटना, प्राथमिक उपचारलाई समावेश गरिएको छ । यस तहको पाठ्यक्रम खाकाका प्रत्येक विषय क्षेत्रका उपविषय क्षेत्रमा कार्यमूलक सीप भाषिक सीप र गणितका ज्ञानहरू हासिल गर्ने विषय अन्तर्गत शीर्षकहरू थप गरिएको देखिन्छ । यी सीप हासिल गर्नका लागि अपनाइने क्रियाकलापहरू साथै सामग्री विधि र मूल्याङ्कनको पनि उल्लेख गरिएको छ ।

## ३.४ अनौपचारिक पाठ्यक्रमको मध्यम तहमा भाषिक सीप

अनौपचारिक शिक्षा अन्तर्गत मध्यम तहको पाठ्यक्रममा ७ वटा  विषयवस्तु समावेश गरिएको छ । ती प्रत्येक  विषयमा भाषिक सीपलाई महत्व दिइएको छ । कार्यमूलक सीप, गणित सीप र भाषिक सीप पनि पाठ्यक्रममा समावेश गरिएको छ । पहिलो विषयको वातावरण संरक्षण र सरसफाई विषयमा सम्बन्धित विषय वातावरण संरक्षण, वृक्षारोपण, भू-क्षय, वायुमण्डल जस्ता शब्दहरूबाट बढीमा १० शब्दले बनेको वाक्य र बढीमा १० वाक्यको ६ वटा अनुच्छेद पढ्न सक्ने र बोटबिरुवाबाट हुने फाइदा बारे ६-७ वाक्यका अनुच्छेद लेख्न सक्ने सीप हासिल गराउने कुरा पाठ्यक्रममा तोकिएको छ । दोस्रो विषय अन्तर्गत पारिवारिक जीवनमा भाषिक र व्यवहारिक सीप उपलब्ध गराइने क्रममा  सुरक्षित मातृत्व, जन्म अन्तर, गर्भावस्था, गर्भाधारण, मातृशिशु जस्ता शब्दहरूको प्रयोग भएका बढीमा १० शब्दले बनेका दस वाक्यका ६ वटा अनुच्छेद स्वर वाचन गर्न सक्ने र गर्भवतीको खाना बारे ६-७ वाक्यको अनुच्छेद लेख्ने सीप हासिल गर्न सक्ने कुरा समावेश भएको छ । तेस्रो विषय अन्तर्गत अर्थोपार्जन र कृषिमा उन्नत नल सुधार ईफिलडाले घाँस, बाख्रा, खोरैन जस्ता शब्द भएका समस्यामूलक कथा अनुच्छेद र चिठी पढ्न सक्ने सीप हासिल गर्न सक्ने विषयवस्तु अटाइको छ । चौथो विषय नागरिक चेतनाबाट भाषिक सीप आर्जनका लागि पाठ्यक्रममा शब्द सस्वर पढाई र लेखाई सीप आर्जन गर्ने कुरा उल्लेख छ । प्रजातन्त्र बहुदलियता, चुनाव, मताधिकार, उम्मेदवार, संविधान, विशेषता जस्ता बढीमा १० वटा शब्दहरू प्रयोग भएका, ३० वटा वाक्यहरूले बनेको ६ वटा अनुच्छेद पढ्न र बहुदलियता व्यवस्थाका सकारात्मक पक्षबारे ६-७ वाक्यको अनुच्छेद लेख्न सक्ने सीप हासिल गराउने उद्देश्य राखिएको छ । पाँचौ विषय महिला

विकासमा भाषिक सीप हासिल गर्नका लागि विकासमा भाषिक सीप हासिल गर्नकालागि घरमूली अवला, उत्तरदायित्व, गृहिणी जस्ता शब्दहरू भएको अनुच्छेद पढ्न २,६,७ वाक्यको अनुच्छेद लेख्न सक्ने उद्देश्य रहेको छ । छैठौं विषयमा स्रस्कृति र परम्परा विषयमा भाषिक सीप हासिल गर्नका लागि धर्म, रीतिरिवाज, परम्परा, सहिष्णुता, धर्म निरपेक्षता जस्ता शब्दहरू भएका बढीमा दश वटा शब्दले बनेका वाक्यहरू बुँदा तथा प्रश्न उत्तर लेख्न सक्ने सीप हासिल गर्न सक्छन् । सातौं विषय स्वास्थ्य र पोषण बाट प्राप्त गर्न सकिने भाषिक सीप अन्तर्गत दश वटा पारिवारिक शब्दहरू र दश वटा वाक्यहरूले बनेका ६ वटा अनुच्छेद पढ्न र चिठी लेख्न सक्ने सीपलाई जोड दिएको छ ।

यसरी मध्यम तहको पाठ्यक्रम खाकालाई नियालेर हेर्दा सातौं विषयमा फरक फरक ढङ्गबाट भाषिक सीप हासिल गर्न सक्ने क्षमताको विकास गराएको छ । फरक फरक विषयका फरक फरक शब्द वाक्य अनुच्छेद पढ्न वा लेख्न सक्ने तुल्याउनु यस पाठ्यक्रमको उद्देश्य हो । भाषिक सीपलाई बृद्धि गर्नका लागि फरक किसिमका विषयमा फरक फरक भाषिक सीप आर्जन गर्न सक्ने गरी पाठ्यक्रममा समावेश गरिएको छ । यसमा समावेश भएका शब्द वायुमण्डल, ईफिल, संविधान, अवला, कठिन देखिन्छन् । त्यस तहका वा उमेरका व्यक्तिले बुझ्न, लेख्न सिक्ने शब्द तथा वाक्यहरू प्रस्तुतिका दृष्टिले उपयोगी छन् । यसमा केही शब्दहरु कठिन खालको देखिन्छ ।

### ३.५ अनौपचारिक शिक्षा अन्तर्गत महिला शिक्षा

महिला विकास सम्बन्धी अन्तर्राष्ट्रिय प्रयासहरू जति भए पनि शुरुमा अनौपचारिक शिक्षाकै माध्यमबाट महिला विकासका कदम चालियो । अर्धविकसित, विकासोन्मुख र विकसित देशहरूले आ-आफ्नो क्षेत्रबाट गर्नु पर्ने सहयोग तयार पारेर कार्यान्वनमा लानु पर्ने योजनाहरूलाई विभिन्न विश्व सम्मेलनबाट पारित गराएका छन् । सन् १९७५ मा अन्तर्राष्ट्रिय नारी वर्षको सन्दर्भलाई लिएर संयुक्त राष्ट्र संघको आयोजनामा मेक्सिको शहरमा पहिलो अन्तराष्ट्रिय महिला सम्मेलन भयो । त्यहाँ राष्ट्रिय कार्ययोजना तयार गरी योजनाबद्ध रूपमा कार्यान्वयन गर्नका लागि सरकारी तथा गैरसरकारी क्षेत्रलाई सञ्चालनमा ल्याउनु पर्ने कुराको निर्णय भयो । सन् १९८० मा डेनमार्कको कोपन हेगनमा भएको अन्तर्राष्ट्रिय महिला सम्मेलनले सन् १९७५ मा भएको पहिलो सम्मेलनमा प्रस्ताव गरिएका विषयवस्तुहरूको लेखाजोखा गरी ती कार्यक्रमहरूलाई अझ तीब्र गति दिने प्रतिबद्धता जाहेर गऱ्यो । सन् १९८५ मा केन्याको नैरोवीमा सम्पन्न भएको तेस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलनमा नैरावी

अग्रगामी रणनीति तयार पारी महिलासँग सम्बन्धित रणनीतिहरूलाई सन् २००० सम्ममा पूरा गरिने लक्ष्य राखेको देखिन्छ ।[31] सन् १९९५ मा चीनको बेइजिङ्गमा सम्पन्न चौथौ अन्तराष्ट्रिय महिला सम्मेलनमा नैरोवीमा भएका विवादित लक्ष्यलाई एक एक गरी पहिचान गर्ने र गम्भीर प्रकृतिका सम्बन्धित विषयहरूमा ध्यान केन्द्रित गर्ने भन्ने विश्व महिला आम्दोलनमा तय भए । जसमा १२ वटा गम्भीर सरोकारका क्षेत्रहरूको पहिचान भयो ।

नेपालमा महिला शिक्षा परापूर्वकाल दैखि नै सुरुवात भई विभिन्न प्रयोगमा रहेको कुरा इतिहासमा उल्लेख छ । महिला शिक्षा विकासका लागि प्रधानमन्त्री वीर शमशेरको पालामा गंगावाईले यसको प्रारम्भ गरेकी थिइन् भने वि. सं. १९८० मा चन्द्र शमशेरले कन्या पाठशालाको स्थापना गरेका थिए ।[32] बेइजिङ्ग कार्यनीति पारित गरेका १२ वटा लक्ष्यहरूलाई कार्यान्वन गर्न ध्यान केन्द्रित गरको थियो । यी १२ वटा कार्ययोजनाको अनुमोदन १८१ सदस्य राष्ट्रहरुले गरे । नेपालमा सन् १९७२ मा शिक्षा परियोजनाको स्थापना भएको थियो । सन् १९८० मा स्थानीय विकास मन्त्रालयमा महिला विकास शाखाको स्थापना गरेको थियो । सन् १९८७ मा शिक्षा मन्त्रालय र कृषि मन्त्रालयले महिला विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरे । सन् १९९३ मा शिक्षा तथा समाज कल्याण मन्त्रालयले सन् १९७२ मा स्थापना गरको महिला शिक्षा परियाोजनालाई महिला विकास शाखाका रूपमा परिणत गर्‍यो । सन् २००२ मा महिला आयोग स्थापना भयो । शिक्षा मन्त्रालयको महिला शिक्षाद्वारा सञ्चालित कार्यक्रममा प्राथमिक विद्यालय छात्रवृत्ति, स्थानीय विद्यालय छात्रावृत्ति, शैक्षिक स्तर वृत्ति सञ्चालन भए र हालसम्म आउँदा पनि महिला साक्षरता २०५८ मा ४२ प्रतिशत भन्दा माथि जान सकेको छैन र महिला विकासका कुरा उठ्न थालेको धेरै वर्ष भए पनि जबसम्म लक्षित वर्गका महिलाहरू पढ्न लेख्न जान्ने भएर सामुहिक कार्यका लागि समूहमा आवद्धमा हुदैनन् तबसम्म जतिसुकै राम्रा कार्यक्रम बनाए पनि महिलाहरूको आर्थिक सामजिक र राजनीतिक विकास हुन सजिलो छैन ।

31 साक्षरता विशेषाङ्क, भक्तपुर अनौपचारिक शिक्षा केन्द्र २०५३
32 गौतम दिनानाथ नेपालको शैक्षिक दिग्दर्शन, लुम्बिनी पुस्तक भण्डार काठमाण्डौं (२०५७) पृष्ठ ३

# परिच्छेद चार

## ४ साक्षरता कार्यक्रम दोसो तहको पाठ्यपुस्तक गाउँबेसी भाग दुईको विश्लेषणात्मक अध्ययन

### ४.१ पृष्ठभूमि

गाउँबेसी भाग दुई महिला साक्षरता कार्यक्रम दोस्रो तहमा अध्ययन गर्ने सहभागीहरूका लागि तयार पारिएको हो । यो पाठ्यपुस्तक महिला तथा प्रौढ साक्षरता आधारभूत तहको शिक्षा प्राप्त गरिसकेका प्रौढ महिलालाई नेपाली भाषा तथा आधारभूत व्यवहारिक र कार्यमूलक सीप तथा गणितीय सीप विकास गराउने उद्देश्यले तयार पारिएको हो । मूलतः आफ्नो परिवार समुदाय, गाउँ, जिल्ला, अञ्चल र राष्ट्रको विकासमा रुचि जगाई विभिन्न क्रियाकलापमा सहभागि बन्नका लागि महिलाहरुलाई प्रेरित गराउनु यसको उद्देश्य हो । यसले महिलाहरुलाई शिक्षा विकासद्वारा क्षमताकासाथ सरिक बनाउन मद्दत गर्दछ । अनौपचारिक शिक्षाको मध्यम तहको पाठ्यक्रममा समाविष्ट उद्देश्य तथा विषयलाई परिपूर्ति गर्ने उद्देश्यले गाउँबेसी भाग दुई पाठ्यपुस्तक यस तहमा उपलब्ध गराएको आधारभूत पाठ्यसामग्री हो ।

पाठ्यक्रमले विद्यार्थीहरूका सम्पूर्ण शैक्षिक एवम् व्यवहारिक आवश्यकतालाई अंगाल्नु पर्दछ । कुनै पनि स्तरको पाठ्यक्रम निमार्ण गर्दा भाषाका कुन कुन सीप के कसरी, के कस्ता क्रियाकलापले सिकाउने भन्ने उद्देश्यहरूको छनोट हुनु पर्दछ । [33] पाठ्यक्रममा समावेश गरिएका उद्देश्य, क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया जतिसुकै राम्रो भएता पनि पाठ्यपुस्तक पाठ्यकम अनुसारको नभएमा पाठ्यक्रमको उद्देश्य परिपूर्ति हुन सक्दैन । पाठ्यक्रममा समावेश गरिएका उद्देश्यहरू पूरा गर्नका लागि पाठ्यपुस्तकको निर्माण गरिन्छ । भाषाका चारै सीपको ज्ञान हासिल गर्नका लागि पाठ्यपुस्तक महत्वपूर्ण हुन्छ । गाउँबेसी भाग दुई पाठ्यपुस्तक आधारभूत तह पार गरेका सहभागी र मध्ययम तहमा भर्ना हुन आवश्यक ज्ञान र सीप हासिल गरेका सहभागीहरू समावेश हुन्छन् । विद्यालय एवम् विद्यार्थीहरूमा उनीहरूलाई उपलब्ध गराइने सामग्री नै पाठ्यपुस्तक हो । [34] पाठ्यक्रमका आधारमा तय गरिएको अर्थात पाठ्यक्रममा समावेश गरिएका उद्देश्य अनुसार बनाइएको

---

33 माध्यमिक शिक्षा पाठ्यक्रम (२०५५)

34 पोखेल बालकृष्ण, नेपाली बृहत शब्दकोश, काठमाण्डौं, ने.रा.प्र (२०५२) पृष्ठ ८१०

साधन नै पाठ्यपुस्तक हो । पाठ्यपुस्तक विद्यार्थीलाई औपचारिक वा अनौपचारिक जुन तरिकाले होस् निश्चित ज्ञान आर्जनका लागि निर्धारण गरिएको पाठ्यक्रम अनुसार तयार गरिएको हुन्छ । पाठ्यक्रमको लक्ष्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई सही बाटो देखाउने काम पाठ्यपुस्तकले गर्दछ । पाठ्यपुस्तकले शिक्षार्थीहरूमा अभ्यास गराउनुका साथै अन्य क्रियाकलाप गराउन सहयोग गर्दछ । योजनाबद्ध ढङ्गले सम्बन्धित क्षेत्रका विशेषताहरूको सहयोगबाट तयार गरिएको आधिकारिक सामग्री नै पाठ्य सामग्री हो । यो सिकाइ शिक्षण र प्रशासन तीनै पक्षलाई उपयोगी हुन्छ । पाठ्यपुस्तक भयो भने शिक्षकले के कति पढाएका छन सो थाहा पाउन र विद्यालय निरीक्षकको लागि शैक्षणिक निरीक्षण गर्न र निर्देशन दिने काममा समेत यसबाट सहयोग पुग्दछ । 'अध्यापन योजना बनाउन आफ्नो शिक्षण क्रियाकलापको मूल्याङ्कन गर्न, पाठहरूबाट विभिन्न किसिमका अध्यासहरू र नमूना संकलन संयोजन गरी शिक्षार्थीमा अपेक्षित भाषिक शैक्षणिक उद्देश्यहरू पूर्ति गर्ने क्रममा शिक्षकलाई पाठ्यपुस्तक निकै उपयोगी हुन्छ ।[35]

गाउँबेसी भाग दुई पाठ्यपुस्तकको भाषिक सीपका विभिन्न क्षेत्र समावेश गरी भाषागत ज्ञान तथा सीप दिने प्रयास यस शोधपत्रमा गरिएको छ । कार्यमूलक सीपका पक्षहरूमा, शब्दार्थ, पढनबोध, वाक्य निर्माण र शब्दभण्डार बढाउने कुराहरू यस पुस्तकमा सावेश गरी भाषागत ज्ञान सीप दिने प्रयास गरिएको छ । सहभागीलाई सक्रिय बनाउन क्रियाकलाप अर्न्तगत धेरै उदाहरणहरू समावेश गरिएको छ । कार्यमूलक पक्षमा तुलना गर्ने, वर्णन गर्ने, अवलोकन गर्ने, खोज गर्ने, वर्गीकरण गर्ने, अभिलेख गर्ने, अर्थ्याउने, समस्या समाधान गर्ने, जस्ता कुराहरू गाउँबेसी भाग दुईमा समावेश गरिएको छ । यसमा दैनिक जीवन-व्यवहारमा प्रयोग हुने व्यवहारिक ज्ञान, सीप, हासिल गर्न स्वास्थ्य, महिला हकहित, लैङ्गिक सचेतना तथा आर्थिक नियन्त्रण, बचत तथा ऋण सञ्चालन गरी समस्या समाधान गर्न सचेत बनाउने विषयवस्तुहरू समाविष्ट गरिएका छन् ।

यस पाठ्यपुस्तकमा गणितीय ज्ञानका लागि चार आधारभूत तथ्यका अतिरिक्त, नापतौल, समय नाफा, नोक्सान, आम्दानी, खर्च, साधारण ब्याँज प्रक्रिया जस्ता व्यवहारिक ज्ञान हासिल हुने विषयवस्तु पनि यस पाठ्यपुस्तकमा समावेश गरिएको छ । स्थानीय आवश्यकता पूरा गर्न गरिने क्रियाकलाप हुने हुँदा त्यस्तै मुताविक अभ्यासहरू राखिएको छ । यसरी यस पाठ्यपुस्तकमा समाविष्ट गरिएका विभिन्न पाढहरूको अध्ययन विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

35 अधिकारी हेमाङ्गराज, नेपाली भाषा शिक्षण (२०५३) पृष्ठ १६४

## ४.२ गाउँबेसी पाठ्यपुस्तकमा राखिएका विषयवस्तुको अध्ययन

सर्वप्रथम वि. सं. २०४७ सालमा पहिलो संस्करणको रूपमा प्रकाशित गाउँबेसी भाग दुई वि. सं. २०६३ साल सम्मआईपुग्दा चौथो संस्करणका रूपमा परिमार्जित भई समय सापेक्ष बनइएको छ । गाउँबेसी भाग दुई एकको सिकाइ पश्चात् यसमा राखिएका वातावरण संरक्षण र संरसफाइ, परिवारिक जीवन, अर्थोपार्जन र कृषि, नागरिक चेतना महिला विकास र संस्कृति, परम्परा स्वास्थ्य र पोषण जस्ता विषयहरू समावेश छन् । जसले महिलाहरूको स्तरबृद्धिदेखि स्वास्थ्य सेवा र आफ्नो अधिकारका बारेमा सचेत बनाउने उद्देश्य राखेको छ । प्रस्तुत पाठ्यपुस्तकमा समावेश प्रत्येक पाठको भाषिक शैक्षणिक उपयोगिताका दृष्टिले अध्ययन निम्नानुसार गरिएको छ ।

### ४.२.१ किशोर अवस्थामा आउने परिवर्तन (पाठ १९)

सामाजिक परिवेश, वातावरण र चिन्तनका आधारमा किशोरावस्थाको बारेमा जानकारी दिने र समस्या समाधान गर्ने उद्देश्यले पाठ्यक्रमको विषयवस्तु अनुसार यस पाठको निर्माण गरिएको पाईन्छ । गीतका आधारमा सुरु गरिएको यस पाठमा आमाछोरीको दोहोरी चलेको देखिन्छ । जसमा विवाह गर्ने उमेर नै नभइकन विवाह गरिदिने कुरा आमाको छ भने छोरी आफ्नो र आफ्नो परिवारको ईज्जत नफाली आफू धेरै पढेर ठूलो मान्छे बन्ने सोच राख्छिन । यसलाई संवादात्मक शैलीको गीतका माध्यमबाट पेस गरिएको छ । किशोर अवस्थाको स्वास्थ्य र सामाजिक परिवेशको परिचय यस पाठका माध्यमबाट पृष्ट पार्न खोजिएको छ । पाठमा पाठलाई भन्दा त्यसको अभ्यासलाई बढी जोड दिइएको छ । पाठमा समाविष्ट विषयवस्तुलाई स्तरियताका आधारमा भाषिक सीप सिकाइ प्रौढहरूको क्षमताका आधारमा उमेर रुचि पाठ्यक्रम अनुसार पाठको निर्माण गरिएको छ । यस पाठमा समावेश सामग्री, गणितीय ज्ञान सीप, अभ्यास आदि पक्षबाट अध्ययन गरिएको छ ।

#### ४.२. १.१ पाठ्यक्रम अनुरूपता

पठ्यक्रममा समावेश गरेको मुख्य क्षेत्र महिला विकास र स्वास्थ्यसँग सम्बन्धित छ । यो पाठ पाठ्यक्रम अनुसार आमाले छोरीलाई विहे गर्नु पर्छ भनेर भनिन्छ तर छोरीले चाँही आफू धेरै पढेर सीप सिकेर, आफ्नो खुट्टामा आफै उभिन चाहने कुराको आग्रह गर्दछे । छोरीले आमालाई यति सानै उमेरमा विवाह नगर्दिन विन्ति बिसाउछे । आफू धेरै पढेर ठूलो मान्छे,

कूलघरानको इज्जत राख्ने आँट र साहसलाई व्यक्त गरेकी छे । यसरी छोरीलाई छिटो विवाह गर्दिन नहुने कूरालाई यस पाठले दिन खोजेको छ ।

पाठमा  छोरीको जिकिर यस्तो छ:

नलिनुहोस् चिन्ता गलत काम हुँदैन मबाट,
कूलको इज्जत बढाउँछु भन्ने छोरीमा छ आँट । [36]

यस भनाईबाट पाठ्यक्रमले तोकेको लक्ष्य महिला विकास र स्वास्थ्यका आधारमा हेर्दा हाम्रो समाजमा अझै पनि आमाबावुको विचारमा आफ्नो छोरीको उमेर पुगे पछिको हेर्ने दृष्टिकोण अघि सारिएको छ । यसमा छोरीको चाहना तथा इच्छा अनुसार उनको आफ्नो उद्देश्य पूरा हुनमा परिवारबाट वाधा गरिनुले समाजमा देखा पर्ने यस्ता पिछडिएका चलनका सम्बन्धमा थाहा पाउन सकिन्छ । यस अर्थमा यो पाठको लक्ष्य प्रगतिका लागि उन्मुख देखिन्छ । छोरीको माध्यमबाट समाजलाई नयाँ र अग्रगामी दृष्टिकोण दिन खोज्नु यसको उद्देश्य रहेको देखिन्छ । यस कोणबाट हेर्दा प्रस्तुत पाठ उपयोगी पाठयक्रम अनुरुप रहेको देखिन्छ ।

### ४.२.१.२ स्थिति सापेक्ष्यता

यस पाठमा प्रयुक्त विषयवस्तु हाम्रो समाजमा पाईने अधिकाश प्रौढ महिलाहरूका अवस्थाको सापेक्ष्यतामा उपयोगी नै छन । महिनावारी भएपछि छोरीलाई विवाह गरिदिनु पर्छ भन्ने मान्यताका विरुद्ध छोरीको आग्रह अनुससार छोरीलाई पढन दिनु पर्छ भन्ने अभिप्राय समय अनुकूल देखिन्छ । स्तरीयताका हिसाबले हेर्दा यसमा प्रयुक्त शब्द तथा वाक्य गठन कठिन रहेको देखिन्छ । सरल सहज शब्दहरुलाई सरल वाक्यमा र गीतिलयमा भावमय रुपमा समावेश गर्न सकेको भए अझ प्रभावशाली हुन सक्थ्यो । केहि कठिन शव्द र वाक्यको प्रयोग भएता पनि सर्बपरिचित विषय र उद्देश्पूर्ण प्रस्तुतिले गर्दा प्रस्तुत पाठ भाषिक शैक्षणिक दुबै दृष्टिले उपयुक्त बनेको देखिन्छ । [37]

36 गाउँबेसी भाग २, अनौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३) पृष्ठ २
37 गाउँबेसी भाग २, अनौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३) पृष्ठ २

### ४.२.१.३ उमेर रुचि र मानसिक स्तर

जुन सुकै सिकाइ पनि शिक्षार्थीको क्षमता, उमेर, रुचि र मानसिक स्तरका आधारमा निर्धारित हुन्छ । किशोरावस्थामा आउने परिवर्तन पाठ लक्षित महिलालाई मिल्दो तरिकाले निर्माण गरिन खोजेको पाईन्छ । क्षमताका हिसावले आधारभूत सीप हासिल गरे पश्चात् लक्षित समूहका महिलाहरुले राम्रो नराम्रो छट्याउन सक्ने क्षमताको विकास गर्न सक्दछन । यस पाठमा आमा छोरीको संवादात्मक गीतबाट उमेर पुगेका छोरा छोरीलाई उनीहरुको ईच्छा अनुसार अगाडि बढ्न दिनु पर्दछ भन्ने कुरामा जोड दिइएको पाईन्छ । यसरी पाठको विषयवस्तु उमेरका आधारमा हुने मानसिक अवस्थालाई ध्यानमा राखेर निर्धारित गरिएको देखिन्छ । १५ देखि ४५ वर्ष उमेर सम्मको प्रौढहरूलाई सिकाउने विषय उमेर अनुसार निर्धारण गरिनु स्वभाविकै हो । यो पाठमा पनि आमाको उमेर अनुसार छोरीको उत्तर मिल्दो किसिमको रहेको देखिन्छ । गीतका माध्यमबाट चेनतामूलक विषयवस्तु पस्किन प्रस्तुत प्रयास सम्भावित मानसिक स्तरका आधारमा उपयुक्त हुने देखिन्छ ।

### ४.२.१.४ शैक्षणिक उपयोगिता

प्रस्तुत पाठमा राखिएका सामग्रीका आधारमा विश्लेषण गर्दा यसमा समावेश गरिएका विषय तथा प्रस्तुतिहरुले लक्षित समूहको व्यावहारिक ज्ञान क्षमताको विकासमा मद्दत गर्न सक्ने स्थिति देखिन्छ । यस पाठको सुरुमा आजका किशोरावस्थाका युवतिका आवश्यकता तथा चाहना प्रस्तुत गर्न खोजिएको छ । साथै आमाले छोरीलाई व्यक्त गरेका कुराहरु पनि छन । किशोरावस्थामा आउने शारीरिक तथा मानसिक परिवर्तनलाई सरल र सुवोध किसिमबाट प्रस्तुत गरिएका पाठ्यसामाग्रीहरु शैक्षणिक उपयोगिताका दृष्टिले सामान्य छन् । पाठ्यक्रमले तोकेको उद्देश्य प्राप्त गर्ने तहमा पाठ्यसामग्रीको चयन ठिकै छ ।

### ४.२.१.५ भाषिक क्षमता विकास

भाषिक शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी तुल्याउनका लागि पाठका साथै अभ्यासको आवश्यकता रहन्छ । पाठ्यक्रम अनुसार तय भएको किशोरावस्थामा आउने परिवर्तन पाठ्यपुस्तकको एक शीर्षक हो । यस पाठको अध्ययन पछाडि लक्षित समूहका महिलाहरूले सम्बन्धित पाठको शिक्षण सिकाइपछि अभ्यास गर्न सक्ने क्षमताका आधारमा तय गरिएको पाईन्छ । अभ्यास एकमा समावेश गरिएका प्रश्नहरू स्तर अनुकूल नभएर लामा

खालका देखिन्छन् । छोटा छोटा प्रश्नहरू नै बढी लाभदायक हुने तर्फ पाठ्यसामग्री निर्माताको ध्यान नपुगेको देखिन्छ । अभ्यासमा रखिएका विषयवस्तु स्तर तह र क्षमताका आधारमा हेर्दा जति हुनु पर्ने त्यति उपयुक्त छैनन् ।

अभ्यास दुईमा बोध क्षमताको विकासका लागि किशोरावस्थाको स्वास्थ्यसँग सम्बन्धित अनुच्छेद दिएको पाईन्छ । किशोर अवस्थाका क्रियाकलाप वा शारीरिक तथा मानसिक कुरालाई समावेश गरी अनुच्छेद बनाइएकाले सामान्यतः उपयुक्त किसिमको देखिन्छ । यसमा प्रश्न उत्तर भन्दा पनि किशोरावस्थाका केटाहरूमा र केटीहरूमा देखिने शारीरिक परिवर्तनबारे जानकारी दिने प्रयास गरिएको छ । किशोर किशोरीमा देखा पर्ने भावनात्मक र व्यवहारिक परिवर्तनलाई पनि अभ्यासमा समावेश गर्नुले यो अभ्यास बढी उपयुक्त बनेको पाइन्छ । मन चञ्चल हुनु गोपनीयता चाहनु, एक्लै बस्न रुचाउनु, कल्पनामा डुब्नु, केटा केटी बीच आपसमा आकर्षित हुनु, रुप रङ्गमा बढी चाहना राख्नु जस्ता विषयहरू दिइएको छ । [38] यसरी बोधक्षमता र स्तरका आधारमा अभ्यास दुईमा राखिएको अनुच्छेद उपयुक्त किसिमको देखिन्छ ।

अभ्यास तीनमा सोधिएका प्रश्नहरू उपयुक्त खालका देखिन्छन् । जसमा किशोर अवस्थामा बोलाउने तरिका शारीरिक परिवर्तन र त्यस उमेरका केटाकेटीहरूलाई सल्लाह दिने जस्ता प्रश्नहरू समावेश गरिएकाले प्रश्न सुहाउँदो र विषयवस्तुसँग मेल खाने किसिमका देखिन्छन् ।

अभ्यास चारमा खाली ठाउँ दिएर किशोरावस्थाका कुराहरूलाई नै झिकेर खाली ठाउँ भर्न दिइएको छ । ती खाली ठाउँ मुख्य कुरालाई बुझ्ने अनि पुनः अभ्यास गरी स्मरण गराउने हेतुले अभ्यासमा समावेश गरिएको छ । अभ्यासको अन्त्यमा ‘सरला किशोरी भईन्’ एक शीर्षक पाठ दिइएको छ । जसमा किशोरीमा देखिने शारीरिक परिवर्तन र सर-सफाइलाई ख्याल गरी त्यसको आवश्यक जानकारी दिइएको छ । जसले गर्दा आमाबाट सरलाले धेरै कुरा सिकेको विषयवस्तु प्रस्तुत गरिएको छ । यसले किशोरीमा आएका परिवर्तनमा आमाबाट प्राप्त गर्ने सहयोगलाई देखाइएको छ ।

अभ्यास पाँचमा अभ्यास चारको अनुच्छेदका आधारमा प्रश्नहरू निर्माण गरिएको छ । यस अभ्यासबाट बोध क्षमताको विकासलाई बढी जोड दिइएको छ । यसले गर्दा किशोरीमा आउने परिवर्तन सम्बन्धी ज्ञान र आमाले छोरी किशोरी हुँदा ख्याल गर्नु पर्ने कुरा

38 गाउँबेसी भाग २, अनौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३) पृष्ठ ४

प्रश्नका आधारमा सोधीएको छ । त्यसैले पनि यो अभ्यास भाषिक क्षमता विकासको दृष्टिले समेत लाभदायक देखिन्छ ।

गणितीय ज्ञानका लागि जानिराख्नु पर्ने कुरा भनेर अभ्यासको अन्त्यमा दिइएको छ । यस अभ्यास अर्न्तगत १००० मि. लि. को १ लिटर, ५०० मि. लि. बराबर आधा लिटर, २५० मि. लि. को चौथाइ लिटर हुन्छ । [39] भनी सामान्य जानकारी दिई लिटर र मिलिलिटरको ज्ञानका लागि विषयवस्तु समावेश गरिएको छ । घरायसी काममा लागि उपयोगमा आउने लिटर मिलिलिटरको गणितीय ज्ञानले महिलाहरु आफूले उत्पादन गरेको दूधको हिसाब किताबमा बढी उपयोगीसिद्ध हुने देखिन्छ ।

अभ्यास ६,७ र ८ मा लिटर र मिलिलिटरका प्रश्नहरू सोधी हिसाब गर्न दिइएको छ । यसबाट महिलाहरू जोड र घटाउको ज्ञान हासिल गर्न सक्ने निश्चित छ । पहिला छोटा र पछि लामा हिसाब दिई गणितीय ज्ञान दिइएकाले गणितीय अभ्यास सरल तथा सहज किसिमको देखिन्छ ।

### ४.२.२ दुर्घटना होला होशियार (पाठ २०)

### ४.२.२.१ पाठ्यक्रम अनुरुपता

पाठ्यपुस्तकमा प्रस्तुत 'दुर्घटना होला होशियार' पाठमा दिइएको विषयवस्तु लेख्य रूपमा भन्दा पनि चित्रको आधारमा छलफल गर्ने पाठको रूपमा प्रस्तुत भएको पाईन्छ । चित्र हेरेर त्यसै अनुसार उत्तर खोज्ने हिसाबले पाठको निर्माण गरिएको छ । प्रौढ महिलाको क्षमता विस्तार गर्नका लागि यो पाठ तयार गरेको देखिन्छ । चार किसिमका चित्रहरू समावेश गरी शिक्षार्थीहरुलाई व्यवाहारिक ज्ञान सीप प्रदान गर्न खोजेको देखिन्छ । पहिलो चित्रात्मक पाठमा महिला पुरुष अध्यारोमा काम गर्दा टर्चलाईट बालेर काम गरेको चित्र प्रस्तुत छ । यो चित्रले अध्यारोमा काम गर्न हुन्न गरेको खण्डमा विभिन्न किसिमको दुर्घटना हुन सक्दछ भन्ने शिक्षा प्रदान गर्न खोजेको छ । दोस्रो चित्रमा जाँड रक्सि जस्ता मादक पदार्थको सेवन गर्दा हुने खतरा प्रस्तुत छन् । यस्ता खराब व्यवहार मानव समुदायमा हुनु हुदैन भन्ने शिक्षा दोस्रो चित्रले सिकाउन खोजेको देखिन्छ । तेस्रो चित्रमा महिलाले घरायसी काम गर्दा खाली खुट्टा काम गर्न हुन्न, जताततै सिसाको टुक्राहरू हुन सक्छन जसबाट बच्नको लागि चप्पल तथा जुत्ता लगाएर मात्र काम गर्नु पर्छ भन्ने शिक्षा यस चित्रपाठले प्रदान गर्न खोजेको छ । चौथो

39 गाउँबेसी भाग २, अनौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३) पृष्ठ २

तस्विरमा सडकबाट बाटो काट्दा जेब्रा क्रसिङ्गबाट मात्र बाटो काट्नु पर्ने शिक्षा प्रदान गरेको छ । यसरी विविध खालका चित्रबाट दुर्घटनाबाट बच्न सकिने उपायहरूलाई चित्रको माध्यमबाट प्रस्तुत गरेको छ । यस शिक्षाले प्रौढ महिलालाई सचेत बनाउने प्रयास गरेको देखिन्छ । पाठ्यक्रमले तोकेको उद्देश्य पूरा गर्नका लागि चित्रका माध्यमबाट उचित विषयवस्तु राखेर पाठको निर्माण गरेको देखिन्छ । यस पाठमा थप जानकारीका लागि तस्विरको अन्त्यमा कस्तो कार्य गर्दा कस्तो दुर्घटना हुन जान्छ ? भन्ने जानकारी दिइएको भए अझ राम्रो हुने थियो । त्यसप्रति पाठ्यपुस्तक निर्माताका ख्याल गएको देखिदैन । पाठ समग्रमा पाठ्यक्रम अनुरुप नै छ ।

### ४.२.२.२ स्थिति सापेक्षता

लक्षित समूहको संभावित सामाजिक मानसिक स्थितिका सापेक्ष्यतामा हेर्दा प्रस्तुत पाठ र यसका अभ्यास एकमा दिइएका प्रश्नहरू बोधक्षमताको विकासका लागि उपयुक्त छ । प्रस्तुत् प्रश्नहरू मध्ये घ नम्बरको प्रश्न प्रौढहरुको क्षमता अनुसार अस्पष्ट देखिन्छ । दुर्घटनाका मुख्य कारण के के हुन ? भन्ने प्रश्नले धेरै खालका उत्तरहरु खोज्न सक्दछ त्यसकारण यस प्रश्नलाई सरल र सुवोध बनाउनु पर्ने देखिन्छ । यस अभ्यासमा प्रस्तुत गरिएका प्रश्नहरु दूर्बोध्य त छदैछ लक्षित महिला प्रौढहरुले दक्ष शिक्षकको अभावमा यस्ता प्रश्नहरुको जवाफ सजिलैसँग दिन सक्ने अवस्था देखिदैन । ठीक बेठीकको नतिजा के हो ? दुर्घटनाको मुख्य मुख्य कारणहरू के हुन सक्छन् ? जस्ता प्रश्न राखिएका छन् । जुन प्रश्नहरूले पाठमा दिएको विषयवस्तुलाई समेटेको देखिन्छ । तर पनि अन्य प्रश्नहरू ङ र च पनि प्रौढहरुको क्षमता सुहाउँदो देखिदैन । प्रस्तुत प्रश्न प्रौढ महिलाहरूको क्ष्मताको विकासमा थप उर्जा बन्न सके पनि पाठ अनुसारको प्रश्न निर्माण कार्य भएको देखिदैन । अभ्यास दुईमा तीन अनुच्छेदको घटनाहरूलाई प्रस्तुत गरिएको छ । ती अनुच्छेदहरुको अध्ययन गरी अन्त्यमा सोधिएका प्रश्नको उत्तर लेख्ने बोध प्रश्नहरू सोधिएका छन् । दुर्घटनाबाट बच्न र स्वास्थ रहनको लागि चर्पी बनाउने तरिका यस अनुच्छेदमा प्रस्तुत छन् । एउटा परिवारले चर्पी बनाउदा खाडल जस्तापाताले छोपेको र अर्को परिवारले खुला छोडेको साथै चर्पी पानीले भरिएको र खेल्दै जाँदा एउटा बच्चा खाडलमा परेको जस्ता विषयवस्तुलाई यस अनुच्छेदमा उल्लेख गरिएको छ । साथै खाडलमा परेको बच्चाको उपचार स्वास्थ कार्यकर्ताले गरेको

विषयवस्तु प्रस्तुत गरिएको छ । अन्त्यमा सोधिएका प्रश्नले माथिको विषयलाई समेटे पनि अनुच्छेद अनुसारको प्रश्न निर्माण भएको देखिदैन ।

अभ्यास तीन अर्न्तगत घरभित्र र घर बाहिर हुन सक्ने कम्तिमा तीन वटा दुर्घटनाको नाम लेख्ने कुरा उल्लेख गरिएको भए पनि कुन कारणले त्यस्ता दुर्घटना हुन सक्दछन भन्ने कुराको जानकारी गराउँदा उपयुक्त हुने थियो । अभ्यास चारमा चमेलीले दुर्घटनाबाट बच्न र बचाउन गर्ने गरेका उपायहरूको सूची दिइएको छ । त्यस मध्ये मिल्ने कामको लागि ठीक ( ) चिन्ह लगाउने अभ्यासले यस तहका प्रौढलाई सिर्जनात्मक ज्ञान सीप हासिल गर्न सहयोग पुगे पनि प्रश्न दुर्बोध्य खालको देखिन्छ । जसमा १० वटा तथ्यहरू क्रमिक ढङ्गमा राखिएका छन् । त्यस्तो अवश्थामा के हुन सक्छ ? त्यो स्थिति आउन नदिन के गर्नु पर्ला ? भनी एउटा तालिका प्रस्तुत अभ्यास पाँचमा गरिएको छ । जसमा मोटर चल्ने सडकमा जथाभावि बाटो काटेने गर्दा मोटरले किच्न सक्छ । दाँयाबाँया हेरेर बाटो काट्नु पर्ने कुरा पनि प्रस्तुत छ । प्रस्तुत अभ्यासले प्रौढहरुमा थप ज्ञानहासिल गराए पनि पाटमा नभएको विषयलाई यहाँ प्रस्तुत गर्नु उचित देखिदैन । यसका साथै 'प्राथमिक उपचार' शिर्षक अनुच्छेद दिएरको समाज, घरपरिवार, छरछिमेकमा हुन सक्ने दुर्घटनाको प्राथमिक उपचार गर्ने केही तरिकाहरू उल्लेख गरिएको छ । जस्तै आगोले पोलेमा, घाउ चोट लागेर रगत बगेमा, हाड भाँचिएमा, लू लागेमा, विषालु सर्पले टोकेमा, पानीमा डबेमा गर्नु पर्ने प्राथमिक उपचारको जानकारी यस अभ्यासमा दिइएको छ । जसले गर्दा यस उमेर समूहका महिला त्यस्ता दुर्घटनाबाट बच्न सहयोग पु¥याउने हुँदा अभ्यास बढी उपयुक्त, सार्थक र व्याहारिक ढङ्गको देखिन्छ । अभ्यास पाँचमा दिइएको विषयवस्तुलाई आधार मानेर अभ्यास छ मा चारवटा चित्रहरू प्रस्तुत गरिएका छन् ती चित्रहरु हेरी समूहमा छलफल गरेर त्यस्ता दुर्घटनाहरुको प्राथमिक उपचार के हुन सक्दछन ? भनी सामान्य जानकारी दिन खोजेको देखिन्छ । प्रश्न क लाई अवलोकन गर्दै प्रश्न ख मा समस्यामूलक प्रश्न दिइएको छ । घरपरिवार र छिमेकमा कसैलाई चोट लागेमा के गर्नु हुन्छ ? भनेर गरिएको प्रश्नले अध्ययन गरेका विषयवस्तुमा दक्ष बनाउन र प्रयोगात्मक व्यवहारिक ज्ञान सीपमा क्षमतावान बनाउन पुगेको स्थिति देखिन्छ ।

गणितीय ज्ञान सीप हासिल गराउनका लागि अभ्यास सातमा पूर्व अभ्यासमा आधारित रहेर गाईले दिने दूध कति हुन्छ ? भनी लिटर र मिलिलिटरको जोड गर्न सिकाइएको छ । अभ्यास ८ मा गाईको उदाहरण नदिई सिधै लिटर र मिलिलिटरको जोड गर्ने अभ्यास दिइएको छ

यसले घरायसी काम काजमा आई पर्ने सामान्य हरहिसाब राख्न सहयोग पुगेको देखिन्छ । त्यस्तै अभ्यास ९ मा घटाउका लागि पनि लिटर र मिलिलिटरको उदाहरण दिएर घटाउ गर्ने अभ्यास दिइएको छ । प्राथमिक उपचारको सीप सिकाउँदै अन्य अभ्यासका माध्यमबाट जोड घटाउ गर्ने सीप पनि प्रस्तुत गरिएको छ । पूर्व अभ्यासको आधारमा यी अभ्यासहरू उपयुक्त देखिए पनि गणितीय ज्ञान दिनका लागि छुट्टै पाठ राखेर त्यसका अभ्यास प्रस्तुत भएको खण्डमा राम्रो हुने देखिन्छ । प्रस्तुत अभ्यासका हिसाबहरु लक्षित समूहका शिक्षार्थीहरुका लागि अस्पष्ट देखिन्छन् ।

### ४.२.२.३ उमेर रुचि र मानसिक स्तर :

लक्षित समूहको सम्भावित उमेर रुचि र मानसिक स्तरका सापेक्ष्यतामा हेर्दा प्रस्तुत पाठ स्वाभाविक रुपमा उपयोगी नै देखिन्छ ।

### ४.२.२.४ शैक्षणिक उपयोगिता

शिक्षण सिकाइ प्रभावकारी तुल्याउका लागि शैक्षिक सामग्रीको भूमिका महत्वपूर्ण हुने भएकाले यस पाठमा समावेश गरिएका पठ्यसामग्रीहरूबाट पाठको निर्माणमा ठूलो सहयोग पुगेको देखिन्छ । पाठको सुरुमा नै दुर्घटनाका चित्रहरू राखी त्यसबाट सिकाइ स्वयम् गर्न सक्ने क्षमताको विकास हुने देखिन्छ । विभिन्न किसिमका चित्रका माध्यमबाट शिक्षण गर्दा शिक्षार्थीहरूको अभिरुचिमा बृद्धि आई शिक्षण सिकाइ प्रक्रिया अझ प्रभावकारी हुने सम्भावना देखिन्छ । उनीहरूको रुचि क्षमता उमेर र मानसिक स्तरका आधारमा ती चित्रहरूले सही ज्ञान सीप प्रदान कुरामा दुई मत नहोला । पाठको सुरुमा राखिएका चित्र प्राथमिक उपचारमा पोलेको, घाउ चोटपटक लागेको र रगत बगेको, हाड भाँचिएको, लु लागेको, सर्पले टोकेको, कुकुरले टोकेको, पानीमा डुबेको जस्ता घटना दुर्घटनामा गर्नु पर्ने प्राथमिक उपचार चित्रात्मक ढङ्गबाट सही रूपमा देखाउन खोजिएको छ । यसले गर्दा शैक्षिणिक उपयोगिताका दृष्टिले पाठ बढी प्रभावकारी र रुचिपूर्ण बनेको छ । चित्रहरूमा रङ्गको प्रयोग गरी प्रस्तुत गरेको खण्डमा अझ प्रभावकारी हुने देखिन्छ । साथै चित्र अध्ययन अध्यापनबाट प्रदान गरिने शिक्षा, पूर्व कक्षामा पनि सञ्चालन हुनु पर्ने आवश्यक दैखिन्छ । किनकि पूर्वज्ञान र पूर्व अभ्यासको आधार बिना शिक्षार्थीहरूले के कुराको अध्ययन गर्ने भनेर अलमलमा पर्न सक्छन् ।

### ४.२.२.५ भाषिक क्षमता विकास :

पाठमा प्रयोग गरिएका शब्द तिनका विन्यास र अभिप्राय सम्प्रषणका दृष्टिले यो पाठ भाषिक क्षमता विकासमा सहयोगी हुनसक्ने देखिन्छ ।

### ४.२.३ सुखको आधार सानो परिवार (पाठ २१)

यस पाठको सुरुवात एउटा सानो परिवारको कविताबाट भएको छ । कविताको माध्यमबाट बाटो बिराएमा प्राणिको सुख दुःखमा परिणत हुन सक्दछ भन्दै ठूलो परिवारमा भन्दा सानो परिवार सुखी हुन सक्छ भन्ने कुरालाई जोड दिदैः

मिलिजुली हाँसी खुसी रमौं परिवार
सानो चिट्‌ट, स्वास्थ्य अनि शिक्षित परिवार
दुःखै दुःखमा जेलिनेछ ठूलो परिवार
पक्कै हुन्छ सुखको आधार सानो परिवार । [40]

चित्रात्मक रूपमा प्रस्तुत गरिएको यस पाठमा पारिवारिक आकारलाई जति सानो बनायो त्यति सुख हुन्छ भन्ने अवधारणा प्रस्तुत गरिएको छ । सामाजिक परिवेश, वातावरण चिन्तनका आधारमा यस पाठको निर्माण गरिएको देखिन्छ । पाठ्यक्रमले तय गरेको मुख्य विषय क्षेत्रहरू अन्तर्गत पारिवारिक जीवन र परिवार नियोजनका साथै सानो परिवारलाई आफ्नो क्षेत्रमा समावेश गरेको देखिन्छ । आधारभूत तह पार गरेका सहभागी महिलालाई मध्यम तहमा यो शिक्षा प्रदान गरिनु उपयुक्त नै देखिन्छ । पाठ्यक्रमले तय गरेको उद्देश्यका आधारमा प्रस्तुत पाठ्यविषयवस्तु उचित देखिन्छ । उमेर, रुचि, क्षमता र मानसिक स्तरका आधारमा पाठ उत्तम किसिमको देखिन्छ । प्रस्तुत पाठमा प्रयोग गरिएको शब्द, वाक्य,र चित्रहरु स्पष्ट खालका देखिन्छन् । परिवार भित्रका पारिवारिक कुराले सिकारुहरुलाई उत्प्रेरित गर्नुका साथै भाषिक सीपमा थप दक्षता बृद्धि गराउने देखिन्छ । चित्रमा सानो परिवारको अवस्था सुखद देखाईएको छ ।

#### ४.२.३.१ पाठ्यक्रम अनुरुपता

प्रस्तुत पाठ हाम्रो समाजमा ठूलो पाििवारका कारण भ्ोल्नु पर्ने समस्याहरु र सानो परिवारको सुःखप्रति केन्द्रित छ । यो पाठ १४-४५ वर्ष उमेर समूहका प्रौढ महिलाहरुका लागि अति उपयोगी देखिन्छ । वा आधारभूत तहको शिक्षा प्राप्त गरिसकेका प्रौढ महिलाहरुको

---

40 गाउँबेसी भाग २, अनौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३) पृष्ठ १६

क्षमता, रुचि र उमेरका आधारमा यो पाठमा प्रस्तुत  विषयवस्तुहरुको सही ढङ्गबाट समावेश भएको देखिन्छ । स्तरियताका आधारमा यस पाठलाई नियाल्दा सफल र सवल नै देखिन्छ । भाषिक सीप सिकाइको ज्ञान दिनको लागि पारिवारिक विषयवस्तुको आधारमा पाठलाई तयार गरेको देखिन्छ । कविता सरल र सहज खालको देखिन्छ । जसका शब्दहरू समाजमा प्रचलित खालका छन् । त्यसैले भाषिक तथा शैक्षणिक ज्ञान हासिल गर्ने सन्दर्भमा सुखको आधार सानो परिवार भन्ने पाठ समय सान्दर्भिक भए पनि पाठमा उल्लेखित अति न्यून रुपमा प्रस्तुत भएका छन् । जसबाट लक्षित महिलाहरु आफू धेरै जानकार हुनु पर्ने देखिन्छ । सबै महिला एकैनाशका पनि हुदैनन् ।

### ४.२.३.२ स्थिति सापेक्ष्यता

लक्षित समूहको स्थिति र आवश्यकताका आधारमा यो पाठ निर्माण गरिएको देखिन्छ । मुख्य विषयक्षेत्रभित्र यसपाठका विषयवस्तु समेटिएको देखिन्छ । पाठलाई रोचक र सीपमूलक बनाउनको लागि एक श्लोक कविता पाठको सुरुवात मै निर्माण गरिएको छ । कवितात्मक ढङ्गबाट प्रस्तुत कविताको अर्थ समेत दिइएकाले पाठ स्तर सुहाँउदो छ । पाठको अन्त्यमा सुखी परिवारको चित्र प्रस्तुत गरिएकाले अध्ययनमा थप रुचि पैदा गराउने  निश्चित छ । छोटो रुपमा पाठलाई प्रस्तुत गरी पाठको निर्माण गरिएकाले प्रौढ महिलाहरुले यस पाठबाट सिक्ने पाठ्यवस्तुको कमी देखिन्छ । पाठ्यसामग्रीको रुपमा सानो परिवारको चित्र प्रस्तुत भएकाले शिक्षार्थीहरुले आफ्नो घर परिवार र समाजका आकार पत्ता लगाई त्यसबाट हुने फाईदा बेफाइदा केलाउन सक्नेछन् । आफ्नै घर समाजका परिवार संख्या यस पाठको शैक्षिक सामग्रीका रुपमा प्रस्तुत् भएकाले पाठको अन्त्यमा प्रस्तुत् गरिएको चित्र सान्दर्भिक छ । यसरी शैक्षिक सामग्री प्रयोगको दृष्टिकोणबाट यो पाठ उपयोगी र स्थिति सापेक्ष्य देखिन्छ ।

### ४.२.३.३ उमेर, रुचि र मानसिक स्तर

लक्षित समूहको उमेर, रुचि र मानसिक स्तरको सापेक्ष्यतामा पाठ निर्माण गर्न खोजिएको देखिन्छ । यस पाठको अन्त्यमा दुईवटा अभ्यासहरु राखिएका छन् । अभ्यास एकमा पाठसँग सम्बन्धित प्रश्नहरु दिई समूहमा छलफल गरेर लेख्ने खालका छन् । यसले गर्दा शिक्षार्थी बीच कुराकानी, छलफल अथवा बोलाइ सीपको विकास हुने लक्ष्य राखेको देखिन्छ । छलफलपछि आफूले बोलेको कुराहरु क्रमबद्ध ढङ्गबाट लेख्नु पर्ने हुँदा लेखाइ सीपमा थप ज्ञान

आर्जन हुने कुरा निश्चित छ । यस अभ्यासमा जम्मा तीनवटा प्रश्नहरू छन् । ती सबै प्रश्नहरू स्तरयुक्त तथा उपयोगी खालका देखिए पनि ग नम्बरको प्रश्न पाठमा नभएको विषयवस्तुबाट निर्माण गरिएको देखिन्छ । अभ्यास दुईमा एक चित्र प्रस्तुत गर्दै समूहमा छलफल गर्न लगाई आफूले बुझेका पाँचवटा कुराहरू कापीमा लेख्न लगाउनुले शिक्षार्थीको लेखन सीप बृद्धि हुने देखिन्छ । यसअभ्यासबाट लक्षित समूहका बोध क्षमतामा विकास हुने कुरालाई पनि नकार्न सकिन्न । चित्र हेरी चित्रबाट आफै निष्कर्ष निकाल्न सक्ने बौद्धिक क्षमता बृद्धिका लागि यो अभ्यास तयार गरिएकाले पाठमा प्रयुक्त सामग्री उचित खालको देखिन्छ । अभ्यास तीनमा अभ्यास दुईको चित्रहरू मध्ये कुन चाहि मन पर्‍यो ? किन मन पर्‍यो, मन पर्नको कारण के हो ? भनी प्रश्न राखिएकाले सिकारुमा थप उत्साह र जाँगर थप्ने कुरालाई इंगित गरेको छ । अभ्यास दुईमा प्रस्तुत गरिएको चित्रको आधारमा अभ्यास तीनपछि “ठूलो परिवारको दुःखको सागर” शीर्षक लेख प्रस्तुत छ । यसमा तीन अनुच्छेद समावेश गरिएको छ । ठूलो परिवार र यसबाट पर्न जाने नकरात्मक असरका विषयहरू यस अनुच्छेदमा समावेश छन् । सुरुमा सुखी परिवार अनि ठूलो परिवारको ज्ञान दिई दुई बीचको भिन्नता छुट्याउन सक्ने बनाउनु यो लेखको मुख्य लक्ष्य रहेको देखिन्छ । अनुच्छेदमा प्रयोग गरिएका शव्द तथा वाक्यगठन क्लिष्ट छन । यसलाई सरल तथा सहज प्रकृतिको बनाउनु आबश्यक देखिन्छ । ठूलो परिवार हुँदाको समस्या र सानो परिवार हुँदाको सुःख अनि के कारणले ठूलो परिवार भैराखेको छ ? सानो परिवार कसरी बनाउने ? भन्ने कुराहरु अनुच्छेदको अन्त्यमा प्रस्तुत गरिनुले यो पाठ् उपयोगी मान्न सकिन्छ ।यस पाठमा राखिएको परिवारिक विषयवस्तु संवादात्मक शैलीमा प्रस्तुत भए अझ राम्रो हुने थियो । अभ्यास चारमा ठूलो परिवार दुःखको सागरबाट बोध पश्नहरू राखिएकाले यस अभ्यासका प्रश्नहरु उपयागी देखिन्छन् ।

### ४.२.३.४. शैक्षणिक उपयोगिता

अभ्यासात्मक पक्षलाई बढी जोड दिएको यस पाठमा सुखको आधार सानो परिवार शीर्षकलाई सार्थक तुल्याउन अभ्यास पाँचमा एउटा सानो परिवारको चित्र दिइएको छ । जहाँ सुखको आधारहरू प्रष्ट रूपमा प्रस्तुत छ । कधलाल र ललन शीर्षक ६ अनुच्छेदको लेखमा पारिवारिक विषयवस्तु समावेश छ । यसले परिवारको आकारलाई सङ्केत गर्नुका साथै सानो परिवारको सुखलाई स्पष्ट पारेको छ । पुनः अभ्यास गराएर सिकाइ सफल तुल्याउन यो अभ्यास महत्वपूर्ण रहेको देखिन्छ । यसै पाठको आधारमा अभ्यास ६ मा गएर प्रश्नहरू

दिइएको छ । जसले बोध क्षमताको विकासलाई सहयोग पुऱ्याएको देखिन्छ । यो बोध क्षमताको लागि दिइएको विषयवस्तु सामाजिक परिवेशको स्तर सुहाँउदो किसिमको देखिन्छ साथै शैक्षिणिक उपयोगिताका दृष्टिले पाठ उपयोगी छ ।

### ४.२.३.५. भाषिक क्षमता विकास

प्रस्तुत पाठको उल्लिखित विश्लेषणवाट नै पाठ भाषिक क्षमता विकासका दृष्टिले उपयोगी रहेको स्पष्ट हुन्छ ।

### ४.२.३.६. भाषेतर क्षमता विकासको पक्ष

सुखको आधार सानो परिवार शीर्षकको अन्त्यमा गणितीय सीप सम्बन्धी जानकारी दिइएको छ । दैनिक जीवनमा प्रयोग हुने समयको ज्ञानका लागि सेकेण्ड, मिनेट र घण्टाको जानकारी दिइएको छ । यसमा ललन चौधरीको छोरीले बाबुलाई घडी हेरेर घण्टा, मिनेट र सेकेण्ड कसरी पत्ता लगाउने भनी सोधेकी छिन । यसले मध्यम तहमा अध्ययन गर्ने महिलाहरूलाई समयको जानकारी दिएको प्रष्ट छ । समयको सबै भन्दा सानो एकाइ सेकेण्ड हुने कुराको जानकारी गराउँदै तीस सेकेण्डको आधा मनेट, ६० सेकेन्डको एक मिनेट हुने जानकारी दिन खोजिएको छ । त्यसपछि मिनेटको जानकारी दिन तीस मिनेटको आधा घन्टा, ६० मिनेटको एक घण्टा, २४ घण्टाको एक दिन र रात हुन्छ भनेर पनि जानकारी दिइएको छ । समयको जानकारी घडीको चित्र दिएर सेकेण्ड, मिनेट र घण्टा सुई साथै अङ्कको जानकारी दिएको भए उचित हुने थियो । यसको अभ्यासमा सेकेण्डलाई मिनेटमा बदल्ने, मिनेटलाई सेकेन्डमा बदल्ने, घण्टालाई मिनेटमा बदल्ने र दिनलाई घण्टामा बदल्ने अभ्यास दिइएको छ । पूर्ब अभ्यासको अभावमा यो अभ्यास लक्षित महिलाहरुलाई कठिन लाग्न सक्दछ ।

### ४.२.४ कानुन के भन्छ ? (पाठ २२)

#### ४.२.४.१ पाठ्यक्रम अनुरुपता

पाठ्यपुस्तक गाउँबेसी भाग दुई को पाठ २२ मा समावेश गरिएको "कानुन के भन्छ?" पाठ पाठ्यक्रम अनुरुप नै तर्जुमा भएको देखिन्छ । यसले कानुन सम्बन्धी धेरै जानकारी प्रस्तुत गरेको छ । समाजमा बस्ने मानिसमा एकले अर्कालाई दुःख दिन सक्ने, भेदभाव गर्न सक्ने, हुँदा जीउधनको सुरक्षाका लागि कानुन आवश्यक पर्दछ । अधिकार मागेर होइन लडेर लिनु पर्दछ भन्ने अवधारणाको विकास गर्न गराउन यस पाठको सुरुमा नारी र पुरुषलाई तराजुमा राखेर बराबर गरेको चित्रमा प्रस्तुत छ । पाठमा मौलिक हक अधिकारका बारेमा पनि वर्णन गरिएको हुँदा आफूले पाउने हक अधिकार सुनिश्चित गर्न यस पाठले प्रत्यक्ष सहयोग पुऱ्याएको छ । पाठ्यक्रमले तोकेको उद्देश्य पूरा गर्नका लागि यो विषयवस्तुको छनोट गरिएको देखिन्छ । मौलिक हकमा समानताको हक, सम्पत्तिको हक, शिक्षा तथा संस्कृतिको हक, धर्म सम्बन्धी हक, शोषण बिरुद्धको हक, गोपनियताको हक र स्रवैधानिक उपचारको हकका बारेमा बिस्तृत जानकारी दिइएको छ । यसले गर्दा जुनसुकै हक अधिकारका बारेमा सचेत रहन ठूलो मद्धत पुग्ने देखिन्छ । यस पाठले पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको देखिन्छ । प्रौढ महिलाहरुका लागि यस्ता पाठहरुको समावेश गर्नु गराउनु अति उपयोगी देखिन्छ । तर पनि पाठको बीच बीचमा उदाहरण स्वरुप अन्य लेख भएको खण्डमा राम्रमे हुने थियो ।

#### ४.२.४.२ स्थित सापेक्षता

नेपालका महिलाहरुको परम्परागत स्थिति र भौतिक मानसिक विकास आवश्यकताका दृष्टिले प्रस्तुत पाठ एकदमै उपयोगी रहेको देखिन्छ ।

#### ४.२.४.३ उमेर, रुचि र मानसिक स्तर

लक्षित समूहको सम्भावित उमेर, रुचि र मानसिक स्तरका दृष्टिले प्रस्तुत पाठ आवश्यक र उपयोगी रहेको देखिन्छ ।

### ४.२.४.४ शैक्षणिक उपयोगिता

सामाजिक ज्ञान तथा भाषिक सीप हासिल गर्नका लागि "कानुन के भन्छ ?" भन्ने शीर्षक पाठमा राखिएको विषयवस्तु उपयुक्त देखिन्छ । यस पाठमा पठनबोध, शब्दार्थ, वाक्य निर्माण, शब्दार्थबोध, शब्दभण्डार बढाउने र अभिव्यक्ति गर्ने भाषिक ज्ञान दिने प्रयास भएको छ तर पनि निश्चित पाठमा प्रयोग भएका श्ब्दहरुको अर्थ पनि पाठ अगाडि अथवा पछाडि दिएर प्रस्तुत भएको भए राम्रो हुने थियो । बोध क्षमता हासिल गर्नका लागि तुलना गर्ने अवलोकन गर्ने, वर्णन गर्ने, छलफल गर्ने अभिलेख राख्ने, अर्थ्याउने जस्ता कुराहरूलाई उचित ख्याल गरिएको छ । समाज तथा घर परिवारमा आईपर्ने समस्या तथा सामाजिक सुरक्षाका लागि कानुनको आवश्यकता पर्दछ भन्ने कुराको जानकारी यस पाठमा पर्याप्त मात्रामा दिन खोजिएको छ । त्यसैले महिला विकासका लागि आफ्ना हक अधिकारको पालना तथा रक्षा गर्नका लागि यो विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ पछि महिलाहरू आफूले पाउने हक अधिकारको सुनिश्चित गरी व्यवहारमा उतार्न सफल हुने देखिन्छ ।

### ४.२.४.५ भाषिक क्षमता विकास

शब्द, र वाक्य चयनका हिसाबले यस पाठलाई सहज ढङ्गबाट प्रस्तुत गरेको भएपनि सरल तरिकाले अर्थ्याउने काम भएको भए विषयवस्तुहरू स्पष्ट हुने थियो । हक अधिकारका कुराहरु हुबहु रूपबाट सिकाउँदा यो उमेर समूहका महिलाहरूलाई कठिन पर्न जान्छ । समग्र रूपमा हेर्दा पाठ पाठ्यक्रमले तोकेको मुख्य क्षेत्रभित्र समेटिएको छ । अभ्यास अगाडि मात्र केहि त्यस्ता उदाहरणीय लेख प्रस्तुत् भएकाले पाठ अपूर्ण रहेको देखिन्छ । तसर्थ पाठमा उल्लेखित सम्पूर्ण हकको बारेमा बिस्तृत पाठहरु प्रस्तुत् गर्नु पर्ने देखिन्छ । पाठमा प्रस्तुत शब्दहरु लक्षित समूहका लागि शव्द भण्डार विकासका दृष्टिले उपयोगी भएर पनि विषयको दूरुहताको दृष्टिले चिन्तन मनन र व्याख्या विश्लेषणका दृष्टिले पाठमा अझै न्यूनता रहेको देखिन्छ ।

पाठलाई सामान्य चिनारीका रूपमा सैद्धान्तिक तवरबाट समावेश गरिएको छ । यस पाठमा व्यवहारिक ज्ञान सीप हासिल गर्नका लागि बढी भन्दा बढी अभ्यासहरूको प्रस्तुतिकरण देखियो । यस पाठका अभ्यासल प्रौढहरुलाई दक्ष र सीपयुक्त बनाउने पक्ष त आफ्नो ठाउँमा छदैछ तर अभ्यासमा देखिएका प्रश्नहरु लामा खालका नभइदिएर छोटो भइदिए सान्दर्भिक हुने थियो । कानुन भनेको के हो ? यसल के गर्छ ? मौलिक हक भन्नाले के बुझिन्छ ? जस्ता प्रश्नहरु तथा पाठका आधारमा स्तरयुक्त देखिन्छन् । प्रश्न निर्माण कार्य शैलीमा एउटै प्रश्नमा

धेरै प्रश्न अटाउन खोज्नुभन्दा धेरै प्रश्न बनाएर उत्तर खोजिएको भए राम्रो देखिने थियो । थप लक्षित महिलाहरूका लागि छलफल कार्यमा सजिलो पर्ने देखिन्छ । यस अर्थमा प्रश्न निर्माणको ढाँचामा अलिकति कम्जोरी पनि देखिएको छ । अभ्यास दुईमा पुरुष र महिला कामदारको ज्याला छुट्टा छुट्टै रहेको देखाइएको छ । जसमा बराबर ज्याला दिन मिल्दैन ? भनेर देखाउन खोजिएको छ । ख नम्बरको प्रश्नमा छोरीको विवाह साहूसँग ऋण लिएर गरेको र त्यसको साँवा व्याज तिर्न ९ वर्षकी छोरीलाई घरमा काम गराउन जबर्जस्ती राखिएको विषय उल्लेख छ । त्यसपछि साबित्रीको विहे शीर्षकमा चार अनुच्छेदको विषयवस्तु राखिएको छ । साबित्री १४ वर्षकी तर १६ वर्षमा मात्र छोरीको विहे गर्नु पर्ने कुरा उल्लेख छ । छोरीले आमासँग भनेकी छिन्: “आमा म अहिले भर्खर सात कक्षामा पढ्दै छु कमसेकम एस. एल. सी. सम्म पढ्न दिनोस्”। [41] उनको विवाह ४० वर्षे मंङ्गल साहूले गऱ्यो । यसमा सानो उमेरमा विवाह गर्दा आमा तथा जन्मने बच्चा दुवैलाई खतरा हुने सही ज्ञान दिइएको छ । यस प्रसङ्गले हाम्रो समाजमा महिलाहरु अत्यन्तै पिछडिएको कारण यस्ता समस्याहरुमा जेलिनु पर्ने अवस्था र यो समस्याबाट मुक्ति पाउनु के कस्ता उपायहरुको अवलम्वन गर्ने जस्ता उचित जानकारी यस अभ्यासले प्रदान गरेको छ ।

अभ्यास तीनमा अभ्यास दुईपछि दिएको सावित्रीको बिहे शीर्षक पाठ प्रस्तुत गरी पाँचवटा प्रश्नहरु सोधिएका छन । दिएको घटना पढी त्यसको बारेमा छलफल गरी कापीमा लेख्ने प्रश्नहरु उल्लेख छ । यस्तो क्रियाकलापबाट बोलाइ तथा पढाई सीपको विकास हुने निश्चित गरिएको छ । बोध क्षमताको विकासका लागि राखिएको यो अभ्यास उपयुक्त खालको देखिन्छ । यस अभ्यासको अन्त्यमा जान्नै पर्ने कुरा भनी विवाह गर्न कानुनले तोकेको उमेर सम्बन्धी जानकारी उपयोगी छ । यहाँ उल्लेख गरिएको विषयवस्तुमा कतिवर्ष पछि विवाह गर्नु पर्छ भन्ने कानुनी ज्ञान प्रदान गरेको देखिन्छ । पाठले दिएको शिक्षापछि यस समूहका महिलाले बालविवाह बहुविवाह, जर्बजस्ति विवाह, ढाँटी विवाह गराउनेलाई कानुनले दण्ड जरिवाना गर्दछ भन्ने जानकारी राख्न सक्छन् । यसले आफ्नो समाज तथा घरपरिवारमा सही प्रभाव पार्नेछ । अभ्यास चारमा विवाह के हो र किन ? भनेर परम्परागत विवाह, दर्ता विवाहको जानकारी गराउन खोजिएको छ । सम्बन्ध विच्छेद पछि महिलाले पाउने अधिकार के के हुन् , बलत्कार विरुद्धको अधिकार के हो ? बलत्कार भएपछि के गर्नु पर्छ ? भनी कानुनले दिलाउन सक्ने मूल्य र मान्यताको बारेमा यी अभ्यासहरु प्रस्तुत गरिएका छन ।

41 गाउँबेसी भाग २, अनौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३) पृष्ठ ३५

बलत्कार भएपछि प्रहरीमा ३५ दिन भित्र उजुरी दिने, स्वास्थ्य परीक्षण गराउनु पर्ने, कानुनी नियमका बारेमा यस अभ्यासले प्रसस्त  जानकारी दिइएको देखिन्छ । बलत्कार गर्नेलाई दिईने दण्ड सजायमा १० वर्ष भन्दा माथिका बालिकालाई बलत्कार गरेको खण्डमा १०-१५ वर्षसम्म कैद, १० वर्ष भन्दा माथि १६ वर्ष भन्दा मुनीका बालिकालाई बलत्कार गरेको खण्डमा ७ देखि १० वर्ष सम्म कैद, १६ वा सो भन्दा माथिकालाइ बलत्कार गरेको खण्डमा  ५ देखि ७ वर्ष सम्म कैद हुने वा जरिवाना समेत तोकिएको जानकारीले लक्षित प्रौढ महिलाहरुलाई समय सापेक्ष शिक्षा प्रदान गर्न खाजेको देखिन्छ । त्यस्तै गम्भीर प्रकारका बलात्कारको बारेमा पनि यस पाठमा उल्ललेख गरेको छ ।

अभ्यास पाँचमा घटाउको गणितीय सीप सिकाउने र पहिलेको अभ्यासलाई पुनरावृत्ति गराउँदै ६० सेकेण्ड =१ मिनेट, ६० मिनेट=१ घण्टा, र २४ घण्टा = एक दिन हुन्छ भनेर जानकारी खोजिएको छ । जसमा घण्टा मिनेट र सेकेण्डको घटाउ सिकाइएको  छ । जसले समय सम्बन्धी ज्ञान हासिल प्रदान गर्नुका साथै व्यवहारिक कार्यमा ठूलो मद्धत पुऱ्याउने स्थिति यथेष्ट रुपमा पाईन्छ ।

### ४.२.५ श्रम समय र शक्तिको बचत (पाठ २३)

### ४.२.५.१ पाठ्यक्रम अनुरुपता

यस पाठमा विभिन्न क्रियाकलाप गरिएको चित्रहरू भिन्ना भिन्नै स्थितिमा देखाइएको छ ती चित्रहरुलाई अवलोकन गरेर शिक्षार्थीहरुलाई समूहमा छलफल गर्न लगाइएको छ । यहाँ श्रीमानको फुर्सद छैन भनी एका तर्फ पुरुष काममा व्यस्त भएको देखाइएको छ भने अर्को तर्फ काम नभएर बसेको, सुतेको, तास खेलेको अवस्था देखाइएको छ जसले गर्दा काम भएर पनि फुर्सद भएका व्यक्तिहरू नराम्रोबाटो तर्फ लाग्ने स्थिति चित्रको माध्यमबाट प्रष्ट पारिएको छ । त्यस्तै मेरी श्रीमतीको काम छैन भनेर श्रीमतीले विभिन्न घरायसी काम गर्नु पर्ने स्थिति चित्रले प्रस्ट्याउन खाजेको छ । प्रस्तुत चित्रले श्रीमान श्रीमती मिलेर बराबर काम गर्नु पर्ने कुरामा जोड दिएको देखिन्छ । यस अर्थमा लक्षित महिलाहरुलाई आफ्नो पहिचान गर्दै अगाडि बढ्न सहयोग पु-याउने देखिन्छ । हाम्रो समाजमा देखिएका यस्ता कुविचार, गलत धारणा बिरुद्ध लागि पर्नु पर्छ भन्ने मान्यताका लागि यो पाठ उपयोगी देखिन्छ । यसरी श्रम र शक्तिको बचत गर्न सिकाउने उद्देश्यले यस पाठको निर्माण गरिएको पाठ पाठ्यक्रम अनुरुप छ ।

### ४.२.५.२ स्थिति सापेक्ष्यता

लक्षित समूहको मानसिक स्थिति र आवश्यक्ताका दृष्टिले पाठमा उपयुक्त चित्रहरु समावेश गर्नु आवश्यक हो । यस श्रम, समय र शक्तिको बचत पाठमा दिइएका चित्रहरू आकर्षक र बुझिने खालका छन् । चित्रले किटानीका साथ श्रम गर्न, समयलाई सदुपयोग गर्न, फुर्सदको समयमा पत्रपत्रिका हेर्न, सहयोग पुऱ्याउने देखिन्छ । यसले गलत काममा भन्दा अन्य सिर्जनात्मक काममा लाग्दा फाईदा हुने, पुरुष र महिलासँगै मिलेर काम गर्दा वा व्यस्त रहँदा राम्रो हुने जस्ता विषयवस्तु समावेश गरी एउटा जिम्बोर तथा कर्तव्यनिष्ट मानव समुदायको विकास हुनका लागि सहयोग पुऱ्याउने देखिन्छ । खाली दिमाग राक्षसको घर हो , परिश्रमबिनाको जीवन कष्टकर हुन्छ भन्ने मानसिकताको विकास गराउन यस पाठमा चित्रित चित्रले सिकाइलाई प्रभावकारी बनाउन उपयुक्त हुने हुँदा यो पाठका प्रस्तुत चित्रहरू अत्यन्तै उपयोगी देखिन्छन् । घरायसी, सामाजिक, परिवेशका चित्रहरूका माध्यमबाट उचित ज्ञान प्रदान गर्ने भएकाले यस पाठका चित्रहरु ज्ञानवर्द्धक छन् । चित्रहरू राम्रा र सरल खालका भइकन पनि यसमा दुई किसिमका चित्र भिन्न रङ्गमा समावेश भएको भए सुनमा सुगन्ध थपिने थियो । लक्षित उमेर समूहका महिलाहरुले प्रस्तुत चित्रबाट विवभन्न किसिमका अड्कलबाजि गर्ने भएकाले एउटै निष्कर्ष र निर्णय निकाल्नका लागि शिक्षकले सतर्कताकासाथ अध्ययापन प्रक्रिया सञ्चालन गर्नु पर्ने देखिन्छ ।

### ४.२.५.३ उमेर, रुचि र मानसिक स्तर

पाठ र यसको अभ्यास समेत पनि लक्षित समूहको सम्भावित उमेर, रुचि र मानसिक स्तर अनुकूल देखिन्छ । "श्रम, समय र शक्तिको बचत" पाठको अभ्यास एकमा दिइएका चित्रहरू हेरेर आफूलाई मनमा लागेका कुरा कक्षामा छलफल गर्न लगाइएको प्रश्नमा चित्रहरुको विभिन्न दृष्टिकोणबाट पहिचान गरी त्यसका फाईदा बेफाईदा, गर्न हुने काम, गर्न नहुने काम र महिला र पुरुषको भिन्नतालाई दृष्टिगत गरी यो अभ्यासले हाम्रो समाजमा देखिएका संस्कारहरुको स्थिति उजागर गर्नको लागि यस्ता चित्रपाठहरु स्तरयुक्त र उपयोगी किसिमको देखिन्छ । अभ्यासमा श्रम, समय बचत र शक्तिबीचको निकटतालाई प्रस्तुत गरी समयका बचतबाट श्रमको सदुपयोग कसरी गर्ने ? भन्ने जानकारी प्रस्तुत छ । महिला र पुरुषले गर्ने श्रमलाई अलग रूपमा हेरिने विषयवस्तु समावेश गरी दुई अनुच्छेदमा

एक लेख प्रस्तुत गरिएको छ । त्यसपछि अभ्यास दुईमा प्रस्तुत गरिएका प्रश्नहरू क, ख, र ग पाठ अनुकूल नै राखिएका छन् । प्रश्नले हाम्रा समाजमा देखिएका यथास्थितिलाई लक्षित गरी महिलाले मात्र गर्नु पर्ने कामलाई निर्धारण गरिएकाले हाम्रो समाजका महिलाहरु पिछडिएका छन भनेर उल्लेख गरिएको अनुच्छेदमा प्रस्ट पारेको देखिन्छ । पुरुषहरुले महिलाहरुलाई अझै पनि उनिहरुको शक्ति माथि हस्तक्षेप गरेको स्थितिमा पाठमा प्रयुक्त पाठ्यसामग्री उपयोगी देखिन्छ । पाठमा प्रयुक्त यस्ता खालका विषयले महिला र पुरुषले गर्ने कार्यगत् भिन्नतालाई प्रष्ट पारेको छ । अभ्यास तीन अगाडि सानुमायाको चित्त दुख्यो शीर्षकमा ७ अनुच्छेद एक लेख प्रस्तुत छ । पाँचजनाको परिवार र उनीहरूले गर्ने ज्यालादारी कामको सिलसिलामा महिला र पुरुष बीच गरिने भेदभावपूर्ण व्यवहारलाई उल्लेख गरिएको छ । ज्याला, खाजा तथा अन्य व्यवहारमा महिला पुरुषवीच हेरिने फरक दृष्टिकोणलाई पाठमा प्रस्तुत गरिएको छ । यो चलन परम्पराबाट चलिआएको र पछि समान हुन आउने कुराको उल्लेख पनि छ । यहि पाठको आधारमा अभ्यासका प्रश्नहरु निर्माण गरिएको देखिन्छ । अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर कापीमा लेख्ने क, ख, र ग प्रश्न मध्ये ग नम्बरको प्रश्न गहन र सिर्जनात्मक देखिन्छ । अन्य प्रश्नहरू प्रौढ क्षमता र स्तरको आधारमा अनि पाठ्यक्रमको उद्देश्य अनुसार निर्माण भएको देखिन्छ ।

### ४.२.५.४ शैक्षणिक उपयोगिता

अभ्यास चारमा चित्रहरू प्रस्तुत छ । चित्रहरूको आधारमा तलपट्टि प्रश्नहरू सोधिएका छन् । पाठको शीर्षक अनुसार यस्ता खालका प्रश्नहरुको प्रस्तुतिकरण गर्नु सान्दर्भिक देखिन्छ । यस्ता किसिमका प्रश्नले बिचार तथा अनुमान गर्न सक्ने क्षमताको विकास गराउने छ । अभ्यास पाँचमा एउटा संवाद प्रस्तुत छ । जुन संवादले हाम्रो वरिपरीको वातावरण कसरी संसक्षण गर्ने, वनजङ्गलको संरक्षणबाट के कस्ता फाईदा हुन्छन् ? भन्ने कुराको जानकारी उल्लेख छ । अभ्यास ६ मा अभ्यास पाँचको पूर्वाभ्यासबाट प्रश्न सोधिएका छन् । यस अभ्यासले लेखाइ र पढाइ सीपमा बढी जोड दिएको देखिन्छ । जे होस् यस पाठबाट सामाजिक कुसंस्कार र व्यवहारको परिणती के हुन्छ ? भनेर सही विषयवस्तु समावेश गरिएकाले अभ्यासहरू पाठ अनुकूल र सबल देखिन्छन् । अभ्यासको अन्त्यमा थाहा पाइराख्नोस् शीर्षकले गणितीय ज्ञानको अभ्यासहरू सहयोग गरेको खेखिन्छ । ती अभ्यासहरु पूर्वाभ्यासमा आधारित भएकाले पूर्वज्ञानलाई थप जोड दिदै स्मरण गराउन लम्बाई र लिटर

सम्बन्धी उपयुक्त ज्ञान दिइएको छ । प्रौढहरूको रुचि र क्षमताको आधारमा प्रश्न ख र ग अलि जटिल  देखिन्छ तर पनि स्तरीयताका दृष्टिले उपयुक्त नै मान्नु पर्छ ।  प्रिन्टको हिसाबले क, ख, ग हुनु पर्नेमा क, ग र ङ प्रयोग भएका छन् । यसलाई सुर्धानु पर्ने   देखिन्छ । समग्रमा पाठ र अभ्यास अन्त्यमा दिईने यस्ता गणितीय अभ्यासको ज्ञानलाई उपयोगी मान्नै पर्छ तर पनि यी अभ्यासहरु पूर्वाभ्यासमा आधारित भएर निर्माण भए राम्रो हुन्थ्यो ।

**४.२.५.५ भाषिक क्षमता विकास**

उल्लिखित विश्लेषणकै आधारमा पनि प्रस्तुत पाठ लक्षित समूहको भाषिक क्षमता विकासमा सहयोगी हुनसक्ने देखिन्छ ।

**४.२.६ वित्तीय संस्था** (पाठ २४)

**४.२.६.१ पाठ्यक्रम अनुरुपता**

आफ्नो जीवनस्तर उकास्नका लागि आफूले गरेको आय आर्जनबाट कसरी बचत गर्ने ? बचत गरेको धन सम्पत्तीको सदुपयोग कसरी गर्ने ? भन्ने विषयवस्तुको प्रयोग गरी पाठ्को र्निमाण गरिएको देखिन्छ । महिला विकासका लागि उचित विषयवस्तुको संयोजन वित्तीय संस्था पाठमा उल्लेख छ । पाठ्यक्रममा समावेश गरिएको अर्थोपार्जन र कृषि विषयको उद्देश्य र लक्ष्य  अनुसार यस पाठको  निर्माण   गरिएको देखिन्छ । पाठमा वैंकवाट ऋण कसरी लिने ? ऋण लिन के कस्तो विधि आवश्यक पर्दछन् जस्ता उपायहरुलाई अवलम्वन गरी पाठ निर्माण गरिएको छ ।  विभिन्न व्यवसाय संचालन गर्नकालागि कृषि विकास बैंकले सहज व्याँजदरमा ऋण कसरी लिने ? चल्ति, बचत, र मुद्धति खातामा रकम जम्मा कसरी हुन्छ गर्ने ? भन्ने कुराको जानकारी दिदै ती खातामा रकम जम्मा गर्दा कुन खाताबाट कति ब्याँज पाईन्छ भन्ने कुराको व्यवहारिक ज्ञान दिन खोजिएको छ । महिला विकासका लागि आर्थिक उन्नती गर्ने उद्देश्यले वित्तीय संस्था भन्ने पाठ अत्यन्त उपयोगी देखिन्छ । भाषिक सीप विकास तथा गणितीय ज्ञान हासिल गर्नका लागि यो पाठ निर्माण गरिएको देखिन्छ । बैंकको कारोवार गर्न यस तहका महिलाहरुलाई उचित परामर्श दिइएको छ । जसका कारण लक्षित महिला वर्गहरु विशेषरुपमा लाभान्वित देखिन्छ ।  यसले भाषिक सीप, व्यवहारिक ज्ञान, गणितीय ज्ञान तथा आर्थिक उन्नती र नागरिक चेतना प्रदान गर्ने उद्देश्यमा यो पाठ

सफल, सार्थक तथा अनौपचारिक शिक्षाको उद्देश्य मुताविक प्रस्तुत भएको पाठ पाठ्यक्रम अनूरुप देखिन्छ ।

### ४.२.६.२ स्थिति सापेक्ष्यता

अनौपचारिक शिक्षा पाठ्यक्रमले अर्थोपार्जन र कृषि विषयलाई पूर्णता दिनको लागि वित्तीय संस्था पाठलाई समावेश गरेको देखिन्छ । पाठ निर्माणमा प्रयोग गरिएको विषयवस्तु व्यवहारिक र स्तर सुहाउँदो देखिन्छ । महिला समूहले संस्थाका म्यानेजरसँग गरेको परामर्श महिला उत्थानका निम्ति उपयोगी देखिन्छ । चित्रात्मक प्रस्तुतिका साथमा विषयवस्तुहरूलाई क्रमिक रूपमा राखिएको देखिन्छ । पहिले आय आर्जन पछि त्यसको संरक्षण तथा आय आर्जन गर्ने उपाय र तरिकाहरू यस पाठमा सिकाइएको छ । यसरी महिला विकास र उन्नतिका लागि पाठ्यक्रममा समावेश गरिएका उद्देश्य र लक्ष्य अनुसार नै यो पाठको निर्माण भएको देखिन्छ । मध्यम तहको पाठ्यक्रमले तोकेको उद्देश्य, दैनिक जीवनमा देखा पर्ने कृषि स्वास्थ्य, पोषण जनसंख्या र वातावरण जस्ता समस्याहरूको समाधान खोज गरी आफ्नो जीवनस्तर सुधार गर्ने [42] हेतुले यो पाठको निर्माण भएको देखिन्छ । पैसाको कारोवार तथा बैंङ्क सम्बन्धी कारोवारको जानकारी दिदै फाईदा उठाउने उद्देश्यबाट पनि पाठको संरचना भएको देखिन्छ । खास गरेर भन्नु पर्दा भरखर आधारभूत तह शिक्षा हासिल गरेका प्रौढ महिलाहरूले सर्वप्रथम गाउँको जान्ने बुझ्ने व्यक्तिबाट जानकारी लिई, संस्थागत कार्य गर्न सिकाइएको हुनुपर्ने थियो । एकैचोटी माथिल्लो निकायमा यस्ता प्रौढ महिलाहरूलाई उभ्याइदिदा अप्ठ्यारो नपर्ला भन्न सकिन्न । यस अर्थमा पाठ अलि सच्चिनु पर्ने देखिन्छ ।

### ४.२.६.३ उमेर, रुचि र मानसिक स्तर

पाठको बनावट विषय प्रकृति प्रौढहरुको क्षमता अनुसार मिल्दो नै देखिन्छ । तर मध्यम तहमा अध्ययन गर्न आउने महिलाको क्षमता सिधै संस्थाका म्यानेजरसँग परामर्श सेवा लिई छलफल गर्न र परामर्श लिन सक्ने हुँदैनन । क्षमता सुहाउदो पाठ भए पनि परामर्श जस्तो क्रियाकलाप अलि जटिल हुने हुँदा पूर्णता भने पाउन सक्दैन । यो क्रियाकलापले यस उमेर समूहका महिलाहरूलाई अर्थोपार्जन र कृषि तर्फ अभिमुखीकरण गराउनु उमेरसंगतनै देखिन्छ । पाठमा प्रस्तुत गरिएका शव्द, वाक्य गठन र नयाँ शव्दको प्रयोग स्तरीयताको

42 अनौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३) पृष्ठ १३

अधारमा उपयुक्त नै देखिन्छ । पाठगत आधारमा भाषिक, गणितीय ज्ञान आर्जनका अभ्यासहरु स्तरीयताका आधारमा निर्धारण गरेको पाइयो ।

### ४.२.६.४ शैक्षणिक उपयोगिता

यस पाठको मूल्याङ्कनका लागि विभिन्न अभ्यासहरूको तर्जुमा गरिएको छ । भन्नुपर्दा पाठको उद्देश्य प्राप्तिका लागि शिक्षण सामग्रीका साथमा गरिएको शैक्षिक क्रियाकलाप पश्चात त्यसको मूल्याङ्कन गर्न अभ्यासहरू निर्माण गरिने भएकोले यस पाठको अन्त्यमा राखिएका अभ्यासहरू मध्ये अभ्यास एकमा पाठको आधारमै प्रश्नहरू राखिएको पाइयो । दिइएका पाँच प्रश्नहरू स्तरीयताको आधारमा उपयुक्त छन् । जुन प्रश्नले छोटो उत्तर लेख्न सक्ने छ, भन्न सक्ने सीपको मूल्याङ्कन गरेको पाइयो । अभ्यास दुईमा भने सिर्जनात्मक खालको प्रश्न समावेश गरेको देखिन्छ । बैङ्कले ऋण उपलब्ध गराएको खण्डमा के काम गर्नुहुन्छ र किन ? भनी समूहमा छलफल गर्न लगाइएकोले यसले महिलाहरूमा सक्रिय रूपमा छलफल गर्ने बानीको विकास र निष्कर्ष निकाल्ने क्षमताको विकास हुने हुँदा यो प्रश्न सबल किसिमको देखिन्छ । अभ्यास दुई पछि, भौचरको परिचय, बैंङ्कबाट ऋण लिए बापत गरिदिने तमसुक, घरजग्गा, धनमालको धितो पत्र आदि सम्बन्धी सामान्य जानकारी दिइएकोले शिक्षार्थीको शब्दभण्डारमा बृद्धि गराउन मद्दत पुऱ्याएको देखिन्छ । उल्लेखि शब्दहरुमा ब्याज, ऋण, बचत, चेकबुक, भौचर र धितो जस्ता शब्दहरू दिएर वाक्यमा प्रयोग गर्ने अभ्यास उपयुक्त र सार्थक देखिन्छ । अभ्यास तीनमै बैंङ्क भौचरको नमुना भरेर देखाइएको छ । यसले सिकेर गर भन्दा पनि गर र सिक भन्ने सिद्धान्त अपनाएको देखिन्छ । पहिले भौचर भरेको नमुना देखाएर यसले जानकारी दिनु पर्नेमा, क्रमबद्ध अभ्यासको आधारमा यो पछाडि परेको देखिन्छ । अभ्यास चारमा बैंङ्कको खाली भौचर दिएर नमुनाका आधारमा भर्न प्रश्न दिइए पनि नमुना भौचर भरेर प्रस्तुत नगरिएकाले शिक्षार्थीहरु अलमलमा पर्ने देखिन्छ । तर पनि यो अभ्यासले बैंङ्क भौचर भर्ने सीपको विकास गराएकोले यो अभ्यास व्यवहारिक देखिन्छ । अभ्यास पाँचमा भौचर ठेगाना लेख्ने कुराको उल्लेख नगरि किन लेख्नु पर्छ भन्ने प्रश्न सोधिएकाले यो प्रश्न त्यति स्तरयुक्त देखिन्न । रकम जम्मा गर्दा अङ्क र अक्षर दुवैमा लेख्नु पर्ने कुराको उल्लेखले पाठ सुहाउदो नै देखिन्छ । अभ्यास ६ मा भरिएको चेकको नमूना दिइएको छ भनिएपनि नमुना चेकनै नभरिएकाले शिक्षर्थीले कसरी अर्को चेक भर्ने । दिइएको नमुनाको आधारमा रु ३००० झिक्नका लागि चेक भर्न लगाउने प्रश्नले र व्यवहारिक ज्ञानमा

अझ सहयोग गरेकाले पाठ सुहाउदो प्रश्न राखिएको छ । यसले बैंकको चेक भर्न र रकम झिक्न दक्ष भए नभएको मूल्याङ्कन गर्ने हुँदा यो अभ्यास पाठ्यक्रम अनुसारक पाठको स्तर सुहाउँदो र उद्देश्यमूलक  देखिन्छ ।

### ४.२.६.५ भाषिक क्षमता विकास

अभ्यास सातमा एउटा लेख प्रस्तुत गरि अगाडिका पाठ्हरूमा जस्तै बोध क्षमताको अभिबृद्धिका लागि पाठ सुहाउँदो प्रश्न सोधिएको छ । तीन अनुच्छेदको गद्यांशमा आय आर्जनको विषयलाई आधार मानेर बैंकबाट ऋण लिएर बाखा पालन गरेको विषय प्रस्तुत  छ । त्यसैका आधारमा पाँचवटा बोधप्रश्नहरू सोधिएका छन् । ती प्रश्नहरू व्यवहारिक र स्तर सुहाउँदो किसिमले निर्माण गरिएका छन् । बोध क्षमताको विकास र विस्तारका निम्ति यी प्रश्नहरु उपयुक्त खालका छन् । अभ्यास आठमा गणितीय ज्ञान सीप दिनका लागि चलन चल्तिमा सुन्दै र भोग्दै आएको विषयवस्तुको जानकारी प्रस्तुत् छ । एक दिनमा २४ घण्टा, एक हप्तामा ७ दिन, १ वर्षमा ३६५ दिन, एक महिनामा ३० दिन, अनि दिन र रात गरी २४ घण्टा हुने कुराको जानकारी प्रस्तुत गराउँदै यस सँग सम्बन्धित प्रश्नहरू निर्माण गरिएका छन् । गुणनको सामान्य जानकारी र जोडको पूर्व अवधारणालाई निरन्तरता दिदैं जोडका प्रश्नहरू पनि समावेश भएकाले यो अभ्यास स्तरयुक्त देखिन्छ । अभ्यास नौमा वर्ष र दिन, हप्ता र दिन, घण्टा र मिनेट महिना र दिनमा अङ्क दिएर त्यसलाई जोड गर्न दिइएको छ भने अभ्यास १० मा सोही अनुसार घटाउ गर्न दिइएको छ । जोड घटाउको अभ्यासमा पुनरावृत्ति गराएकाले यस पाठका अभ्यासहरु उद्देश्यमूलक देखिन्छ । यस पाठमा अभ्यासहरूलाई बढी जोड दिइएको पाइयो । विद्यार्थी केन्द्रित शिक्षण प्रक्रियाको अवलम्वन गर्दै यी अभ्यासहरु अघि वढेको देखिन्छ । यस पाठका अभ्यासहरूलाई नियाल्दा बैङ्कको भौचर भर्ने देखि लिएर, चेक भर्ने, पैसा झिक्ने, तरिकाहरूमा पहिले चित्रात्मक अवलोकनका आधारमा नसिकाउनाले स्तरयुक्त नदेखिए पनि अन्य अभ्यासहरू स्तरयुक्त नै देखिन्छन् ।

### ४.२.७ हाम्रो सम्पदा (पाठ २५)

#### ४.२.७.१ पाठ्यक्रम अनुरुपता

अनौपचारिक शिक्षा पाठ्यक्रममा निर्धारित मध्ययम तहको पाठ्यक्रममा महिला शिक्षाका लागि तयार पारिएको हाम्रो सम्पदा पाठ शीर्षक देशभरिको सम्पदा सम्बन्धमा उल्लेख र वर्णनहरू प्रस्तुत देखिए । सुरुमा कृष्ण मन्दिरको तस्विर दिदै पछाडि नेपालको धार्मिक, साँस्कृतिक, प्राकृतिक सम्पदाहरूको जानकारी प्रस्तुत गराइएको छ । यस पाठमा नेपालमा भएका प्राकृतिक साँस्कृतिक सम्पदाको पहिचान गराउन खोजिएको छ । पाठले नेपालका प्राचीन,  धार्मिक, साँकृतिक पक्षको जगेर्ना गर्ने सन्देशपनि दिएको छ । यसले गर्दा प्रौढ महिलामा विभिन्न पक्षको ज्ञान हासिलहुने देखिन्छ । प्राकृतिक सम्पदाको जानकारी दिनुका साथै यसको संरक्षण कार्यमा कसरी लाग्ने भन्ने प्रेरणा पनि दिएको देखिन्छ । कृष्ण मन्दिरको निर्माण सिद्धिनरसिंह मल्लले सपना देखेको आधारमा पाटनको मंगलबजारमा वि. सं. १७२० मा निर्माण पूरा गरेको विषयवस्तु यस पाठमा समावेश छ । जसले धार्मिक पक्षको महत्व प्रतिनिधित्व गरेको छ । यस्ता थुप्रै मठमन्दिर अनि विविध धार्मिक स्थलहरू ताल, तलैयाहरू, झरना, नदी आदिको समेतको जानकारी दिएकाले शीर्षक अनुसार पाठमा  जस्तै मुद्रा, धर्मात्मा, स्तूप, चर्च, चैत्य, मन्त्रमुग्ध, गर्व आदि शब्दहरू केही किलिष्ट खालका छन् । अन्य शव्दहरुमा  शिखर शैली, निर्माण, राष्ट्रिय सम्पदा, आदिशव्दहरु स्तर र तह अनुसार बुझ्न कठिन खालको देखिन्छ । शब्द भण्डारका हिसाबले पाठ उचित छ । यस्ता शव्दको प्रयोगले भाषिक दक्षतामा निखार आए पनि प्रौढहरुको स्तार र क्षमता अनुसार प्रयोग गरिएका यी शव्दहरु पाठसंगत देखिएनन् । पाठको संरचना, स्तरगत अवस्था क्षमता उमेर, अनुसार रुचिपूर्ण देखिन्छन् । पाठको शीर्षक अनुसार आफ्नो वरिपरी रहेको कुनै मन्दिर हेर्नुहोस्, त्यो कसरी बनेको छ ? कसले बनायो ? त्यहाँ कसको मूर्ति छ ? जस्ता प्रश्न राखी पाठको निर्माण गरेको भए अझ राम्रो हुने थियो । समग्रमा आफ्नो देशको विभिन्न सम्पदाहरूको बारेमा जानकारी गराउन राम्रो हो तर पनि अनैपचारिक शिक्षा हासिल गर्ने सन्दर्भमा अन्य पाठहरुले जस्तो जीवन उपयोगी र व्यवहारिक शिक्षा भने यस पाठले दिन सकेको देखिदैन ।

#### ४.२.७.२ स्थिति सापेक्ष्यता

हाम्रो सम्पदा सबै नागरिकका लागि चासोको कुरा हो र सवैले जानकारीमा राख्नुपर्ने कुरा हो । प्रौढहरुलाई यसले जानकारी दिन चाहनु स्थिति तथा आवश्यक्ताको सापेक्षतामा उपयुक्त नै रहेको देखिन्छ ।

#### ४.२.७.३ उमेर, रुचि र मानसिक स्तर

लक्षित समूहको सम्भावित उमेर, रुचि र मानसिक स्तरको दृष्टिले प्रस्तुत पाठ रुचिपूर्ण र चाखलाग्दो छ ।

#### ४.२.७.४ शैक्षणिक उपयोगिता

हाम्रो सम्पदा सांस्कृतिक मूल्य महत्वका दृष्टिले महत्वपूर्ण हो र नागरिकहरुले जानकारीमा राख्नै पर्ने विषय हो । यस दृष्टिले प्रस्तुत पाठ उपयोगी रहेको देखिन्छ ।

#### ४.२.७.५ भाषिक क्षमता विकास

भाषिक सीप अन्तर्गत सुनाइ बोलाइ, लेखाइ, पठाइ जस्ता विविध पक्षहरूको समायोजन हुने हुदाँ अनौपचारिक शिक्षा मध्ययम तह महिला साक्षरता कार्यक्रम दोस्रो तहमा अध्ययन गर्ने महिलाका लागि यस्ता खालका पाठको संरचना हुनु उपयुक्त मानिन्छ । हाम्रो सम्पदा शीर्षक पाठमा यसलाई शिक्षणकर्ताले वाचन गरी सुन्न लगाइएको छ । पाठका शब्दहरू सुन्न लगाउने, बोलेका कुरा लेख्न लगाउने हिसाबले पाठको संरचना गरिएको छ । बढी मात्रामा शब्दभण्डारको स्तर बृद्धि गराउने उद्देश्यले पाठ निर्माण गरिएको छ । शब्दभण्डार अन्तर्गत मन्दिर, वन, ताल, झरना, चर्च जस्ता थुप्रै शब्दहरू ज्ञातबाट अज्ञात तर्फ लगिएको छ । सरलबाट जटिलतर्फ जाने क्रममा शब्द ज्ञान र विषयवस्तु पनि सोही अनुसार निर्माण गरिएको देखिन्छ । पढाई र लेखाइलाई बढी जोड दिइएकाले यस पाठमा त्यस्ता वाक्यहरूको संरचना दिइएको पाइयो । जुन वाक्यहरु बोध क्षमताका दृष्टिले सहज प्रकृतिको देखिन्छ । लक्षित महिलाले जानेका बुझेका साँस्कृतिक, सामाजिक, प्राकृतिक सम्पदाहरूलाई व्यवहारिक रूपमा जानकारी गराउन छलफलको माध्यमबाट बोलाइ सीपको विकास गराइएको देखिन्छ । विभिन्न साँस्कृतिक प्राकृतिक वस्तुहरूको वर्णन गरेर सुनाइ सीपको विकास पनि गराइएको देखिन्छ । हाम्रो देशमा रहेका केही प्राकृतिक सम्पदाको नाम

दिएर पढनको लागि उत्प्रेरित गरी पढाइ सीपको विकास गराइएको छ । अन्त्यमा ती आर्जन गरेका ती सीपका आधारमा अन्य त्यस्ता साँस्कृतिक, प्राकृतिक, सम्पदाहरू के के हुन् ? भनी लेखन सीपको विकास गराइएकाले भाषिक आधारमा पाठ बढी स्तरयुक्त, सार्थक र सफल खालको देखिन्छ । यस पाठमा प्रस्तुत गरिएको चित्र हिन्दू धर्मको मात्र भएको हुनाले विविध धर्मका व्यक्तिलाई बुझ्न कठिन हुने हुँदा विविध खालका साना साना मन्दिर तथा साँस्कृतिक झलक प्रस्तुत, गर्ने स्थितिमा कमी देखिन्छ ।

### ४.२.७.६ पाठका अन्त्यमा तयार पारिएका अभ्यासहरूको विश्लेषण

हाम्रो सम्पदा पाठका आधारमा तयार पारिएका अभ्यास अन्तर्गत पहिलो अभ्यासमा पाठका कुराहरू पढेका आधारमा छलफल गर्दै कापीमा लेखेर सुनाउने अभ्यास प्रस्तुत छ । यस अभ्यासले बोलाइ, पढाइ, लेखाइ सीपलाई हासिल गर्न सहयोग पुऱ्याएको देखिन्छ । अभ्यासमा दिइएको पाँच प्रश्नमा हाम्रो देशलाई प्रकृतिले दिएको प्रकृतिक साँस्कृतिक सम्पदा के के हुन् ? भनी प्रश्न सोधिएका छ । प्राकृतिक तथा साँस्कृतिक सम्पदा कति छन् ? नेपाललाई मन्दिरै मन्दिरको देश किन भनिन्छ ? विदेशीहरू नेपालमा आउनुको मख्य कारण के हो ? जस्ता प्रश्नहरूमा छलफल गरी लेख्न लगाइएकाले यी प्रश्नहरू ओझिला र क्षमता अनुसार तयार पारिएका देखिन्छन् । अभ्यास २ मा हरियो वन नेपालको धन सबैले सुनेको कुरा प्रस्तुत गरि वनले मद्दत गरेको कुरा छलफल गरेर लेख्ने प्रश्न दइएको छ । उदाहरणका रूपमा आगो बाल्न दाउरा दिन्छ ।[१] अभ्यास तीनमा वन जङ्गलबाट पाइने फाइदा र संरक्षण गर्नै उपायहरू समूहमा छलफल गरी लेख्न लगाइएको प्रश्न समय सापेक्ष देखिन्छ । यस अभ्यासले बोलाइ र लेखाइ सीप विकासमा वढी जोड दिएको देखिन्छ । अभ्यास चारमा हाम्रा वरपर भएका केही प्राकृतिक सम्पदाहरू पानी, माटो, ढुङ्गा र जङ्गल दिएर यी संपदाहरुबाट हुने पाँच पाँचवटा फाईदाहरू छलफल गरी लेखेर कक्षामा सुनाउन लगाउने अभ्यासले लक्षित समुहको भाषिक र शैक्षणिक उपयोगितामा केन्द्रित रहेको देखिन्छ । यस अभ्यासले कुनै विषय वस्तुमा केन्द्रित रहेर विचार दिन सक्ने सीपको विकास गराउने देखिन्छ । अभ्यास पाँचबाट जल सम्पदाका स्रोतहरु धेरै छन् । जस्तै नदी, खोला, ताल, झरना, खाने पानी, जल विद्युत, सिचांई, ढुङ्गा, माछा, खेतीपाती, घर टहरा, वालुवा, घाट तीर्थस्थल, बाढी, विजुली, बाध र मलिलो माटो दिइएको छ । यी शब्दहरूको प्रयोग गरी पानीको महत्व बारेमा वाक्य बनाएर लेख्न लगाउनुका साथै समूहमा छलफल गर्ने उद्देश्यले यो अभ्यास निर्माण गरेको

देखिन्छ । अभ्यासबाट लेखाइ सीपको विकास गर्न ठूलो मद्दत पुग्ने देखिन्छ । अभ्यास ६ मा आफ्नो अनुभवका आधारमा दिएका चार प्रश्नहरूको छोटकरीमा उत्तर लेख्न लगाइएको छ । जसमा दिएको प्रश्न खोला र नदीले हामीलाई कसरी मद्दत गर्छन ? यसको संरक्षण गर्न के के गर्नु पर्छ ? पानीका स्रोतहरू कसरी फोहोर हुन्छ ? सफा गर्ने उपायहरू के के हुन् ? प्रश्न निर्माण भएकाले यो अभ्यास बढी सिर्जनात्मक र उपयोगी खालको देखिन्छ । अभ्यास सातमा भवसराले आफ्नो जिल्ला ललितपुरमा भएका साँस्कृतिक र प्राकृतिक सम्पदाको छुट्टा छुटै रूपमा एउटा सुचि गरेकी छिन् । यसै गरि अध्ययन कर्ताहरुलाई आफ्नो ठाउँमा भएको सम्पदाहरुको सूची तयार गर्ने लगाउनु शैक्षणिक हिसाबले उपयोगी देखिन्छ । अभ्यास आठमा आफ्नो वरपर भएका पसम्पदाहरूको संरक्षण कसरी गर्ने भन्ने बुँदा दिइएको छ । आठवटा बुँदा दिएर अन्त्यमा तीनवटा प्रश्न सोधिएको छ, बुँदाहरु सकरात्मक खालका छन् । तर क नम्बरको प्रश्न अलि जटिल र लामो देखिन्छ ।

प्रश्न छोटो बनाउँदा लक्षित समुहका महिलाले सहज ढंगबाट बुझ्ने हुनु पर्दछ । अन्य प्रश्नहरू तह क्षमता र स्तर सुहाउदो नै देखिन्छ ।

विविध विषयको जानकारी पश्चात् थापा पाइराख्नोस भनेर नेपालमा पर्ने विश्व सम्पदा सूचीहरू दिइएको छ । हनुमानढोका दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, पशुपतिनाथ मन्दिर क्षेत्र, स्वम्भूनाथ, भक्तपुरदरबार क्षेत्र, बौद्धनाथ, चागुनानरायण मन्दिर क्षेत्र, लुम्बिनी मन्दिर क्षेत्र, सगरमाथा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज आदि प्रस्तुत छन् ।[१३] यसको जानकारी बीचमा राख्नाले राष्ट्रियताको पहिचान र नेपालको अस्तित्वका बारेमा पनि साक्षरताहरूलाई जानकारी गराउनु उद्देश्य पूर्ण देखिन्छ । अभ्यास ९ र १० मा गणितीय सीप प्रदान गर्ने उद्देश्यले धान, मास, गहुँ, तोरी, उत्पादन हुने अन्नबाली कति पाथी उत्पादन हुन्छ ? त्यसले कति कोठा ओगटछ भन्ने कुराको जानकारी दिने उद्देश्यले यी अभ्यासहरू उपयुक्त छन् । यसले घरमा कुन वर्षमा कति उत्पादन भयो भनी उत्पादन गर्ने कुरामा अझ थप ज्ञान प्रदान गर्दछ । सोधिएका प्रश्नका उत्तर दिन सक्ने खुवीको विकास गराउन पनि यो अभ्यास उपयुक्त देखिन्छ । खेतीपाती गर्दा खेताला लगाउँदा, खेती लगाउँदा गोडमेल गर्ने कति जना र सिंचाई गर्दा कति जना लागे त्यसको लेखाजोखा राख्न सक्षम हुने हिसाबले यो पाठको निर्माण गरिए पनि यस्ताखालका अभ्यासहरु प्रौढमहिला समूहका निम्ति अपाच्य देखिन्छ । किनकि अभ्यास नौ को ग्राफ बुझ्न र बुझाउन कठिन छ । पाठ्यपुस्तकमा पाठभन्दा अभ्यासको प्रस्तुति वढि रहेको पाइयो । हुन त अभ्यास विना सिकाई प्रभावकारी नहुने भएकाले

अभ्यासको प्रस्तुतिमा कम ल्याउनु मूर्खता हो तर पनि अभ्यासको अगाडि वा पछाडि सामान्य प्रायागीक प्रश्नहरुको निर्माण गरेर प्रयोगात्मक अभ्यासहरुलाई ग्राहयता दिएको खण्डमा समय सार्न्धभिक हुने थियो ।

### ४.२.८ घरेलु हिंसा पाठ(२६)

#### ४.२.८.१ पाठ्यक्रम अनुरुपता

यस पाठले लक्षित महिलालाई घरेलु हिंसाका विषयहरूमा राम्ररी जानकारी दिइएको छ । सुरुमा रक्सीको मातमा आएर श्रीमतीलाई चुल्ठोमा समातेको दृश्यका साथ छोरा छोरीले छुट्याउन खोजेको तश्वीर प्रस्तुत छ । भाँडाकुडाँहरू यत्रतत्र छरिएका छन् । पाठको प्रमुख विषय चित्रलाई मात्र बनाइएको छ । यही चित्रका आधारमा अभ्यास प्रस्तुत छन् । अभ्यासमा राखिएका बुदाँ अगाडिको चित्रसँग मेल खाने भएकाले उपयुक्त छ । चित्रका माध्यमले घरमा हिंसा कसरी हुन्छ ? भन्ने कुराको विश्लेषण गर्न सक्ने क्षमताको विकास गराउने उद्देश्यले पाठमा चित्रलाई समावेश गरिएको देखिन्छ । चित्रको माध्यमबाट अभ्यासमा आर्थिक हिंसा, मानसिक हिंसा, शारीरिक हिंसा र यौनजन्य हिंसालाई समावेश गराई अभ्यासबाट सिकाइ अगाडि बढाउने उद्देश्यले पाठको शीर्षक अनुरुप प्रस्तुत चित्रहरू उपयुक्त खालका देखिन्छन् । भाषिक शैक्षणिक दृष्टिकोणले पाठमा प्रयुक्त पाठ्य सामाग्रीहरु स्तरीय पाठ्यक्रम अनुरुप देखिन्छन् ।

#### ४.२.८.२ स्थिति सापेक्ष्यता

प्रस्तुत पाठ नेपाली महिलाहरुका हकमा विशेष रुपमै सरीक छ । पाठको चित्रात्मक प्रस्तुतिका आधारमा अभ्यास एकमा प्रश्नहरू सोधिएका छन् । चित्र हेरी प्रश्नको उत्तर छलफल गर्न भनिएको छ । छलफलका प्रश्नहरूमा के भइरहेको छ ? चित्रका कुराहरू हेरेर कस्तो लाग्यो ? कुटाइ खानेको अवस्था कस्तो होला ? घरमा अशान्ति समावेश गरिएका छ भन्ने प्रश्नले पाठमा दिइएको चित्रहरूलाई प्रष्ट पारेको छ । प्रश्न निर्माण गर्ने तरिका उच्च स्तरीय र सरल र सहज देखिदैनन् । अभ्यास २ मा ६ अनुच्छेदको एउटा कथा उल्लेख । कथालाई समूहमा छलफल गरि निर्णय र निस्कर्ष निकाल्न लगाउन उचित देखिन्छ । कथा र पाठका चित्र मेल खाने हिसाबले तयार पारिएको देखिन्छ । यसबाट पूर्व पाठमा आफूले गरेको अनुमान मिले नमिलेको जाँच गर्न सकिने हुँदा पाठको संरचना र निर्माण पक्ष सवल देखिन्छ ।

पाठको अन्त्यमा घरेलु हिंसाको सामान्य परिचय दिएको छ । घरेलु हिंसा अन्तर्गत मानसिक तथा यौनजन्य दूर्व्यवहार पर्ने भएकाले यस सम्वन्धित विस्तृत रुपमा जानकारी गराउनु यस पाठको मुख्य लक्ष्य रहेको देखिन्छ । प्रस्तुत कथाको आधारमा बोध क्षमतालाई अभिबृद्धि गर्नका लागि पाँचवटा प्रश्नहरू दिइएका छन् । ती प्रश्न मध्ये तीनवटा प्रश्न बोध क्षमता जाँच्ने खालका देखिन्छन् भने अरु २ वटा प्रश्न लामा र क्लिष्ट खालका देखिन्छन् ।

अभ्यासको बीचबीचमा जान्नै पर्ने कुराहरू भनेर लैङ्गिक असमानता र पितृसतात्मक समाज दाईजो प्रथा, बालविवाह, निर्णय गर्ने अधिकार पुरुषमा मात्र सीमित, महिला विरुद्ध भेदभाव गर्ने कानुनहरूको बारेमा जानकारी दिइएकाले यो पाठ प्रेरणदायी वनेको देखिन्छ । अभ्यास चारमा चित्रात्मक प्रस्तुतिका माध्यमबाट आर्थिक हिंसा, मानसिक हिंसा, शारीरिक हिंसा, यौनजन्य हिंसाहरू प्रस्तुत गरिएका छन् । यो प्रस्तुति बढी व्यवहारिक र स्तरयुक्त देखिन्छ । कस्ता घटनाक्रमबाट यस्ता हिंसा समाजमा हुन्छन् भन्ने विषयको प्रस्तुततिकरणले पाठ उपयोगी देखिन्छ । प्राय जसो महिलाहरू पुरुषबाटै बढी दमित भएको कारणहरू यसपाठमा प्रयुक्त अभ्यासको यो प्रश्न बढी सार्थक देखिन्छ । अभ्यास पाँचमा सुखमाया र फूलमती बीच संवाद दिइएको छ । यस संवादका माध्यमबाट घरेलु हिंसाबाट पीडित महिलाहरूले थाहा पाउनु पर्ने कुरा उल्लेख छ । सानोतिनो कुटपिट भएमा ३५ दिन भित्र उजूरि गरिसक्नु पर्ने नियमका कुराहरू सिकाइएको छन् । अभ्यास ६ मा कुटपिट प्रमाण, समूह, प्रहरी शब्द दिई वाक्यमा प्रयोग गर्न लागाइएको छ । यसले शब्द तथा वाक्यको ज्ञान हासिल गराउने उद्देश्य राखेको छ । साक्षरता महिलालाई यस किसिमका शब्दहरू दिई वाक्यमा प्रयोग गर्न दिनु मनासिव देखिन्छ । अभ्यास सातमा घरेलु हिंसाका कुराहरू दिई ठीक बेठीक छुट्याउन सक्ने क्षमताको विकास गराउने खोजेपनि प्रश्नहरु अलि अस्पष्ट भएको देखिन्छ बहु वैकल्पिक प्रश्नहरू समाबेश भएको भए पनि प्रौढहरुको क्षमता अनुसार उचित देखिदैनन् । अभ्यास नौ र दशमा पूर्वभ्यासका आधारमा ग्राफ बनाउन सिकाइएको छ ।

### ४.२.८.३ उमेर, रुचि र मानसिक स्तर

घरेलु हिंसा पाठमा आधारित अभ्यासहरू व्यवहारिक, स्तरीय, सीप मूलक र उपयोगी खालका देखिन्छन् । यस पाठमा प्रश्न निर्माणको प्रकृया सन्दर्भमा संक्षिप्त प्रश्नहरुको कमी देखिन्छ । लक्षित समूहको उमेर, रुचि र मानसिकताका दृष्टिले प्रस्तुत पाठलाई पनि एउटा उपयोगी पाठ नै भन्न सकिन्छ ।

### ४.२.८.४ शैक्षणिक उपयोगिता

शैक्षणिक उपयोगिताका दृष्टिले प्रस्तुत पाठ उपयोगी रहेको देखिन्छ । समकालीन नेपालका गाउँबस्ती र शहरमा समेत व्यापक रुपमा पाइने घरेलु हिँसाको सन्दर्भमा हेर्दा पाठको उपयोगिता सयंसिद्ध छ पनि भन्न किन्छ ।

### ४.२.८.५ भाषिक क्षमता विकास

भाषिक क्षमता विकासका दृष्टिले पाठ सामान्य छ । प्रायः परिचित शव्द शव्दावली नै प्रयोगमा आएका छन् ।

## ४.२.९ प्रौढ महिलाको समस्या (पाठ २७)

### ४.२.९.१ पाठ्यक्रम अनुरुपता

महिला साक्षरता कार्यक्रम दोस्रो तहमा अध्ययन गर्ने महिला सहभागिहरूका लागि तयार पारिएको गाउँबेसी भाग दुई पाठ्यपुस्तकमा समावेश गरिएको यस पाठमा पाठ्यक्रमले तोकेको लक्ष्य अनुसार स्वास्थ्य र पोषण तथा महिला समस्या विषय क्षेत्रलाई  समेटेर पाठ्को निर्माण भएको देखिन्छ । पाठको सुरुमा चित्र देखाएर प्रौढ महिलाले सकि नसकि काम गरेको देखाइएको छ । लामो विषयवस्तु समावेश गरी  बिमलाकी आमालाई सञ्चो नभएकाले आमाको काम पनि सबै गर्नुपरेको हुदाँ उनी साक्षरता कक्षामा सामेल हुन नपाएको समस्या उल्लेख छ । महिला समस्या अन्तर्गत आमाको यौन अंगबाट  छिनछिनमा पिसाब आउने पिसाब पोल्ने समस्या भएकोले साक्षरता कक्षामा उपस्थीत हुन नसकेको कुरा प्रस्तुत छ । लेख संवादात्मक शैलीमा आङ्ग खस्नुको कारण बिमलाले जस्ता महिलाले थाहा पाउनु ठुलो कुरा हो । स्वास्थ्य रहन प्रौढ महिलाहरुले अपनाउनु पर्ने उपायहरुको बारेमा समावेश गर्रिएका बुदाँहरु समयसार्थक देखिन्छ । समाजका प्रौढ महिलामा देखिने यस्तो समस्याबाट बच्न यस पाठले सहयोग पुऱ्याएको देखिन्छ । यसलेखको विषयवस्तु पिछडिएको र तल्लो वर्गको लागि अत्यन्तै उपयोगी देखिन्छ । प्रौढ महिलाहरू यस विषयमा सिक्न र जान्न उत्सुक हुन्छन् । पाठमा प्रस्तुत गरिएको भाषिक सीप सिकाइलाई प्रकृयालाई पनि विशेषरुपमा जोड दिइएको छ । पाठमा विविध नयाँ शब्दहरू समावेश गरी प्रौढहरुको भण्डारलाई बृद्धि गरिएको छ । पाठले राखेको उद्देश्यमा आङ्ग खस्नुको कारण  र समस्याको उपचार बारेमा संवादात्मक

शैलीलाई अपनाइएको छ । संवादात्मक शैलीको प्रयोगले पाठ रुचिकर वनेको पाठको तर्जुमा पाठ्यक्रम अनुरुप नै छ ।

### ४.२.९.२ स्थिति सापेक्ष्यता

महिनाकै विषय वस्तु, समकालीन सन्दर्भ सम्बोधन र लक्षित समूहकै सम्बोधन भएकोले पाठमा स्थिति सापेक्ष्यता छन् ।

### ४.२.९.३ उमेर, रुचि र मानसिक स्तर

महिलामा देखिने समस्याहरूको विषयवस्तु यस पाठमा राख्नाले उनीहरूमा परेको पीर मर्का र समस्याहरुलाई सहज रूपमा खुलेर प्रस्तुत गर्न सक्दछन् । यस पाठमा प्रायः महिलामा देखा पर्ने वा पछि हुन सक्ने यस्ता समस्याबाट सचेत रहनका लागि उत्प्रेरित गर्दछ । यस अर्थमा महिलामा देखिने विभिन्न रोगहरुको परिचान गरि उपचार गर्न अग्रसर हुने सीपको विकास यस पाठबाट अपेक्षा गर्न सकिन्छ । स्वास्थ्यमा देखिएको समस्या बताउन उपयुक्त देखिन्छ जुन परामर्शले कुन स्थितिको रोग हो त्यसलाई पहिचान गरी उपचार गर्न प्रेरणा प्रदान गर्दछ । यस अर्थमा हाम्रो समाजमा अझैं पनि यस्ता कु-संस्कारहरुले जरो गाडेर वसेको छ । यी संस्कारहरुका विरुद्ध महिलाहरु सचेत र जारण भएर लाग्नु पर्छ भन्ने मान्यता साथ यो पाठ्य सामग्रीको प्रयोग गरी पाठको निर्माण भएको देखिन्छ । पाठ लक्षित समूहको उमेर, रुचि र मानसिक स्तर अनुकूल नै छ ।

### ४.२.९.४ शैक्षणिक उपयोगिता

"प्रौढ महिलाको समस्या" पाठका साथै अभ्यास पनि शैक्षणिक दृष्टिले उपयोगी छ । पाठको अभ्यास एकमा सोधिएका प्रश्नमा मुख्य उपप्रश्नहरु गरि जम्मा पाँचवटा प्रश्नहरू समावेश गरिएको छ । प्रश्न पाठ अनुसारकै भएपनि प्रश्न सोध्दा अलग अलग तरिकाले सोध्दा उपयुक्त हुने देखिन्छ । यो अभ्यास पछि प्रौढ महिलाले आफूलाई स्वस्थ राख्न के के गर्नु पर्छ भनी आंग खस्ने रोगको वर्णन गरिएको छ । स्वास्थ्य रहन पोसिलो खाना खान ुपर्ने व्यायम गर्नु पर्ने कुरा जानकारी गराउनु उचित छ । अर्को अभ्यासका लागि ब्यायम शीर्षक एक लख प्रस्तुत छ । लेख ज्ञानवर्द्धक भएकाले यसलाई समावेश गर्नु उचित छ । यस अनुच्छेदकै आधारमा अभ्यास २ मा छोटो उत्तर आउने चारवटा प्रश्नहरू सोधिएका छन् । ती प्रश्न पाठ

अनुरुपनै निर्मा भएका छन् ।  अभ्यास चारमा प्रौढ महिलाहरुलाई चार्ट बनाएर त्यस्तै अर्को चार्ट बनाउन लगाउनु लक्षीत समुहका लागि गहन प्रश्न देखिन्छ  । जसमा स्वस्थ्य देखिने र अस्वस्थ देखिने प्रौढ महिला कति कति छन् र जम्मा कति रहेका छन् भन्ने कुराको अभ्यास गरिएकाले अभ्यास चार पनि पाठको उद्देश्य अनुरुप नै छ ।

अभ्यास पाँचमा विभिन्न खालको अनुच्छेद प्रस्तुत छन् । तिनलाई पढेर सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्न लगाइएको छ । अनुच्छेद दिएर त्यति नै खेर लेख्न लगाइएकोले प्रौढहरुको स्मरण शक्ति जाँच गर्न सहयोग पुऱ्याउने पनि देखिन्छ । सो अनुच्छेदमा स्तन पाठेघर तथा पाठेघरको मुखको क्यान्सरका बारेमा उल्लेख छ । पाठेघरको मुखको क्यान्सर हुँदा देखिने लक्षण पनि यहाँ उल्लेख गरिएको छ । स्वास्थ्य सम्बन्धी सबै कुरा एकैपटक उल्लेख गरेकाले भिन्न भिन्न रूपमा स्पष्ट तरिकाले भन्न र बुझ्न कठिन हुने देखिन्छ । यो विषय रोगको लक्षण उपचारका आधारमा अभ्यास ६ मा पाँच किसिमले छोटो प्रश्न सोधिएका छन् । ती प्रश्नहरू भने माथि उल्लेख गरिएको अनुच्छेदसँग मेल खाने खालका देखिन्छन् ।

अभ्यासहरू श्रृंखलित रुपमै राखिएका छन् । तर अभ्यासको अन्त्यमा पाठका आधारमा नभै गणितीय सीप प्रदान गर्न गणितीय अभ्यासहरू राखिएका छन् । अभ्यास सातमा व्याज निकाल्ने हिसाबले सूत्र पनि सिकाइएको छ ।

जसमा व्याँज = $\frac{\text{साँवा} \times \text{वर्ष} \times \text{व्याजदर}}{१००}$

भनेर उल्लेख गरिएको छ । यसबाट प्रौढ महिलाहरू आफ्नो घरायसी हिसाब सम्बन्धी ठोस ज्ञान हासिल गर्न सक्दछन् । दैनिक व्यवहारमा आउने व्याज सम्बन्धी ज्ञान दिनु उचित देखिन्छन् । पाठको आधारमा यी अभ्यासहरू मेल खाँदैनन्  पृथक ढङ्गबाट पाठ निर्माण गरिएको छ । अभ्यास आठमा अभ्यास सातको सूत्रलाई आधार मानेर ६ वटा हिसाब त्यो पनि व्यााज निकाल्ने प्रश्न सोधिएको छ । यस पाठमा उल्लेख गरिएका यस्ता अभ्यासहरू पूर्वपाठमा आधाारित नहुनु यसको कम्जोरी रहेको देखिन्छ । पूर्वपाठमा गुणनका चार सीप पूर्ण रूपमा नसिकाइकन यस अभ्यासमा व्याज निकाल्दा भाग गर्नु पर्ने हिसाब दिइएको छ । जबकि योभन्दा अघिल्ला पाठहरूमा भागको गणितीय ज्ञान नै प्रदान गरिएको छैन । यसरी यो अभ्यास दिनु र सिक्नु आफैंमा ठूलो ज्ञान सीप हासिल गर्नु हो तर निरन्तरता भने यस अभ्यासमा देखिन्न । यस पाठमा राखिएका अरु अभ्यासहरू अर्थात १-६ सम्म विषयवस्तु सुहाँउदो र मेल खाने खालका भए पनि अभ्यास ७ र ८ भिन्न प्रकृतिका देखिन्छन् । गणितीय

ज्ञान दिने अभ्यास राखिएकाले ७ र ८ बीच क्रम मिले पनि पाठ र अन्य अभ्याससँग मेल खाएको देखिदैन ।

### ४.२.९.५ भाषिक क्षमता विकास

यस पाठको सिकाइ पछि प्रौढ महिलाहरू भाषिक सीप आर्जन गर्न सक्षम हनेछन् । त्यही सिप आर्जन गर्ने उद्देश्यले यो पाठ तय गरिएको देखिन्छ । यस पाठबाट महिलाहरूमा देखा रोगसँग सम्बन्धित शब्दहरू पाठेघर, यौन अङ्ग, शल्यक्रिया, माशंपेशी, कुपोषण, बोझ, रिङ पेशरी जस्ता शब्दहरू जान्न र ती शब्दहरू व्यवहारमा ल्याउन सक्षम हुने छन् । आङ्ग खस्ने रोगका बारेमा निर्वाध रूपमा बोलेर बोलाई सीपको विकास गर्न, कसैलाई सल्लाह दिन, लेखेर जाकारी दिन सकिने जस्ता विभिन्न सीपको विकास यस पाठको माध्यमबाट गराउन सकिन्छ । तर यस्ता भाषिक सीप उपलब्ध गराउने खालका अभ्यासहरु निर्माण भएको देखिन्न । पाठमा प्रयोग भएका नयाँ तथा मुख्य शब्दहरू शल्यक्रिया, पाठेघर, रबरको चुरा, कुपोषण जस्ता शब्दहरूको प्रयोग गरी वाक्य बनाउन अभ्यास दिनु पर्ने तर यो अभ्यास यस पाठमा छैन । पाठमा महिलाहरुले बुझ्नै जान्नै पर्ने कुरा उल्लेख भएपनि भाषिक र शैक्षणीक दृष्टिबाट यो पाठ अपुरो देखिन्छ ।

### ४.२.१० वातावरण संरक्षण सबैको जिम्मेवारी (पाठ २८)

### ४.२.१०.१ पाठ्यक्रम अनुरुपता

पाठ्यक्रमले तोके अनुसार हाम्रो जीवनमा देखा पर्ने कृषि स्वास्थ्य, पोषण, जनसंख्या र वातावरणमा देखा पर्ने समस्याको समाधान गरी आफ्नो जीवनस्तर सुधार गर्ने उद्देश्य पूरा गर्नको लागि पाठ्य सामग्रीका रूपमा राखिएको यो शीर्षकको पाठ्यवस्तु पाठ्यक्रमसँग मेल खाने देखिन्छ । पाठको सुरुमा नै चित्रहरूलाई समूहगत रूपमा अध्ययन गरी छलफल गर्न लगाइएको छ । यसबाट प्रौढ महिलालाई चित्रबाट के देखाउन खोजिएको छ भन्ने कुराको विचार गर्न सक्ने क्षमताको विकास यस चित्र अध्ययन गर्न गराउन सकिन्छ । यसरी छलफल गर्न दिइएको चित्रबाट एउटा समूहले निकाल्ने निष्कर्ष र अर्को समूहले निकाल्ने निष्कर्ष बीच कतिको मेल खान्छ भनेर अध्ययन गर्न सकिन्छ । चित्रको प्रस्तुति पछि त्यसैका आधारमा विषयवस्तुलाई समावेश गरि वातावरण भनेको के हो ? वातावरण सनतुलनमा राख्न के के गर्नु पर्छ ? वातावरण असन्तुलन किन हुन्छ ? यी विषयका बारेमा खुल्ला जानकारीहरू यस

पाठबाट प्रस्तुत छन् ।  वातावरणबाट समाजका आवश्यकता परिपूर्ति गर्नका लागि यो पाठ्यवस्तु महत्वपूर्ण देखिन्छ । भूमि र जङ्गलको विनास पानीको प्रदुषण वायु प्रदुषण र ध्वनि प्रदुषण हुँदा वातावरण असन्तुलन हुने कुराको जानकारी पनि यस पाठमा दिइएको छ । यसले गर्दा सम्बन्धित विषय अन्तर्गत वातावरण वृक्षारोपण भूक्षय, वायुमण्डल जस्ता शब्दहरूको जानकारी पनि भएको छ । भाषिक सीप हासिल गर्नका लागि यस्ता शब्दबाट अनुच्छेद र वाक्यहरू लेख्न सक्ने सीपको विकास हुने हुँदा पाठको स्तरियता सबल देखिन्छ । वातावरणको संरक्षणको अवधारणले भावि पुस्ताका निम्ति पनि यो पाठ उपयागी देखिन्छ । तर लक्षीत महिला समूहले चित्रको अध्ययनबाट विभिन्न खालका निष्कर्ष निकाल्न सक्ने हुदाँ चित्रको बारेमा पनि थप कुराहरु प्रस्तुत गरेको खण्डमा राम्रो हुने थियो ।

### ४.२.१०.२ स्थिति सापेक्षता

पाठ्यपुस्तकमा प्रयोग गरिएका विषयवस्तुहरु लक्षीत प्रौढहरुलाई उचितनै देखिन्छ यस उमेर समूहका महिलाहरु भनेको आफ्नो घर वरिपरिको वातावरणलाई परिचान गर्दै आवश्यक परेको खण्डमा जुनसुकै काम गर्न संक्षम हुने भएकाले यो पाठ उमेर र रुचि अनुसार उपयोगीनै देखिन्छ । १४-४५ वर्ष उमेरका प्रौढ महिलालाई साक्षरोत्तर तह पार गरे पछि मध्ययम तहको शिक्षा दिन तयार पारिएको पाठ्यक्रम अनूरुप पाठ्यवस्तुका रूपमा समाविष्ट वातावरण संरक्षण सवैको जिम्मेवारी पाठ हो । यो पाठ त्यस तहका महिलाको क्षमतालाई आधार मानी तयार गर्न उचित देखिन्छ । स्तरियताका रूपमा हेर्दा यो पाठले स्तरता पनि कायम गरेको देखिन्छ । उमेर रुचि अनुसारका विषयवस्तु राख्ने क्रममा वातावरणको संरक्षण अनि यसको विनाशबाट हुने बेफाइदाका कुराहरू समावेश गरिएकोले यो पाठ रुचिपूर्ण हुन पर्छ । वातावरणसँग सम्बन्धित जस्तैं पानी, वायु, ध्वनी, माटो प्रदुषण जस्ता शब्दहरू समावेश गरिएका छन् । यी शव्दहरुको ज्ञान पनि उमेर अनुसार उपयुक्तनै छ । यसले गर्दा त्यस उमेर समूहका महिलाहरूलाई रुचिपूर्ण बन्छ । यस पाठको विश्लेषण गर्दा पाठको विषयवस्तुको छनोट क्षमता उमेर र रुचिपूर्ण तरिकाले गरिएका छन् र समकालीन प्रौढ महिलाहरुका लागि स्थिति सापेक्ष्य नै छन् ।

### ४.२.१०.३ उमेर, रुचि र मानसिक स्तर

पाठका आधारमा तयार पारिएका अभ्यासहरू मध्ये अभ्यास एकमा पाठका आधारमा चारओटा प्रश्नहरू सोधिएका छन् । ती प्रश्नहरू छलफल गरी उत्तर लेख्ने खालका छन् ।

जसले वातावरणको परिचय बताउने, असन्तुलन हुने कारण बताउने, भूमि र वन विनाश हुने कारण बताउने र वातावरण जोगाउनाले कस्तो फाइदा हुन्छ जस्ता ज्ञान प्राप्त गर्ने खालको अभ्यास रहेको छ। अभ्यासको अन्त्यमा वातावरण जोगाउन गर्नु पर्ने कुराहरू उल्लेख छ। ती कुरा वा काम छर छिमेक मिलेर गर्नु पर्छ भन्ने कुराको ज्ञान दिइएको छ। अभ्यास दुईमा माथिको अनुच्छेदको आधारमा प्रश्न दिइएको छ। ती प्रश्न स्तरीय खालका छन्। अभ्यासको अन्त्यमा घटनाहरूको अनुच्छेद दिइएको छ। यस घटनाले सबै मिलेर वनको संरक्षण गर्नु पर्छ भन्ने सन्देश दिएको छ अभ्यास तीन अन्य अभ्यासहरू भन्दा भिन्न खालको छ। यस अभ्यासले महिलाहरूको लयात्मक गीतले वन संरक्षण गर्ने सन्देश प्रदान गरेको छ। 'पाइनँ खबर घर फर्की आउनुहोस् मेरो हजूर' लयमा गाउने गरी एउटा गति वन संरक्षण गर्ने सन्देशमा तयार गरिएको छ। जेहोस पाठलाई रुचिपूर्ण वनाउनको लागि यस्ता गिती संग्रहरुको प्रयोग गर्नु उचित देखिन्छ र स्तर अनुकूल देखिन्छ।

फुर्केटारी भैसक्यो हरियो
सबै मिली मेहनत गरियो।

रुखले भरियो,
'सबैले आफ्नो वन पारौं हरियो', [43]

यस्तै खालका चारवटा श्लोकमा यो गीत उल्लेख छ। यो गीत वनलाई हरियो पार्ने, वन संरक्षण गर्ने खालको शिक्षा यो गीतबाट दिन खोजिएको छ। यस्तै खालको गीत तयार पारी आफ्नै स्थानीय स्तरमा पनि वन संरक्षण गर्नु पर्छ भन्ने मान्यतामा यो पाठ उपयुक्त छ।

### ४.२.१०.४ शैक्षणिक उपयोगिता

अभ्यास चारमा ८ वटा प्रश्नहरू प्रस्तुत छन्। जसमा सामुदायिक वनको परिचय गराउने प्रश्न सोधिएको छ। अन्य प्रश्नहरूमा वनजङ्गल र वातवरण संरक्षण सम्बन्धी प्रश्नहरू सोधिएका छन्। जानेका दुईवटा गीत लेखी समूहमा गाउने र देखाउने अभ्यास पनि दिइएको हुनाले प्रौढहरुको सिर्जनशिलताको पनि मुल्याङ्कन यस अभ्यासले सहयोग गरेको छ। छुट्टै रूपमा एउटा हिसाब दिइएको छ। जुन अगाडिको अभ्यासका आधारमा व्याँज निकाल्ने प्रश्न सोधिएका छन्। अभ्यास पाँच छ र सातमा विभिन्न खालका हिसाबहरू गर्न दिइएको छ। ती

43 गाँउबेसी भाग २, नौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३)

हिसाबहरू गर्न यो तहका महिलाहरू त्यति सक्षम बनिसकेको नहुँदा अभ्यास कठिन खालको देखिन्छ । शैक्षणिक दृष्टिले यी प्रयासहरु उपयुक्त देखिन्छन् ।

**४.२.१०.५ भाषिक क्षमता विकास**

भाषिक क्षमता विकासका दृष्टिले पनि प्रस्तुत पाठ उपयोगी रहेको देखिन्छ ।

**४.२.११. साहसी कदम (पाठ २९)**

**४.२.११.१ पाठ्यक्रम अनुरुपता**

महिला विकास विषयक्षेत्रसँग सम्बन्धित पाठ्यवस्तु साहसी कदम पाठ पाठ्यकमको लक्ष्य र उद्देश्य अनुसारनै समावेश गरिएको छ । यस पाठले समाजका विकासका लागि हरेक क्षेत्रमा महिला र पुरुषको समान सहभागिता हुनु पर्दछ भन्ने मान्यता सहित उचित सन्देश प्रवाह गर्न खोजेको देखिन्छ । महिला पुरुषद्धारा निर्मित समाजमा हाम्रा पूर्वज महिलाहरूले पनि समाज सुधारका धेरै उदाहरणीय कामहरू गरेको विषयलाई समावेश गरी महिलाको यथेष्ठ सहभागिता र सक्रियतालाई जोड दिइएको देखिन्छ । योगमाया न्यौपाने जस्ता महिलाले नेपालमा जहानिया राणा शासनका समयमा महिला मुक्तिका सामाजिक बिकृति र विसंगति र अत्याचार विरुद्ध लड्ने साहसी कदम चालेको विषयवस्तुलाई यस पाठमा समावेश गरेको छ । योगमाया प्रधानमन्त्री जुद्ध शमशेरसँग महिला अधिकारको माग राख्ने पहिलो महिला जसको बारेमा पाठमा यथेष्ट वर्णन गरिएको छ । उनले सरकारलाई चुनौंति दिदै अरुण नदीमा हाम फालेर बलिदान गरेको साहसी कदमलाई यस पाठमा प्रमुख विषयवस्तु बनाइएको छ । यस्ता विषयवस्तुको प्रयोग गरि महिलाहरु महिलामात्र सीमित नरही अन्य कामको लागि पनि अघि बढ्नुपर्छ भन्ने मान्यता यस पाठले दिन खोजेको छ ।

त्यस्तै अर्की साहसी महिला तारादेवी शर्मा पनि राणा शासनलाई ढाल्न र देशमा प्रजातन्त्र ल्याउनका लागि कम्मर कसेर अगाडि बढ्ने निडर महिलाका रूपमा स्थापित गरिएको छ । यसमा उनले बालविवाह, अनमेल विवाहका विरुद्ध र घर समाजमा नारीलाई दासीबाट मालिक बनाउन आन्दोलित भएको घटनाक्रमलाई समावेश गरी निर्भिक र निडर भएर महिला मुक्तिका लागि अग्रसर हुने प्रेरणा यस पाठले दिएको देखिन्छ । राणा शासनको विरुद्धमा प्रजातन्त्रका लागि संघर्ष गर्ने तारादेवी प्रजातन्त्र पछि वा संघर्ष भएपछि लेखिएको अवस्थाबाट स्वदेश फिर्ता भएर महिलाले पढ्नु पर्छ, एकजुट हुनु पर्छ भन्ने जस्ता समानताका

पाठ सिकाउने र कुप्रथालाई हटाउने चुनौति दिएको प्रसङ्गबाट महिलालाई साहसिक रूपमा अन्यायका विरुद्ध लड्ने प्रेरणा दिइएको छ । अर्को उदाहरणमा अनुराधा कोइरालाको साहसी कदमलाई प्रस्तुत गरिएको छ । समाजको उत्थानका लागि महिलाहरू पनि अघि बढ्नु पर्छ भन्ने सन्देश यस पाठमा उल्लेख छ । महिलाहरू सक्रिय नभइनजेल समाजको विकास तथा उन्नति सम्भव नहुने कुराको जानकारी पनि दिइएको छ । समुन्नत समाज बन्नका लागि महिलाहरूको सक्रिय सहभागिता हुनु पर्छ भनी साक्षरता कार्यक्रम दोस्रो तहमा अध्ययन गर्ने महिलाहरूलाई सजग गराउनु अति उत्तम र उपयोगी देखिन्छ ।

पाठको विषयवस्तु सामाजिक परिवेश र वातावरण सुहाँउदो छ । महिलाहरू पनि समाजमा सक्रिय भएर लाग्नु पर्छ भन्ने विषयवस्तुका आधारमा यो पाठ उचित देखिन्छ । भाषिक सीपका आधारमो शब्द, वाक्यात्मक ज्ञान हासिल गर्ने उद्देश्यले यो पाठ स्तरीय देखिन्छ । महिला साक्षरता दोस्रो तहमा पुगेका महिलालाई ऐतिहासिक विषयका कठिन शब्दहरू राखिएकाले पाठ जटिल हुने स्थिति देखिन्छ । पाठ्यक्रमको उद्देश्यको अनुरोध र पाठ्यपूस्तकको पाठ निर्माण प्रकृयामा खोट लगाउने ठाउँ छैन ।

**४.२.११.२ स्थिति सापेक्ष्यता**

यस पाठलाई अध्ययन गर्दा १४-४५ वर्ष उमेर समूहका प्रौढ महिलाहरूलाई तयार गरिएकाले यो पाठ अलि लामो र जटिल किसिमको देखिन्छ । प्रौढ महिलाहरूको क्षमता अनुकूल शब्दहरूको समावेश हुन नसक्नु यसको कमजोरी हो । उमेरका हिसाबले प्रौढहरूको चासो सवै यस पाठमा जान्छ भन्ने पनि देखिन्न । घरायसी काममा व्यस्त रहने यस्ता प्रौढ महिला सबै विषयमा चासो राख्न नसक्ने खालका पनि हुन सक्दछन् । तसर्थ यस पाठका विषयवस्तुमा समावेश गरिएका वाक्य संगठन, अप्ठ्यारा किसिमका देखिन्छन् । पाठमा समावेश भएका मानव मुक्ति, जहानिया, परिवेश, अवरोध सार्न्दभिक पूर्वज, अनुयायी, आत्मदाह, अनुसरण जस्ता शब्दहरू यस तहका शिक्षार्थीहरूका लागि खासै उपयोगी देखिदैन । यी शव्दहरुलाई सरल र सहज किसिमको देखिन्छ । प्रौढहरूको रुचि बृद्धि हुने खालको विषयबाट सिकाइ प्रभावकारी हुने हुँदा महिलाको साहसी कदम पाठ छोटो तर उत्साहपूर्ण हुने स्थिति देखिएन । ऐतिहासिक घटनाक्रमलाई व्याख्या गरेर मात्र नारीहरूले गरेको संघर्ष र न्याय पाएको घटनालाई समावेश गर्दा सिकाइ र व्यवहारिक ज्ञान प्रभावकारी नहुने निश्चित छ । तर पनि पाठको अन्त्यमा प्रस्तुत शव्दार्थ र वाक्य प्रयोगले सिकाई अर्थपूर्ण हुने देखिन्छ ।

प्रौढहरूको क्षमता उमेर र रुचिका आधारमा पाठ मध्यम स्तरको देखिन्छ । भाषिक शैक्षिणक उपयोगीताका दृष्टिले पाठ उपयुक्त देखिन्छ ।

### ४.२.११.३ उमेर, रुचि र मानसिक स्तर

लक्षित समूहको उमेर, रुचि र सम्भावित मानसिक स्तरका दृष्टिले पाठ उपयोगी नै रहेको देखिन्छ । अघिल्ला पाठका अभ्यासहरू भन्दा यस पाठको अभ्यास अलि भिन्न खालको छ । अभ्यासहरूको संख्या कमी नै छ । यो भन्दा अघिल्ला पाठमा अभ्यास संख्या १० रहेको स्थितिमा यस पाठको अन्त्यमा पाँच अभ्यास मात्र निर्माण गरिएका छन् । लामो पाठ तर अभ्यास कम रहेको यो अरु पाठ भन्दा भिन्न प्रकृतिको छ ।

### ४.२.११.४ शैक्षणिक उपयोगिता

अभ्यास एकमा शब्द र त्यसको अर्थ दिइएको छ । ती शब्दहरूका अर्थलाई बुझेर वाक्यमा प्रयोग गर्न लगाइएको छ । शब्दार्थ ज्ञान र वाक्यार्थको प्रयोग गर्ने सीप विकासका लागि यो अभ्यास बढी महत्पूर्ण देखिन्छ । भाषिक सीपको विकासमा यसको स्थान उच्च रहन्छ । अभ्यास दुईमा पाठ पढेको आधारमा ६ वटा प्रश्नहरू दिइएका छन् । ती प्रश्नहरूलाई खास गरी छलफल गर्नका लागि जोड दिइएको देखिन्छ । सामाजिक काममा पुरुष सरह महिला अगाडि आउन नसक्नुका कारणहरू के के हुन भन्ने प्रश्नले महत्वपूर्ण स्थान ओगटेको छ । अभ्यास तीनमा समूहमा बसेर आफ्नो गाउँटोलमा महिलाहरूको स्थिति कस्तो छ ? भनी विभन्न विषयहरुमा छलफल गर्न लगाउनु उत्तम देखिन्छ । ती विषयहरुमा  शिक्षा, स्वास्थ्य मान सम्मान रोजगार आय आर्जन, राजनीतिमा छलफल गर्न र सुनाउन भनिएको छ । यसले गर्दा समाजका सत्यतथ्य घटनाहरुलाई भन्न सक्ने सीपको विकास हुने देखिन्छ । एउटा गुणन गर्ने नमूना दिएर ६ वटा गुणन गर्न सक्षम तुल्याउने हिसाबले अभ्यासहरू राखिएका छन् । अभ्यास पाँचमा भाग लगाउन सिकाउने उद्देश्यले उदाहरण दिइएको छ । यसमा पनि २ अङ्कको भाग गर्ने अभ्यासहरू निर्माण गरिएका छन् । जसमा ६ वटा हिसाब गर्न लगाइएको छ । व्यवहारिक र क्षमता स्तरका आधारमा यी अभ्यासहरू उपयोगी भए पनि अघिल्ला पाठहरूको अभ्यासमा दिइने गणितीय ज्ञान सीपका आधारमा क्रमिकता नदेखिएकाले अभ्यास पूर्णतः एक्लो हुने देखिन्छ । [44]

---

44 अनौपचारिक शिक्षा केन्द्र भक्तपुर (२०६३) पृष्ठ १३

### ४.२.११.५ भाषिक क्षमता विकास

स्थानीय र व्यावहारिक विषयमा छलफल गर्न सघाउने हिसावले प्रस्तुत पाठ भाषिक क्षमता विकासका कोणवाट पनि उपयोगी नै छ ।

### ४.२.१२. दाइजो र तिलक प्रथा (पाठ ३०)

### ४.२.१२.१ पाठ्यक्रम अनुरुपता

यस पाठको सुरुमा चित्र प्रस्तुत गरिइएको छ । त्यस चित्रलाई हेरी छलफल गर्न भनिएको छ । चित्र पछाडि एउटा कथा दिइएको छ । पहिले चित्रको प्रस्तुति दिएपछि त्यही आधारमा कथा निर्माण गरिएकाले पाठको विषयवस्तु चित्रात्मक आधारमा तयार रहेको देखिन्छ । यसले गर्दा कथा मार्मिक बन्न पुगेको छ । साधारण परिवारको राधाकृष्णको परिवारमा दुई छोरी र एक छोरा गरी पाँच जना छन् । छोरीको विवाह धनाढ्य व्यक्तिसँग गर्ने निधो गरे पछि ऋण खोजि धेरै दाइजो दिई छोरी अन्भाइदिन्छन् । गरिबकी छोरी पार्वतीले दाइजोका कारण धेरै कुरा सुन्नु पर्ने र भोग्नु पर्ने भयो र सौता सम्म बेहोर्नु पऱ्यो । यो कुरा थाहा पाएर महिला जागरण समूहबाट बहुविवाहको कानुन अनुसार दोषीलाई कार्यवाहि गरियो । तराईको दाइजो र तिलक प्रथाले कतिपय महिला जिउँदै जल्नुपरेको विषयवस्तुपनि यस पाठमा समावेश छ । कतिले आत्महत्या गर्नुपर्ने स्थितिको विषय यस पाठमा प्रस्तुत छ । यस्ता कुरीति समाजबाट हटाई सभ्य समाजको निर्माण गर्नु पर्ने विषयवस्तु यस पाठमा उल्लेख छ । यस पाठले दाइजो र तिलक प्रथाको विरोध गर्दै यसको समाधान गर्ने सन्देश दिएको छ । अफैपनि नेपालमा यस्ता कुसंस्कार र कुविचार हट्न नसकेको परिवेशमा पाठमा समावेश गरिएका विषयवस्तुहरु अत्यन्तै उपयोगी देखिन्छन् ।

### ४.२.१२.२ स्थिति सापेक्षता

यस कोणवाट प्रस्तुत पाठलाई अनुपयोगी भन्न सकिंदैन । समकालीन नेपालका वहुसंख्यक महिलाहरुको चासोलाई प्रस्तुत पाठले सम्बोधन गरेको छ ।

### ४.२.१२.३ उमेर, रुचि र मानसिक स्तर

यस कोणवाट प्रस्तुत पाठ उपयुक्त खालकै रहेको देखिन्छ ।

### ४.२.१२.४ शैक्षणिक उपयोगिता

प्रस्तुत पाठ कथाविधा भएकाले यसबाट भाषिक सीपका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सीप पर्याप्त मात्रमा आर्जन गर्न सकिने स्थीति छ । यसका साथै बोध क्षमताको विकासका लागि पनि पाठ उपयुक्त छ । महिला उत्थान, विकास र चेतनाको विषय दाइजो र तिलक प्रथा पाठले महिला हिंसामा देखिने समस्या प्रस्तुत हुनु उचित छ । यसबाट सामाजिक कुसंस्कार हटाउनका लागि महिलाहरूलाई शसक्त बनाउने उद्देश्यले महिला प्रौढ शिक्षा कार्यक्रममा यी विषयवस्तुको प्रयोग गरेको देखिन्छ । कथा मार्फत शब्द र वाक्यगठन ज्ञान दिन सहज देखिन्छ ।

शैक्षणिक प्रयोजनका दृष्टिले हेर्दा भाषिक सीप सिकाइ आर्जनमा यो पाठ उपयुक्त देखिन्छ । व्यवहारिक जानकारीका हिसाबले पनि पाठ उपयुक्त रहेको देखिन्छ । पाठले समाजमा रहेका खराब कुरालाई आत्मसात् गर्नु हुँदैन भन्ने सन्देश दिएको देखिन्छ । पाठमा प्रयुक्त शव्दहरुको सहि प्रयोगले शिक्षार्थीहरुमा थप अन्य शव्द र वाक्य गठनको निमार्णमा सक्षम हुने हुदाँ भाषिक र शैक्षणिक प्रयोजनका लागि यो पाठ उपयुक्त देखिन्छ ।

महिला शिक्षाको विकास र व्यवहारिक ज्ञान हासिल गर्ने उद्देश्यले पाठ उपयुक्त छ । जसले धेरै व्यवहारिक ज्ञान प्रदान गरेको छ । गरिब परिवारका व्यक्तिले ऋण गरेर छोरीको विवाह धनाढ्यसँग गर्नु हुदैन दइजो लिने कार्य खराब प्रवृति हो । दाइजो र तिलक प्रथाले कतिपय महिला मृत्युको शिकार बन्न पुग्छन् । त्यसैले विवाह मिल्दो पारिवारिक स्थिति भएको संग गर्नुपर्ने अनि दाइजो प्रथालाई हटाउनु पर्छ भन्ने सामाजिक सन्देश दिएको छ । दाइजाले गर्दा श्रीमान् श्रीमती अनि सासू ससुरा बीच मेल हुँदैन भन्ने ज्ञान पनि दिएको छ । यसरी विविध घट्नाक्रमका आधारमा हेर्दा यस कथाले उचित व्यवहारिक ज्ञान दिएको देखिन्छ ।

### ४.२.१२.५ भाषिक क्षमता विकास

यस कोणवाट हेर्दा उल्लिखित विश्लेषण अनुसार लक्षित समूहका महिलाको भाषिक क्ष्मता विकासमा पाठहरु उपयोगी रहेको देखिन्छन् ।

प्रस्तुत कथा विधाको अध्ययन पश्चात् प्रौढ महिलाहरूले सिक्ने सीपका आधारमा अभ्यास निर्माण उपयुक्त देखिन्छ । दाइजो र तिलक प्रथा पाठको अन्त्यमा अभ्यास एक मा ८ वटा प्रश्न दिइएको छ । ती प्रश्नहरू माथि छलफल गरी उत्तर लेख्न लगाइएको छ । यसले सुनाइ,

बोलाइ र लेखाइ सीपको विकास गराएकोले यो अभ्यास उपयुक्त छ । अभ्यासको अन्त्यमा जानी राखौँ भनी दाइजोको परिभाषा प्रस्तुत छ । यसले भन थप ज्ञान प्रदान गरेको छ ।

अभ्यास दुईमा दाइजो र तिलक प्रथा जस्ता सामाजिक अपराध र कुसंस्कार हटाउन धेरै जनाको आवश्यकता पर्ने जानकारी पनि उल्लेख छ । कुसंस्कार हटाउन संलग्न हुने व्यक्ति वा निकायहरू उल्लेख गरेर दिएर सामाजिक कुसंस्कार हटाउने उपाय लेख्न भनिएको छ । यसले महिलामा सोच्ने, विचार गर्ने, छलफल गर्ने, सीपको विकास गराएको छ । यस कारणले अभ्यास दुई पनि पाठअनुसार मिल्दो देखिएको छ ।

आभ्यास तीनमा सामाजिक विकृतिका कारणबाट पीडित महिलाहरूको उद्धार गर्न अग्रसर व्यक्ति वा संस्थाहरू छन् उल्लेख छन् । तिनले गर्ने कार्यका बारेमा अब रश्मी स्वावलम्बी भइन् शीर्षकमा दुई अनुच्छेद प्रस्तुत छ । त्यो घटना अध्ययन गरेपछि चारवटा प्रश्न सोधिएका छन्  । यस्ता बोधात्मक प्रश्नले क्षमताको विकासमा सहयोग पुऱ्याएको देखिन्छ ।

अभ्यास चारमा दाइजो र तिलक प्रथाका सम्बन्धमा एउटा समाचार उल्लेख छ । यो समाचार अध्ययन गरेपछि आफ्नो गाउँघरमा चलेका विकृतिबारे छलफल गरी कक्षामा बाचन गर्न भनिएको छ । यो कृयाकलापले समाजमा हुने सामाजिक विकृतिहरू पहिचान गर्न र समाधान गर्न सक्षम बनाएको देखिन्छ । अभ्यास पाँचमा हाम्रो समाजमा रहेका प्रचलित विकृतिहरूलाई हटाउने उपाय के के हुन् ? फरक फरक समूहमा छलफल गरी ती प्रयासहरु के के होलान् ? भन्ने प्रश्नले विद्यार्थीहरको आन्तरीक क्षमता मुल्याङ्कन गर्न सजिलो पर्दछ । साथै आफूमा छलफल गर्ने, निचोड निकाल्ने, समस्या समाधान गर्ने जस्ता कार्य लगाउदा विद्यार्थीहरु वढि सक्रिय हुने देखिन्छ । अभ्यास पाँचको प्रश्नले धेरै क्षत्र ओगट्न पनि सफल देखिन्छ ।

अभ्यास ६, सात, र आठ पाठसँग सम्बन्धित देखिदैनन् । पूर्व अभ्यास आधारमा यी अभ्यासहरु उपयुक्त देखिए पनि यस पाठसँग यी अभ्यास मिल्दो जुल्दो देखिदैन देखिँदैनन् । समूहमा छलफल गर्ने कार्य पाठसँग मिल्दो छ तर हिसाब गर्ने पाठभन्दा भिन्न खालको देखिन्छ ।

### ४.२.१३ आय आर्जनका लागि परियोजना (पाठ ३१)

#### ४.२.१३.१ पाठ्यक्रम अनुरुपता

यस पाठमा महिला शिक्षाको दोश्रो तहको पढाई पुरा गरेपछि प्रौढहरुले पाएको शिक्षा मुताविक उनीहरुले के-कस्ता आय आर्जन गर्न सक्छन् भन्ने कुरालाई यस पाठमा स्पष्ट पारिएको छ । आय आर्जनमा महिलाहरू जुट्न सक्छन् । उनीहरू आफ्ना समस्याहरू आफैं समाधान गर्न सक्छन् स्वावलम्बी बनाउन सक्छन् भन्ने उद्देश्यले यो पाठ तयार गरिएको देखिन्छ । सुरुमा चित्रहरूद्धारा आयआर्जन गर्न सकिने दृश्य देखाइएको छ । अब के गर्ने ? भनी प्रश्न सोधेर पाठको आरम्भ गरिएको छ । पाठमा सीताले कुखुरा पाल्ने विचार गरेको, सुखीमायाले साइकल मर्मत गर्ने योजना बनाएको कुराहरु पनि प्रस्तुत छन् । यस्ता परीयोजना छनोट गर्दा परियोजान संचालन गर्ने स्थानको छनोट कच्चा पर्दाथको छनोट, बजार व्यवस्थापन, प्राविधिक सम्भाव्यता, आर्थिक लगानी, श्रमको व्यवस्था र अन्य विविध कुरामा ख्याल राख्नु पर्ने कुरा पाठमा प्रस्तुत छ । आर्थिक अवस्था सुधार गर्नका लागि उपयुक्त स्थानमा क्षमता अनुसारको कार्य गर्न पछि पर्नु हुँदैन भन्ने सन्देश पाठले दिएको छ । महिलाहरू आय आर्जन गर्न विभिन्न खालका योजना बनाएर अगाडि बढ्नु पर्छ भन्ने कुरा पाठमा प्रस्तुत विषय वस्तुले प्रदान गर्न खोजेको छ । पाठ पाठ्यक्रम अनुरुप नै रहेको देखिन्छ ।

### ४.२.१३.२ स्थिति सापेक्ष्यता

पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माणमा क्रमवद्ध विषयवस्तु राखिनु पर्ने स्थितिमा त्यसै अनुसार यस पाठ्यपुस्तकमा पनि विविध खालका विषयवस्तु क्रमबद्ध ढंगबाट राखिएका छन् । आयआर्जनका लागि परियोजना बनाउन सक्ने स्थिति महिला साक्षरता दोस्रो तहको अन्त्यमा गर्न सक्नेसीप पाठमा प्रयुक्त छन् । यसैलाई मध्यनजर राखेर यो पाठलाई अन्त्यमा राखिएको छ । अन्त्यमा आवश्यक शिक्षा लिएर ती प्रौढ महिलाहरू एकजुट भएर परियोजना बनाउन सक्छन् भन्ने शिक्षाको वारेमा उल्लेख छ । पाठगत आधारभूत विषयवस्तु मिल्दो देखिन्छ । परियोजना छनोट गर्दा कच्चा पदार्थ, बजार व्यवस्थापन, प्राविधिक सम्भावना, आर्थिक लगानी, रुमको व्यवस्था जस्ता विषयवस्तु क्रमवद्ध ढङ्गले राखिएको छ । यसले गर्दा प्रौढ महिलाहरु परियोजना के कसरी संचालन गर्ने कसरी छनोट गर्ने भन्ने कुराहरुलाई प्रष्टरुपमा उल्लेख गरिएको छ । यो स्थिति सापेक्ष्य प्रयास नै हो भन्न सकिन्छ ।

### ४.२.१३.३ उमेर, रुचि र मानसिक स्तर

यस पाठमा समावेश गरिएका शब्द, वाक्य र विषयवस्तु स्तरण र छनोटका आधारमा उपयुक्त देखिन्छ । महिला साक्षारोत्तर पहिलो तह पार गरेका महिला र दोस्रो तहको अन्य भागमा पुगेका महिलाको स्तर बृद्धि गर्नका लागि उपयुक्त देखिन्छ । वाक्य र विषयवस्तु बीच तलमेल देखिन्छ । महिलाहरू मिलेर वा एक्लै पनि केही व्यवसाय गर्न सक्छन् । क्षमता विस्तारका लागि प्रस्तुत विषयवस्तु समयसापेक्ष देखिन्छ । लक्षित समूहको उमेर, रुचि र मानसिक स्तर अनुकूल देखिन्छ ।

### ४.२.१३.४ शैक्षणिक उपयोगिता

यस पाठको अन्त्यमा दिइएको अभ्यासहरूमा अभ्यास एकमा चारवटा प्रश्नको उत्तर लेख्न लगाइएको छ । प्रश्न 'घ' त्यती स्तरयुक्त देखिदैंन किनभने यस प्रश्नमा अर्को प्रश्नले जोडिएको छ । अभ्यास दुईमा आय आर्जनका लागि परियोजना कसरी सञ्चालन गर्ने विचार छ ? त्यस सम्वन्धि छलफल गरी कक्षामा सुनाउन भनिएको छ । अभ्यास तीनमा आफ्नो गाउँमा सञ्चालन गरिएका परियोजना कसरी संचालन भनिएको छ । भन्ने प्रतिवेदन तयार गर्न भनिएको भएपनि यस तहका प्रौढहरुले प्रतिवेदन के हो, कसरी तयार गर्नु पर्छ भन्ने कुराको जानकारी विना प्रतिवेदन तयार गर्न सक्दैनन ।

अभ्यास चारमा शब्दहरू दिएर खालीठाउँ भर्ने अभ्यास प्रस्तुत छ । यसले विचार गर्न सक्ने सीपको विकास गराउनुका साथै भाषिक सीप सिकाइमा पनि सहयोग पुग्ने देखिन्छ । अभ्यास पाँचमा बालबच्चाको लालन पालन पोषण सम्बन्धी विषयवस्तु राखिनु उचित छ । अभ्यास छ मा दुई अङ्कको ठाडो गुणन गर्न भनिएको छ । यसरी आय आर्जन पाठमा गुणन भाग र जोडको हिसाब राख्नु उपयुक्त देखिन्छ ।

#### ४.२.१३.५ भाषिक क्षमता विकास

पाठमा प्रयोग भएका शब्द वाक्य र प्रस्तुतिले लक्षित समूहको भाषिक क्षमता विकासमा यथेष्ट सघाउ पुऱ्याउन सक्ने देखिन्छ ।

### ४.२.१४. मितव्ययिता (पाठ ३२)

#### ४.२.१४.१ पाठ्यक्रम अनुरुपता

पाठको सुरुमै चित्र देखाएर पाठको थालनी गरेको देखिन्छ । यस पाठको विषयवस्तु चित्रात्मक शैलीमा प्रस्तुत छ । दुई खण्डमा दिइएको चित्रले मितव्ययी कसरी हुने भन्ने कुरा सिकाएको छ । यो चित्रको अवलोकन गरेर अभ्यासमा सोधिएका प्रश्नहरुको जवाफ लेख्न भनिएको छ । अभ्यास एकमा चित्र हेरी सोधिएका प्रश्नमा छलफल गर्न भन्नु उपयुक्त देखिएन किनकि चित्र हेरेर छलफल गरे तल सोधिएका प्रश्नको जवाफ लेख भन्नु उपयुक्त थियो । पाँचवटा प्रश्न दिएर चित्रमा के के देखिन्छ ? फजुलखर्च, किफायत गर्ने तरिका, घरपरिवारमा गर्ने फजुलखर्च, फजुलखर्च कम गर्न के गर्ने ? जस्ता प्रश्न पाठको चित्रको आधारमा तयार पार्नु राम्रो हो तर चित्रलाई राम्रो सँग अध्ययन गरेपछि मात्र यस प्रश्नको जवाफ शिक्षार्थीहरुबाट आउने भएकाले अध्ययन प्रकृया राम्रो हुन पर्छ । चित्रको प्रस्तुति र प्रश्नहरू मेल खाने खालका छन् तर चित्रमा सामान्य सङ्केत दिइएमा प्रष्ट हुने देखिन्छ । यो अभ्यासहरू पछाडि तीनवटा अनुच्छेदले दिइएको छ । जसले कसरी खर्च कटौती गर्ने भन्ने कुरा सिकाएको छ । नियमित स्वास्थ्योपचार, चाडपर्व, लुगाफाटा जस्ता विषयमा कसरी मितव्ययी तरिका अपनाउने भन्ने प्रसङ्ग लेखमा प्रस्तुत छ । अभ्यास तीनमा मितव्ययी भएमा के फाइदा हुन्छ त्यसको बारेमा छलपल गरी कापीमा लेख्न भनिएको छ । अन्य अभ्यास चार पाँच र छ मा पनि विभिन्न किसिमका विषयहरू बारे जानकारी दिई तिनका बारेमा छलफल गर्न भनिएको छ । अभ्यास सात आठ र नौ मा हिसाबहरू दिइएको छ । ती हिसाबहरूले व्यवहारिक ज्ञान सीप विकासमा बृद्धि गर्ने कुराको अपेक्षा गर्न सकिन्छ । यी सवै कोणवाट हेर्दा पाठ पाठ्यक्रम अनुरुप नै छ ।

#### ४.२.१४.२ स्थिति सापेक्ष्यता

मितव्ययी बन्न सिकाउनु सकारात्मक कुरा हो । पिछडिएका र निरक्षर महिला साक्षर भएपछि मितव्ययी बनाउन खोजिएको छ । यो हिसाबले गर्दा विषयवस्तु अत्यन्तै

सान्दर्भिक देखिन्छ । सुरुमा राखिएको विषयवस्तु चित्रात्मक छ । प्रौढमहिलाले स्पष्ट रूपमा पहिचान गर्न नसक्ने खालको चित्रहरु समावेश गरिएको देखिन्छ । चित्रका विषयवस्तुलाई सामान्य परिचय दिइएको खण्डमा चित्रले व्यक्त गर्न खोजेको आशय स्पष्ट हुनगई शिक्षण कार्यकलाप प्रभावकारी हुने देखिन्छ । पाठको अन्य भागमा निर्माण भएको अभ्यास उपयुक्त छन् तर विषयहरु स्पष्टसँग किटान नगरिएकाले पाठ खुलस्त बनेको देखिँदैन ।

### ४.२.१५ गर्भवतीको स्यहारसुसार (पाठ ३३)

#### ४.२.१५.१ पाठ्यक्रम अनुरुपता

प्रजनन् स्वास्थ्य सम्वन्धित गर्भवतीका स्याहारसुसार पाठ महिला स्वास्थ्य सँग सम्वन्ध राख्ने अति उपयोगी पाठको रुपमा प्रस्तुत छ । जसको सुरुमा दुई समूहमा चित्रद्वारा गर्भवतीको स्याहारसुसार गरिएको देखाइएको छ । पहिलो प्रस्तुतिमा गर्भवतीलाई स्वास्थ्य चौकीमा लगिएको छ । दोस्रो चित्रमा गर्भवती महिलालाई राम्रोसँग पोषिलो खाना खुवाउनु पर्ने कुरा देखाइएको छ । सागपात, अण्डा, माछामासु, दूध लगायत पौष्टिक आहार खुवाइएको तस्वीर पाठमा उल्लेख छ । तस्वीरको अध्ययन र छलफल पछि प्रश्नहरू दिइएको छन् । चित्रको आधारमा छलफल गर्दै प्रश्नको जवाफ लेख्नु पर्ने अभ्यास पनि प्रस्तेत छ । चित्रमा देखइएको, गर्भवती महिलाले खाएको पोषिलो खाना चित्र, गर्भवती भएको वेलामा अपनाउनुपर्ने विधि, स्वास्थ्य चौकिमा गर्भवती महिला को सँग गएको र संतुलित भोजनका वारेमा छलफल गर्न भनिएको छ । यसले गर्दा घरपरिवार र महिला स्वयम्ले गर्भवती भएको समयमा अपनाउनुपर्ने विधि क्रियाकलापको वारेमा जानकारी चित्रका माध्ययम बाट वुझ्न् सकिन्छ । गर्भवती महिला शीर्षक दिएर बिमला र दुर्गाको संवाद गराइएको छ । उक्त संवादले महिलाहरुमा देखिने स्वास्थ्य समस्याहरुलाई वुझ्न् सजिलो भएको छ । गर्भरहे पछि देखिने लक्षण र स्वास्थ रहनका लागि गर्नुपर्ने कार्य विधिका बारेमा जानकारी दिइएको छ । यसपाठले शैक्षणीक उपयोगका दृष्टिले र, भाषिक सीप सिकाइ, तथा व्यवहारिक ज्ञान हासिल गर्ने विषय वस्तुहरु प्रदान गरेको छ ।

#### ४.२.१५.२ स्थिति सापेक्ष्यता

संवादात्मक ज्ञान तथा कुराकानीबाट समस्या समाधान गर्ने उद्देश्यले पाठको निर्माण गरिएको छ । पाठ्यक्रममा पारिवारिक जीवनसंग सम्वन्धित विषयको कार्यमूलक सीप आसिल

गर्ने उद्देश्यले गर्भवतीको स्वास्थ समस्या र स्वास्थ परीक्षण उपशीर्षकमा उल्लेख गरिएको छ। बिमला र दुर्गा दिदीबीच भेटघाट गराएर र बिमला गर्भवती विमलाई दुर्गाले प्रजनन् स्वास्थ्य सम्वन्धित उचित सुझाव दिइएकी छिन् । वच्चा गर्भमा रहदा चार पटक जचाँउनुपर्ने, सन्तुलित भोजन गराउनु पर्ने, आइरन चक्की खुवाउनु पर्ने वच्चालाई धनुष्टंकार विरुद्धको खोप दिनुपर्ने कुरामा संवाद गरिइ ज्ञानवर्धक कुराहरु यस पाठमा प्रस्तुत गरिएको छन् । दुर्गालाई बिमलाले आफ्नो घरमा पनि सम्झाइदिन आग्रह गरेकी छे । संवादका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्तो भाषिक सीप हासिल गर्न सकिन्छ । दिइएका संवाद पढ्न लगाएर पढाई सीप हासिल हुन्छ । अरुका संवाद सुनेर सुनाइ सिप बुभाउदा बोलाइ सीपको विकास हुन्छ । संवादात्मक शैलीमा प्रस्तुत पाठवाट  बौद्धिक क्षमताको विकास गर्न यस पाठले सहयोग पुऱ्याएको देखिन्छ । शैक्षिक प्रयोजनको उपयोगिताका हिसाबले पनि यो पाठ उपयुक्त छ । तर पनि संवादमा प्रयोग गरिएको पौष्टिक आहारको नाम जरेखानी भन्ने शव्दले के अर्थ दिन्छ र यो के हो । यसलाई चिनाउनु आवश्यक देखिन्छ ।

### ४.२.१५.३ शैक्षणिक उपयोगिता

अभ्यास एकमा पाठ अनुसारका पाँचवटा प्रश्न दिइएको छ । ती प्रश्नहरू लक्षित समुहका लागि उपयुक्त खालका छन् । प्रश्न संरचनाका हिसाबले, प्रश्न गर्ने तरिका उपयुक्त छ । जुन प्रश्नबाट गर्भवती महिलाले जाँच गराउनु पर्ने कुरा, खाने पर्ने कुरा, दुर्गाले दिएको सल्लाह, परिवारमा गर्भवती भएपछि गर्नुपर्ने कुरा प्रश्नबाट सोधिएको छ । तर पनि यस पाठबाट अन्य महत्वपूर्ण प्रश्नहरु झिक्नु पर्नेमा त्यस प्रति ध्यान पुगेको देखिदैन । यी प्रश्नको उत्तरले महिलामा सहि व्यवहारिक ज्ञान हासिल गर्न सक्दछन् । अभ्यास दुईमा गर्भवती महिलाले खाने गेडागुडी, सागपात, फलफूल, माछामासु, दूधदही, लगायत अरु गाउँघरमा पाइने चीजहरूको नाम लेख्न भनिएको छ । गर्भवतीले गर्न नहुने कुराहरू पनि दिइएको छ । जसले गर्भवती महिलामा पार्न सक्ने असरहरू घटाउन सकिन्छ । अभ्यास तीनमा शब्दहरू दिएर खाली ठाउँमा भर्नको लागि अभ्यास दिइएको छ । यसले गर्दा सिकारुमा थप ज्ञानको पुनः अभ्यास हुन्छ । अभ्यास चारमा गर्भावस्थामा देखिने खतराका चिन्हहरू दिइएका छन् । त्यसको जानकारीले महिलाहरु सचेत हुन सहयोग मिलेको छ ।

अभ्यास पाँचमा अगाडिको अभ्यासमा सिकाइएको व्याजको पुनः अभ्यासका लागि हिसाब दिइएको छ । जसले पुनः स्मृतिका लागि सहयोग पुऱ्याएको देखिन्छ ।

### ४.२.१६ प्राणघातक एच. आई. भी. एड्स (पाठ ३४)

### ४.२.१६.१ पाठ्यक्रम अनुरुपता

पाठको सुरुमा सहरिया वातावरणमा सुचना वोर्डको चिन्ह चित्र प्रस्तुत गरि घटना विवरण पढ्नुहोस भन्नु भाषिक दृष्टिकोषले गलत देखिन्छ । यसमा चित्र अवलोकन गर्नु भन्नु राम्रो देखिन्छ । कमला र केशब दुईजना बसबाट यात्रा गर्दा एड्सबारे आजैदेखि कुरा गरौं भन्ने सुचना वोर्ड धेरै ठाउँमा देखे त्यो विषयमा उनीहरुलाई थाहा नभएकोले फुपूकी छोरी अनुजाले राम्ररी एच.आई.भी.एड्स सम्वन्धमा बुझाइदिएको विषयवस्तु उल्लेख छ । एड्सबाट बच्ने अनि त्यसका बारेमा जानकारी दिने उद्देश्यले यो पाठ साक्षरोत्तर कार्यक्रममा समावेश गरिनु समय सापेक्ष छ । प्रौढमहिलाहरू यस विषयमा संक्षम र जानिफकार हुनु पर्ने हुँदा यो विषय बढी उपयुक्त खालको  देखिन्छ । नेपालमा २०६० सालको अन्त्यसम्मा ६० हजार मानिस यसको सङ्क्रमणमा परेका छन् । झन्डै दुई हजार ५ सय एड्स लागेर मृत्यु भएको जानकारी दिइएको छ । प्रौढमहिलाहरुका लागि मात्र नभएर देशका कतिपय मान्छेहरुलाई एड्स सम्बन्धमा थाहा नहुँदा यस्तो पाठ्यविषयको प्रयोग गरिनु उचित हो । तर पनि तीन जना व्यक्तिहरुको सामान्य कुराकानीले मात्र प्राणघातक रोग एच.आई.भी.एड्स  सम्वन्धी पूर्ण जानकारी दिएको देखिन्न । यो रोग के हो ? कसरी सर्छ ? के गर्दा सर्दैन ? रोग लागेको व्यत्तिहरुसँग कस्तो खालको व्यवहार गर्नु पर्छ ? भन्ने विषयवस्तुको पाठमा कमी देखिन्छ ।

### ४.२.१६.२ शैक्षणिक उपयोगिता

पाठका आधारमा तीनवटा प्रश्न सोधिएको छ । ती प्रश्न पाठ्यविषयसँग मिल्दो देखिन्छन् । अभ्यास दुईमा बुझेका कुरा कापीमा लेख्न भनिएको छ । तीनमा कमला र केशवले भनेका कुरा छोटकरीमा दिइएको छ । यसमा एच. आइ. भी. एड्स सम्वन्धमा महिलाहरूका लागि खास समस्या भनेको महिलाहरूले आफूलाई एच. आइ. भी सङ्क्रमणबाट कसरी बचाउने ? भन्ने शिक्षा दिइएको छ । याद गर्नुहोस् भनेर यौन रोग लागेर दुःख पाउनु भन्दा यौन रोग लाग्नै नदिनु बुद्धिमानी हो भन्ने कुरा सिकाइएको छ । यौन रोग लागेमा बाझोपन हुन सक्ने, पडिा हुने, बच्चालाई यौन रोग सर्न सक्ने र पुरुष महिला दुवैलाई एड्स सर्ने सम्भावना बढाउने कुरा छ । अभ्यास चारमा यौनरोग सम्बन्धी पाँचवटा प्रश्न दिइएको छ । ती प्रश्न उपयुक्त र स्तरयुक्त देखिन्छन् । अभ्यास पाँचमा यौनरोग लागेमा महिला तथा

पुरुषमा देखा पर्ने जटिलताका बारेमा एक अनुच्छेद लेख्न भनिएको छ । अभ्यास ६ मा कन्डमको आत्मकथा दिएर अभ्यास सातमा कथाका आधारमा चारवटा प्रश्न निर्माण गरिएको छ । यसले बोध क्षमताको विकास गराउने क्रममा शिक्षण प्रक्रियामा उपयोगी देखिन्छ । अभ्यास आठमा अगाडिका अभ्यास पुर्नः अभ्यास गराउने उद्देश्यले घण्टा मिनेटका बारेमा हिसाब दिइएको छ । यसरी अभ्यासहरूलाई स्तरीय। क्षमता अनुकूलका देखिन्छन् ।

### ४.२.१७ नर्सरी र आम्दानी (पाठ ३५)

### ४.२.१७.१ पाठ्यक्रम अनुरुपता

महिलाहरूको विकासका लागि मध्यम तहको पाठ्यक्रमले विविध विषयलाई समेटेको छ । जसमा नर्सरीबाट गर्न सकिने आम्दानीका बारेमा चित्रात्मक प्रस्तुति गरिएको देखिन्छ । आठ वटा प्रश्नहरू सम्वन्धमा चित्र अवलोकन पछि छलफल गर्ने प्रश्नहरु सोधिएका छन् । ती आठ वटा प्रश्नले सबै कुरा समेट्न खोजेको छ तर प्रश्नको उत्तर चित्रबाट सजिलै पाउन सकिदैंन । नर्सरी लगाऔ आम्दानी बढाऔँ पाठ शीर्षकमा ६ वटा अनुच्छेद लेख लिएको छ । यस अनुच्छेदमा नर्सरी बनाउँदा ध्यान दिनुपर्ने कुरा बुँदागत रूपमा दिइएको छ । जसले गर्दा नर्सरी तर्फ व्यक्तिलाई बुझ्न सहज भएको देखिन्छ । पारिवारिक र सामाजिक स्थिति सुदृढ र सबल बनाउने उद्देश्यले नर्सरी र आमदानी शीर्षक पाठमा समावेश गरिएको छ । साक्षरोत्तर शिक्षा हासिल गरेका प्रौढमहिलाहरूको लागि नर्सरी र आमदानी पाठ उपयोगी देखिएपनि पाठको प्रस्तुतीकरणले शिक्षार्थीहरु अलमलमा पर्ने स्थिति देखिन्छ ।

### ४.२.१७.२ स्थिति सापेक्ष्यता

साक्षरोत्तर महिलाहरूको स्तर र क्षमता अनुकूल पाठ प्रस्तुत भएको देखिन्छ । गाउँघर, समाजमा गरेको विरुवा सम्बन्धी कामका आधारमा त्यसलाई नयाँ तरिकाले नर्सरी के हो किन गर्ने विषय प्रस्तुत छ । त्यसैले स्तर क्षमताका आधारमा पाठ उपयुक्त देखिन्छ । पाठ्यक्रमले तोकेको महिला विकास, अर्थोपार्जन र कृषि विकासको क्षेत्रको उपक्षेत्रमा यसका बारेमा उल्लेख गरेको देखिदैन । पाठ्यक्रमले तोकेको विषयप्रसङ् भन्दा अलिक भिन्न खालको यस पाठमा विभिन्न विषय वस्तुको प्रस्तुतीकरणले उपयोगी देखिन्छ । पाठ्यक्रमको विषयक्षेत्रसँग सम्बन्धित हुँदाहुँदै पनि कृषि तथा आय आर्जनसँग यो पाठसम्बन्धित रहेको प्रष्ट हुन्छ ।

### ४.२.१७.३ शैक्षणिक उपयोगिता

अभ्यास एकमा के का  लागि नर्सरी बनाउने ? किन बनाउने ? बजारको माग कस्तो छ ? भनेर  आफैले एउटा फारम तयार गरि विवरण तयार गर्न दिइएको छ । अभ्यास दुईमा तीन वटा चित्रहरू दिइएको छ । ती चित्रहरू हेरेर आफूलाई लागेका कुरा लेख्न भनिएको छ । त्यस अभ्यासले लेखाइ सीपलाई बढी जोड दिएको देखिन्छ । अभ्यास तीनमा जडीबुटी नर्सरी व्यवस्थापन तालिम शीर्षकमा एउटा पत्रिकामा छापिएको र त्यस सम्वन्धमा छलफल गर्न लगाइएको छ । अर्को शीर्षकमा साक्षरता कक्षाले हजूरआमालाई डोऱ्यायो शीर्षकमा पाँच अनुच्छेदको लेख दिइएको छ । त्यसपछाडि अभ्यास चारमा चारवटा प्रश्नहरू दिइएका छन् । जती प्रश्नले माथिका अनुच्छेदलाई पर्याप्त मात्रामा समेटेको देखिन्छ । अभ्यास पाँच लेख्नु पर्ने ठाउँमा गल्ति देखिन्छ । जसमा चार नै उल्लेख गरिएको छ । पाँच र छ दुई अभ्यासमा गणितिय ज्ञानका लागि हिसावहरु प्रस्तुत गरिएका छन् । जुन अभ्यासले महिलामा गणितीय सीप हासिल गराएको छ कि छैन ? भनी स्पष्ट गरेको  देखिन्छ । समग्रमा अभ्यासहरु एक लेख अथवा रचनासँग सम्वन्धित छन् । ती लेख रचनाहरु पाठ शीर्षकसँग मेल नखानेखालका पनि देखिए जसले सिकाई प्रकृया निश्चित धारतर्फ वग्न नसेको  स्थिति देखिन्छ । यस पाठ्यपुस्तकमा प्राय जसो चित्रको माध्यम बाट शिक्षण गरेको देखियो यसले सही ज्ञान र सिप हासिल हुने कुरा निश्चित गर्दैन ।

## ४.३ छनोट स्तरणका आधारमा गाउँबेसी भाग दुई

छनोट भन्नाले पाठ्याशंले कस्ता अंशहरू के कति मात्रामा सामवेश गर्ने भन्ने बुझिन्छ । स्तरण भन्नाले कुनै पनि वस्तुको महत्व, मूल्य आदि निर्धारण गर्ने काम हो भने छनोट भन्नाले राज्ने, छान्ने वा केलाउने कार्य हो । पाठ्यपुस्तकमा रहेको स्तरण भन्नाले पाठ्यक्रमले निर्धारण गरेको क्षेत्रमा छनोट गरिएका विषयवस्तुलाई कसरी शिक्षण गर्ने भन्ने कुरासँग सम्बन्धित विषय हो । [45]

भाषाको शब्द भण्डार असीमित छ । विद्वानहरूले पनि सम्बन्धित भाषाका प्रत्येक क्षेत्रमा प्रचलित शब्द तथा प्रयुक्त दोस्रो भाषाभाषी साक्षरोत्तर महिलाहरूलाई एकै प्रकारको शिक्षण गर्न सकिदैन भनेका छन्  । तत्काल जुनकुरा सिकाइन्छ त्यो जीवनमा तुरुन्तै प्रयोग हुने खबलके हुनुपर्छ । महिलाहरूको व्यवहारमा नआउने खालको विषयवस्तु सिकाइन्छ । यो

45 डंगोल र दाहाल पाठ्यक्रम पाठ्यपुस्तक पद्धति (२०५३) पृष्ठ ३७

स्तरमा अर्थहिन हुन्छ । त्यस्ता खालको विषयलाई राम्रो ठानिदैन । एक पटक ग्रहण गरेका कुरा पुनः दोहोऱ्याउने रुचिका नहुन सक्छ र समय र लगानी व्यर्थ हुन जान्छ । यही कुरालाई ख्याल गरी पाठ्यपुस्तकमा विभिन्न विषयवस्तु छनोट गरिन्छ । पाठ्यपुस्तकमा विभिन्न विषयवस्तु समावेशका लागि छनोट गरिन्छ । गाउँबेसी भाग दुईमा पनि कहाँ कति र कसरी शब्दभण्डार वा विषयवस्तु राख्ने वा प्रयोग गर्ने भनी छनोट गरिएको छ । यसरी छनोट भएका विषयवस्तुलाई व्यवयित अनुक्रममा प्रौढ महिलाहरूको रुचि, आवश्यकता, स्तर, उमेर र पूर्वज्ञानका आधारमा स्तरण गरिन्छ । स्तरण गर्दा जहिले पनि सरलबाट जटिलतिर प्रत्यक्षबाट अप्रत्यक्षतिर, ज्ञातबाट अज्ञाततिर जाने किसिमले गर्नुपर्छ । छनोट गरिएको विषयवस्तुलाई स्तरण गर्न सकिएन भने पाठ्यक्रमको उद्देश्य पुरा हुन सक्दैन ।

### ४.३.२ गाउँबेसी पाठ.यपुस्तकमा राखिएका विषयवस्तुको छनोट

साक्षरोत्तर शिक्षा कार्यक्रम भएपनि शब्द भण्डार बढाउने कुरालाई विशेष जोड दिइको देखिन्छ । वर्णात्मक र व्याकरणात्मक संरचना बनाउने दृष्टिले उक्त कक्षाहरूमा शब्दभण्डारको मात्रामा न्यूनता रहनु आवश्यक छ । जब विविध खालका विषयवस्तुको समावेश पाठ्यक्रममा गरिन्छ  तब शब्द भण्डारको मात्रा पनि क्रमशः बढाउदै लैजानु राम्रो हुन्छ ।

विषयवस्तुको छनोट गर्दा गाउँबेसी भाग एक लाई आधार मानी भाग २ मा विषयवस्तु र भाषाको प्रयोग गरिएको छ । शब्द भण्डारका दृष्टिले एकैचोटि उच्च खालका शब्दहरुको प्रयोग गरिएको छ जस्तै रबर चुरा (रिङ्गपेशरी) यही आधारमा स्तर नमिल्दो देखिन्छ । साधारण जानकारी दिदां दिदैं एकै चोटि माथिल्लो स्तरका शव्द प्रयोग गरिएकाले स्तरीयतालाई ख्याल नगरी पाठ्यपुस्तकमा निर्माण देखिन्छ । यस पाठ्यपुस्तकमा शिक्षण गर्ने आधार स्पष्ठ रूपमा दिइएको छैन । तह स्तर र क्षमता अनुसार हेर्दा क्रमिक रूपमा स्तर बृद्धि भएको देखिदैन ।

### ४.३.३ गाउँबेसी पाठ्यपुस्तकको विषयवस्तु स्तरण

स्तरण भन्नाले छनोट गरिएका उखानटुक्काहरूलाई पाठमा वा शब्द भण्डारमा मिलाएर राख्नु हो । शिक्षार्थीहरू निर्धारित उद्देश्यहरूलाई उच्चतम प्रभावकारिताका साथ पुरा गर्न सक्षम होउन् भन्ने हेतुले नै स्तरण गरिनुपर्ने हुन्छ । छनोट भएका पाठ्यवस्तुहरूलाई

व्यवस्थित अनुक्रममा सङ्गठित गर्नु नै स्तरण भएकाले शिक्षणसँग यसको अझ निकट सम्बन्ध रहन्छ । यसलाई श्रृंखलावद्धरुपमा राखिनुपर्छ । यसरी हेर्दा गाउँबेसीको अगाडिका दश वटा पाठमा अभ्यास व्यापक प्रभावकारी देखिन्छ । गणितको सामान्य जानकारी सम्बन्धी पाठ नराखी अभ्यासलाई मात्र जोड दिएकोले स्थानान्तरण व्यवस्थित देखिदैंन । पाठगत् रूपमा घरपरिवार सम्बन्धी ज्ञान भएका पाठ अगाडि र त्यसभन्दा पछिका पाठ पछाडि राख्नु पर्नेमा त्यस्तो क्रमबद्धता मिलेको देखिदैन । प्रश्न निर्माणमा प्रक्रियागत स्वरुप मिलेका छैनन् । ठीकबेठीक, जोडा मिलाउने खालका अभ्यास समावेश छैनन् । शब्दभण्डारगत र भाषाको सीप हासिल गर्ने आधारमा पनि स्तरणगत आधार कम देखिन्छ ।

# परिच्छद पाँच

## ५. अनौपचारिक शिक्षा कक्षा सञ्चालन

### ५.१ पृष्ठभुमी

अनौपचारिक शिक्षा कक्षा सञ्चालन गर्ने गराउने भनिएको ललितपुर सातदोबाटो स्थित प्ररणा पहिला माध्यामिक विद्यालयमा जि.शि.का.बाट प्राप्त कोटा अनुसार मात्र कक्षा सञ्चालन गरेको पाईयो । वि. सं. २०५५ साल बैशाख १५ गते बाट स्थापना भएको यस विद्यालयमा हाल आएर औपचारिक शिक्षा कक्षा सञ्चालन गरेको देखिन्छ । यस अर्थमा यस विद्यालयका विद्यार्थीहरु प्रौढहरु नै हुन तर प्रौढहरुलाई नै अनौपचारिक शिक्षा प्रदान गरेको देखियो । यस विद्यालयमा विद्यालयको उद्देश्य र लक्ष्य अनुरुप देशको ५०% भन्दा बढी जनर्सख्याको प्रतिनिधित्व गर्ने महिला निरक्षाहरु प्रति लक्ष्यित गरेर शिक्षा प्रदान गरिए पनि अनौपचारिक शिक्षाले खासै प्रभावकारी भूमिका खेल्न नसकेकोले सरकारी स्तरको औपचारीक शिक्षा नै लागू गरिएको कुरा शिक्षिका प्रभा चालिसे बताउनुहुन्छ । अनौपचारिक शिक्षा आफैमा राम्रो हो तर यसलाई निरन्तरता दिन नसक्दा अपुरो र अधुरो देखिने कुरा पनि श्रीमती चालिसे वताउनु हुन्छ । यस विद्यालयको कुरा गर्नुपर्दा खास गरेर जुन महिलाहरु घरेलु हिसां,दन्ध्व पिडित, शोषित, दमित विभिन्न भाषा भाषी जनजाती तथा दलित र उत्पिडित भएर पनि शिक्षाको उज्यालो घामवाट वञ्चित रहेका छन् ती महिलाहरुको लागि यो विद्यालय स्थापना भएको देखिन्छ । यस विद्यालयले पढ्ने ईच्छा हुदा हुदै विविध कारणले पढाई छुटेका र पढन नपाएका १४ वर्ष भन्दा माथिका महिलाहरुका लागि, सवल र समुन्नत देशको निर्माण कार्यमा महिलाहरुको अग्रसरतालाई लक्षित गर्दै विद्यालयलाई नै केन्द्रविन्दु वनाई शिक्षा स्वास्थ्य, जनचेतना, कानुनी, साक्षरता, बाल अधिकार र महिला अधिकार सम्बन्धी र आयमुलक अतिरिक्त शिक्षा प्रदान गरिने उद्देश्य र लक्ष्य लिएको देखिन्छ ।

### ५.२ विद्यालयको कक्षा सञ्चालन अध्ययन

महिला सशक्तिकरण सस्थांद्वारा शुरुमा १ देखि ५ कक्षासम्म स्वीकृत गराईएको यो विद्यालय गैरसरकारी  नाफारहित विद्यालयमा ४ जना संस्थापकहरु रहेका छन् । विद्यालयमा औषत ६०० देखि ६४० को हाराहारीमा महिला विद्यार्थीहरु अध्ययनरत छन् । विद्यालयमा विहान ६ बजे देखि ११ वजे सम्म र ११ वजे देखि ४ वजे सम्म कक्षा सञ्चालन हुने र सात पिरियड नै कक्षा सञ्चालन हुने कुरा पनि शिक्षिका प्रभा चालिसेवाट जानकारीमा आएको

छ । विद्यालयमा ६ पटक सम्म परीक्षा सञ्चालन हुने तर सानो कक्षाका प्रौढ महिलाहरुलाई उनिहरुको क्षमता र स्तर सुहाउदो कक्षा चढाउने प्रक्रिया पनि यस विद्यालयमा पाईयो । विद्यालय निरीक्षणको हकमा पहिले धेरै चासोका साथ निरीक्षकहरु आउने हाल यस प्रक्रियामा कमी आएको कुरा पनि श्रीमति चालिसेले वताउनु भयो ।विद्यालयमा प्रयोग गरिएका पाठयपुस्तकहरु सवै नेपाल सरकारको ज.शि. के .बाट उपलब्ध देखिए । श्रीमती चालिसे भन्नुहुन्छ "अनौपचारिक शिक्षा पाठ्यपुस्तकहरु मध्ये महिला शिक्षा निकै उपयोगी पाठ्यपुस्तक हो , जसमा व्यवहारिक ज्ञान सीप र उपलव्धिपूर्ण पाठ्यबस्तुहरु छन् । अन्य भागहरुको विकास र परिमार्जनमा भनि निरन्तरता दिन सकेको खण्डमा । यस विद्यालयमा शैक्षिक सामग्रीको स्थिति पनि राम्रै देखियो । १४ देखि ६५ वर्ष उमेर समुहका महिला प्रौढहरुका लागि यस विद्यालयबाट प्रदान गरिने शिक्षा व्याहारिक र उपलब्धिपुर्ण देखिन्छ । शिकारुको सिकाइ क्षमतालाई ध्यानमा राखेर अध्ययन अध्यापन विधि अंगाल्ने कुरा पनि श्रीमति चालिसे वताउनु हुन्छ, थप जे को विरामी हो जुन रोगको विरामी हो त्यसै अनुसार औषधी प्रदान गर्नुपर्छ भन्ने मान्यता पनि श्रीमती चालिसे वताउनु हुन्छ । विद्यार्थीका लागि आवश्यक पाठ्यसामाग्रीहरु विद्यार्थी आफैंले ब्यवस्था गर्नु पर्ने र यहाँबाट पढाइ पूरा पूरा गरिसकेका विद्यार्थीहरु कुन कार्यमा संलग्न छन् ? भन्ने कुरामा अनविज्ञ रहेको पनि बताउनु हुन्छ । विद्यार्थीहरुको भर्ना प्रक्रियामा लाग्ने दस्तूरहरुमा १-५ कक्षा सम्म रु. ५००।-, ६ देखि माथि १००० र मासिक शुल्क रु. ३००।- लाग्ने कुरामा पनि शिक्षालाई उमेरले छेक्दैन भन्ने पत्रिकाबाट थाहा भयो ।

## ५.३ विद्यालयमा अध्ययनरत छात्राहरुको अध्ययन प्रक्रिया सम्बन्धी अध्ययन

यस विद्यालयमा १४-६५ बर्ष उमेर समूहका प्रौढ महिलाहरु रहेको देखियो । पेशाले विभिन्न खालका काम गर्नु पर्ने भए पनि, यस विद्यालयमा आइसकेपछि विभिन्न उद्देश्य र लक्ष्यहरु लिएर अगाडि बढ्ने कुरा स्थायी घर भएका महिला प्रौढ लक्ष्मी महर्जन बताउनु हुन्छ । पढाईमा श्रीमान तथा छोरा छोरीको ठूलो सहयोग पाएको श्रीमती लक्ष्मी महर्जन यो पढाइलाई जसरी भए पनि निरन्तरता दिने कुरा बताउनु हुन्छ । यस विद्यालयको अध्यापन प्रक्रिया सम्बन्धी केही गुनासो छैन, समय अनुकूल छ भन्दै यहाँ पढ्न थाले पछि मैले धरै कुरा सिकें जानें बुझें पनि भन्नु हुन्छ ।

प्रायः जसो प्रौढ महिलाहरु समोउमेरमा औपचारिक शिक्षा लिइएको तर विभिन्न घरायसी कारणबश विद्यालय छोड्नु परेकाले यस विद्यालयमा आएर अध्ययन गर्नु परेको स्थिति देखिन्छ

जे होस् शिक्षालाई उमेरले छेक्दैन भन्ने मूल नाराका साथ अघि बढेको यस प्रोरणा माध्यमिक विद्यालयले प्राथमिक तह, नि.मा. तह र माध्यमिक तह सम्मको कक्षा सञ्चालन गराएर महिलाहरुलाई अग्रसर तुल्याउन ठूलो भूमिका निर्वाह गरेको देखिन्छ । यहाँका प्रौढ महिलाहरु पनि त्यतिकै जोश र जाँगरका आफ्नो अध्ययन प्रक्रियालाई निरन्तरता दिन लागि परेका छन् । यो जोश जाँगर प्रति साथै विद्यालयको उद्देश्य र लक्ष्यले युगौं युग सम्म निरन्तरता पाओस् भन्ने शुभकामना ।

निचोडमा विद्यालयले यस उमेर समूहका विद्यार्थीहरुलाई औपचारिक शिक्षा प्रदान गर्नु सह्रानीय देखिन्छ । यसमा कति समस्या त विद्यालयले पनि भ्फेल्नु परिराखेको होला त्यो आफ्नो ठाउँमा छ । तर पनि खास उमेर समूहका प्रौढ महिलाहरुका लागि खास पाठ्यपुस्तकको आधारमा व्यवहारिक उपलब्धीमूलक ज्ञान सीप र आय आर्जनको बाटोमा साथै दैनिक जीवनमा देखा पर्ने महिला समस्या समाधानको बाटोमा लाग्ने खालको शिक्षा प्रदान गरे राम्रो हुने थियो । यस अर्थमा अहिले भै राखेको क्रियाकलाप नराम्रो भने चाँहि होइन, जीवनोपयोगी शिक्षा प्रदान गर्नु पर्ने अवस्थाले गर्दा यी महिलाहरुका हरेक समस्यालाई समाधान गर्नु आवश्यक ठहर्दछ की ?

# निष्कर्ष तथा सुझाव

१. निस्कर्ष :

(क) पाठ्यपुस्तकमा प्रत्युक्त पाठहरुले प्रयोगात्मक र व्यवहारिक पक्ष भन्दा सैद्धान्तिक पक्षलाई बढी जोड दिनु,

(ख) पाठ्यक्रम र पाठ्यपुस्तकको विषयबस्तुका निम्ति तोकिएको निर्धारित समय छोटो देखिनु,

(ग) अनौपचारिक शिक्षा कार्यक्रमहरु एक अर्कामा अर्न्तसम्बन्धित नदेखिनु,

(घ) पाठहरुको विविधताका कारण शिक्षार्थीहरुमा बिर्सने बानी देखा पर्नु,

(ङ) अनौपचारिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माणमा निकटपन नदेखिनु,

(च) पाठ्यपुस्तकमा समोवेश गरिएका अभ्यासमा राखिएका प्रश्नहरु लामा र दूर्वोध्य खालका देखिनु,

(छ) पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरु पृथक र फरक ढंगबाट प्रस्तुत नहुनु,

(ज) पाठ्यक्रममा गणितीय सिपको उल्लेख नभई पाठ्यपुस्तकमा मात्र अभ्यासको अन्त्यमा गणितीय अभ्यासको उल्लेख हुनु,

२. सुझाव :

(क) पाठ्यक्रम तथा पाठ्यपुस्तकमा भाषिक सिप सिकाई विकासका निम्ति छुट्टै अभ्यासहरु प्रस्तुत हुनु पर्ने,

(ख) पाठ्यक्रमका हिसाबले अटाउन सक्ने विषयबस्तुलाई व्यवाहारिकतामा बढी जोड दिनु पर्ने,

(ग) पाठहरुमा प्रयोग भएका कठीन शब्दहरुलाई सरल शब्दमा ढालिनु पर्ने,

(घ) साक्षरताका विभिन्न तहहरुको राष्ट्रिय परिभाषा तयार गरी हरेक तहको औपचारिक शिक्षा समस्तरता तोकिनु पर्ने,

(ङ) पाठ्यपुस्तकमा देखिएका अभ्यासहरुको प्रश्नहरुलाई छोटो छोटो बनाउनु पर्ने,

(च) बाल शिक्षा तर्फ पहिलो र दोस्रो चरणको पाठयक्रम निर्धारण गरी अनौपचारिक शिक्षासँग समस्तरता तोक्नु पर्ने,

(छ) साक्षरताका विभिन्न तहहरुको समस्तरता तोक्नु पर्दा यसको आधारभूत तहलाई प्राथमिक शिक्षाको कक्षा ३ र मध्यम तहलाई कक्षा ५ सोसरह मान्नु पर्ने देखिन्छ ।

(ज) अनौपचारिक शिक्षाका प्रोढ साक्षरता र बालाशिक्षा दुवैको पाठ्यक्रम निर्माण गर्दा त्यसका मूलभूत तत्वहरु समावेश गरिनु पर्ने ।

(झ) स्वाध्ययन तहमा लक्ष्यित समुहका चाख र आवश्यकता अनुसार सघन पाठ्याँशहरु तयार पारी नियमित कक्षा, दुर शिक्षा, पत्राचार, पाठयाशँ, अध्ययन केन्द्रहरु आदि विभिन्न माध्यमहरु मार्फत अध्ययनमा निरन्तरता रहने मौका प्रदान गरिनु पर्ने देखिन्छ ।

(ञ) प्रौढ साक्षरताका विभिन्न तहका र बालशिक्षाका दुवै चरणबाट आएका शिक्षार्थीहरुलाई प्रवेश परीक्षा लिई औपचारिक कक्षामा सामेल हुन पाउनु पर्ने प्रावधान राखिनु पर्दछ ।

(ट) औपचारिक, अनौपचारिक तथा प्राविधिक शिक्षामा अर्काबीच आदनप्रदान गर्न सजिलो होस् भन्ने हेतूले प्रारम्भिक स्तर देखि उच्च स्तर सम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण संरचनामा लचिलोपना राख्नु पर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

(क) अधिकारी हेमाङ्गराज, **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार २०५३ ।

(ख) अनौपचारिक शिक्षा केन्द्र, **साक्षरता पाठ्यक्रम**, भक्तपुर : २०५४ ।

(ग) अनौपचारिक शिक्षा केन्द्र, **साक्षरता अनुगमन प्रतिवेदन**, भक्तपुर : २०६३ ।

(घ) अनौपचारिक शिक्षा केन्द्र, **सबैको लागि शिक्षा, विश्वशिक्षा**, भक्तपुर, सन् २००६ ।

(ङ) खनाल, चिरन्जीवी, **शिक्षा ऐन नियम**, काठमाण्डौं : पैरबी प्रकाशन २०५९ ।

(च) प्रज्ञाभवन कमलादी, **राष्ट्रिय भाषा नीति तथा सुझाव आयोग**को प्रतिवेदन, काठमाण्डौं : २०५० ।

(छ) बराल देवकुमार र साथीहरु, **विद्यालय निरिक्षक प्रतियोगिता दिग्दर्शन**, काठमाडौं २०६० ।

(ज) वाग्ले मनप्रसाद र अन्य, **शिक्षाको प्रारम्भिक परिचय**, काठमा.डौं : २०५६ ।

(झ) वाग्ले, मनप्रसाद र अन्य, **शिक्षा,** भक्तपुर : २०५७ ।

(ञ) शिक्षा तथा खेलकुद मन्त्रालय, **अनौपचारीक शिक्षा केन्द्र एक चिनारी**, भक्तपुर २०६३ ।

(ट) शिक्षा तथा खेलकुद मन्त्रालय, **नयाँ गोरेटो पहिलो पाईला**, भक्तपुर : २०६३ ।

(ठ) शिक्षा तथा खेलकुद मन्त्रालय, **नयाँ गोरेटो दोस्रो पाईला**, भक्तपुर २०६३ ।

(ड) शिक्षा तथा खेलकुद मन्त्रालय, **गाउँबेसी भाग एक**, भक्तपुर : २०६३ ।

(ढ) शिक्षा तथा खेलकुद मन्त्रालय, **गाउँबेसी भाग दुई**, भक्तपुर : २०६३ ।

(ण) श्रेष्ठ, वुनु र अन्य **साक्षरता विशेषाङ्क**, अनौपचारिक शिक्षा केन्द्र भक्तपुर २०६३ ।

# परिशिष्ट

मिति : २०६६-०३-१४

श्रीमान् विद्यालय प्रमुख ज्यू
प्रेरणा महिला माध्यमिक विद्यालय,
सातदोबाटो ललितपुर ।

विषय : आवश्यक समय उपलब्ध गराई दिने बारे ।

उपरोक्त सम्वन्धमा औपचारिक शिक्षा क्षेत्रमा  मास्टर्स तहको परीक्षा उर्त्तीण गर्नको लागि शोध पत्र तयार गर्नु पर्ने भएकोले नेपाली शिक्षा विषय अन्तर्गत “अनौपचारिक शिक्षा पाठ्यक्रममा निर्धारीत पाठ्यपुस्तक गाउँवेसी भाग २ को विश्लेषणत्मक अध्ययन शीर्षक छनौतमा परेकोले यहाँको विद्यालयमा सञ्चालित अध्ययन अध्यापन प्रक्रिया तथा अन्य स्थितिको बारेमा जानकारी गराई दिनुहुन अनुरोध गर्दछु ।

शोधकर्ता

राजेन्द्र राई
महेन्द्र रत्न क्याम्पस
ताहाचल, काठमाण्डौं ।

## विद्यार्थीको प्रश्नावली

विद्यार्थीको नाम : ..................................................................

स्थायी ठेगाना : .............................. कक्षा .......... उमेर ............

(क) यस विद्यालयमा कति वर्षको उमेरबाट पढ्न थाल्नु भयो ?

............................................................................................................

(ख) बाल्य अवश्थामा औपचारिक शिक्षा पाउनु भयो कि भएन ?

............................................................................................................

(ग) बाल्य अवश्थाको पढाई किन छोड्नु भयो ?

............................................................................................................

(घ) यस विद्यालयमा कोबाट पढ्ने हौसला पाउनु भयो ?

............................................................................................................

(ङ) पेशाले तपाई के हुनुहुन्छ ?

............................................................................................................

(च) तपाईलाई यस विद्यालयको पढाइ समय अनुकूल छ कि छैन ?

............................................................................................................

(छ) घरमा कति समय दिएर अध्ययन गर्नुहुन्छ ?

............................................................................................................

(ज) तपईको लागि आवश्यक पाठ्यपुस्तक र पाठ्य सामाग्री कोबाट उपलब्ध छ ?

............................................................................................................

(झ) पढाईको अन्त्यपछि तपाई के गर्न चाहनुहून्छ ?

............................................................................................................

(ञ) पढाईको सन्दर्भमा कुनै समस्या छ कि ? छ भने

............................................................................................................

(ट) पढाइ खर्च कसरी व्यवस्थापन गर्नुहुन्छ ?

............................................................................................................

(ठ) यस विद्यालयको शिक्षा व्यवहारिक छ कि छैन ?

............................................................................................................

## शिक्षक प्रमुख प्रश्नावली

(क) विद्यालय स्थापना कहिले भयो ?

...............................................................................................................

(ख) विद्यालय निजी, सरकारी, अर्धसरकारी, गैरसरकारी मध्ये के हो ?

...............................................................................................................

(ग) विद्यालय कोबाट सञ्चालित छ ?

...............................................................................................................

(घ) विद्यालयको जम्मा विद्यार्थी संख्या कतिः

कक्षा - १ ...................

कक्षा - २ ...................

कक्षा - ३ ...................

कक्षा - ४ ...................

कक्षा - ५ ...................

कक्षा - ६ ...................

कक्षा - ७ ...................

कक्षा - ८ ...................

कक्षा - ९ ...................

कक्षा - १० ...................

(ङ) महिला विद्यालर्थीहरुलाई मात्र किन शिक्षा दिइएको ?

...............................................................................................................

(च) दिनमा कति पिरियड कक्षा सञ्चालन हुन्छ ?

...............................................................................................................

(छ) कति बजे देखि कति बजेसम्म कक्षा सञ्चालन हुन्छ ?

...............................................................................................................

(ज) वर्षमा कतिपटक परीक्षा सञ्चालन गर्नुहुन्छ ?

...............................................................................................................

(झ) विद्यालय निरीक्षण गरिन्छ या गरिँदैन ?

..........................................................................................................

(ञ) विद्यालयमा अनौपचारिक शिक्षाको कस्ता कस्ता पाठ्यपुस्तकहरु प्रयोगमा छन् ?

..........................................................................................................

(ट) पाठ्यपुस्तकहरु कहाँबाट उपलब्ध छन् ?

..........................................................................................................

(ठ) शैक्षिक सामग्रीहरुको स्थिति कस्तो छ ?

..........................................................................................................

(ड) यस विद्यालयमा कुन उमेर समूहका महिलाहरु बढी छन् ?

..........................................................................................................

(ढ) व्यवाहारिक र उपलब्धिमूलक शिक्षाको स्थिति कस्तो छ ?

..........................................................................................................

(ण) विद्यालयमा कुन अध्ययन विधि अपनाइएको छ ?

..........................................................................................................

(त) अध्ययन प्रक्रिया कतिको सबल छ ?

..........................................................................................................

(थ) औपचारिक शिक्षासँगको समस्तरता तोक्ने आधार के के छन् ?

..........................................................................................................

(द) बिद्यार्थीका लागि आवश्यक पाठ्यसामग्री कोबाट उपलब्ध छन् ?

..........................................................................................................

(ध) पढाइ पूरा गरिसकेका विद्यार्थीहरु कुन क्षेत्रमा संलग्न छन् ?

..........................................................................................................

## १.९ शोध पत्रको रुपरेखा :

यस अनुशन्धानलाई छ, भागमा विभाजन गरिने छ । ती परिच्छेदहरुलाई विभिन्न शीर्षक उपशीर्षक सहायक शीर्षकमा विभाजन गरिएका छन् । शोध पत्रको रुपरेखा निम्नानुसार रहेको छ ।

**परिच्छेद एक :**

यस परिच्छेदमा शोधपत्रको परिचय, शोधशीर्षक, शोध प्रयोजन, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य तथा महत्व, अध्ययनको विधि र प्रक्रिया,अध्ययनको सीमा, आदिलाई समावेश गरिएको छ ।

**परिच्छेद दुई :**

यस परिच्छेदमा ऐतिहासिक परिप्रेक्ष्यमा अनौपचारिक शिक्षा, परिचय र इतिहास अनौपचारिक शिक्षाको विकासक्रम, अनौपचारिक र औपचारिक शिक्षामा भिन्नता, अनौपचारिक शिक्षाको केन्द्रको परिचय, अनौपचारिक शिक्षा केन्द्रको उद्देश्य, अनौपचारिक शिक्षा विकास केन्द्रको साँगठनिक स्वरुप, अनौपचारिक शिक्षाका प्रमूख कार्यक्रमहरु,(२.६१-२.६.८) अनौपचारिक शिक्षाको उदेश्य, नेपालमा अनौपचारिक शिक्षाको महत्व, विभिन्न आयोगको प्रतिवेदनमा अनौपचारिक शिक्षा र शिक्षा नियमावली २०५९ मा अनौपचारिक शिक्षा जस्ता शीर्षक उपशीर्षकहरु समावेश छन् ।

**परिच्छेद तीन :**

यस परिच्छेदमा नेपालमा अनौपचारिक शिक्षा अन्तर्गत स्थिति र र विकास, अनौपचारिक शिक्षा पाठ्यक्रमको ढाँचामा, आधारभुत पाठ्यक्रम, मध्ययम तहको पाठ्यक्रम स्वाध्ययन तहको पाठ्यक्रम, जस्ता उपशीर्षक सहित, अनौपचारिक शिक्षा पाठ्यक्रमको विश्लेषणत्मक अध्ययन (३.३.१ - ३.३.३), अनौपचारिक पाठ्यक्रमको मध्यम तहमा भाषिक सीप, अनौपचारिक शिक्षा अन्तर्गत महिला शिक्षा शीर्षकहरुलाई समावेश गरिएको छ ।

**परिच्छेद चार :**

यस परिच्छेदमा साक्षरता कार्यक्रम दोस्रो तहको पाठ्यपुस्तक, गाउँवेसी भाग दुईको विश्लेष्णात्मक अध्ययन पृष्ठभूमि, गाउँवेसी पाठ्पुस्तकमा राखिएका विषयवस्तुको अध्ययन, र गाउँवेसी भाग दुईमा प्रस्तुत प्रत्येक पाठहरुको (४.२.१-४.२.१७.२) भाषिक शैक्षणिक उपयोगिताको आधारमा विभिन्न उपशीर्षकहरु राखेर अध्ययन विश्लेशण गरिएको छ । साथै छनोट र स्तरणका आधारमा गाउँवेसी भाग दुई मुख्य शीर्षक अन्तर्गत, गाउँवेसी पाठ्यपुस्तकमा राखिएका विषयवस्तुको छनोट, गाउँवेसी पाठ्यपुस्तकको विषयवस्तु स्तरण जस्ता उपशीर्षकहरु समावेश छन् ।

**परिच्छेद पाँच :**

यस परिच्छेदमा अनौपचारिक कक्षा शिक्षा सञ्चालन पृष्ठभूमि, विद्यालय कक्षा सञ्चालन अध्ययन, विद्यालयमा अध्ययनरत छात्राहरुको अध्ययन प्रक्रिया सम्वन्धी अध्ययन शीर्षकहरु समावेश छन् ।

**परिच्छेद छ :**

यस परिच्छेदमा निष्कर्ष तथा सुझाव, अन्तर्गत गाउँवेसी पाठ्यपुस्तकको आन्तरिक तथा वाह्य पक्षको अध्ययन गरी समग्र शोधको निष्कर्ष प्रस्तुत गर्दै आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ । र अन्त्यमा सन्दर्भ सामग्री र शोधपत्रमा आवश्यक परिशिष्ट पनि समावेश गरिएका छन् ।

१. **सवल पक्ष :**

क) साक्षरता तह पार गरेका प्रौढ महिलाहरुलाई, स्वभिमान र स्वावलम्बन व्यक्तित्वको विकासमा सहयोग पुऱ्याउनु,

ख) पाठ्यपुस्तक गाउँवेसी भाग २ का सम्पुर्ण पाठहरु महिला उत्थान र विकासका लागि उपयुक्त विषय वस्तुको प्रयोग गरी निर्माण हुनु,

ग) अत्यन्तै पिछडिएका र विभिन्न वर्गका महिलाहरुका लागि दैनिक जीवन यापन गर्न उचित व्यवहारिक ज्ञान सीप प्रदान गर्न सक्षम देखिनु,

घ) पाठमा प्रयुक्त भाषिक र शैक्षणिक उपयोगिताका दृष्टिले पाठका पाठ्य सामग्रीहरुको सही संयोजन हुनु,

ङ) दैनिक व्यवहारिक जीवनका लागि आवश्यक पर्ने गणितीय सीपको ज्ञान आर्जनका लागि गणित अभ्यासहरुको प्रयोग हुनु,

च) समाजमा देखिएका विकृति, विसंगति र कुसंस्कारको  पहिचान गराई त्यसका विरुद्ध डटेर सामना गरी समुन्नत समाजको निर्माण गर्न गराउन सक्षम देखिनु,

२. **निर्वल पक्ष :**

क) पाठ्यपुस्तक गाउँवेसी भाग २ मा प्रस्तुत पाठहरु एक अर्कामा अर्न्तसंवन्धित नदेखिनु,

ख) पाठको सुरुवातमा चित्रहरुको प्रयोग गरी ,प्रत्येक शिक्षार्थीहरुलाई विभिन्न अडकलबाजीमा मात्र फसाउने खालको देखिनु,

ग) अभ्यासमा प्रस्तुत प्रश्नहरु दूर्वोध्य किसिमले निर्माण गरेको देखिनु,

घ) प्रश्नहरु लामा लामा देखिनु

ङ) गणित पाठको प्रयोग नै नगरी अभ्यासहरुको प्रस्तुतिमा निरन्तरता र क्रमिकता नदेखाउनु,

च) नयाँ र नौला शब्दहरुको अर्थ प्रस्तुत गर्नुमा कन्जुस्याईं गरेको देखिनु,

छ) ठाउँ ठाउँको अभ्यासमा दिईएका प्रश्नहरु विना पाठ उद्धत गरिनु,

ज)	भाषिक तथा शैक्षणिक उपयोगिताका दृष्टिले पाठहरुलाई उचित रुपमा प्रस्तुत नगरिनु,

झ)	प्रौढ महिलाहरुको क्षमता भन्दा बाहिरको विषयवस्तुको प्रयोग गरी अभ्यासहरुको निर्माण गरिनु,

ञ)	अस्पष्ट चित्रहरुको प्रयोग गरी प्रौढ महिलाहरुलाई अनावश्यक सोच तथा निष्कर्ष प्रति झुकाव राख्न अभिप्रेरित गराउनु ।